# खण्डः १

# परिचय

## १.१ पृष्ठभूमि :

मानव सभ्यताको कलंकको रूपमा रहेको मानव बेचबिखन तथा ओसारपसार आजको एक्काइसौं शताब्दिमा समेत विश्वव्यापी रुपमा फैलदो समस्या हो । यो समस्या मानव समाजमा कहिलेदेखि देखा पर्‍यो भनी एकीन गर्न गाह्रो छ । समयको अन्तरालसंगै यसको स्वरूप र आयाममा परिवर्तन हुदै आएको पाइन्छ । विशेषगरी महिला र बालबालिका तथा पुरूषहरूसमेतको यौन दासत्व,व्यावसायिक यौन शोषण, बाध्यात्मक विवाह, बाल विवाह, धर्मपुत्रधर्मपुत्रीका रूपमा शोषण, बंधुवा श्रम, बाल श्रम, बाल दासत्व, प्रक्रिया पूरा नगरी गैरकानूनी आप्रवासन, दासत्व, मानव अङ्ग प्रत्यारोपण आदिका लागि बेचबिखन हुने गरेको पाइन्छ ।

बहुआयामिक, बहुक्षेत्रगत तथा अन्तरदेशीय रुपमा रहेको मानव बेचबिखन तथा ओसारपसारको समस्या कुनै एक देश वा निकायको एकाकी प्रयासबाट समाधान हुन सक्दैन । नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ वमोजिम मानव बेचबिखन तथा ओसारपसारविरूद्धका कार्यहरूको संचालन महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको कार्यक्षेत्रभित्र पर्दछ । वि.सं. २०५२ मा मन्त्रालयको स्थापनापछि केन्द्रदेखि स्थानीय स्तरसम्मको संरचना निर्माणकासाथ चेलीबेटी र बालबालिका बेचबिखन तथा देहव्यापारविरूद्धको नीतिअनुरुप २०५६ सालमा “यौन तथा श्रम शोषणको लागि महिला तथा बालबालिका बेचबिखनविरूद्धको राष्ट्रिय कार्ययोजना” तर्जुमा गरी कार्यान्वयन गरियो । मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि दक्षिण एशिया क्षेत्रमा यो कार्ययोजनालाई पहिलो कार्ययोजनाकोरूपमा लिइन्छ । महिला तथा बालिकाहरूको बेचबिखनको जोखिमका आधारमा २६ जिल्लाहरू पहिचान गरी जिल्ला तथा गा.वि.स.स्तरीय कार्यदलहरू गठन गरिए । यस्तै केन्द्रमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको सचिवको संयोजकत्वमा सरोकारवाला निकाय तथा संघसंस्थाका प्रतिनिधिहरू सम्मिलित राष्ट्रिय स्तरको कार्यदल गठन भै महिला तथा बालिकाहरूको बेचबिखनविरुध्द विभिन्न कार्यक्रमहरु संचालन हुन थाले ।

समयको अन्तरालसंगै विभिन्न ऐन नियमहरु तर्जुमा भए । वि.सं. २०४३ मा तर्जुमा भएको चेलीबेटी बेचबिखन नियन्त्रण ऐनले समयसापेक्ष रुपमा मानव बेचबिखन तथा ओसारपसारको समस्यालाई प्रभावकारीढंगले सम्बोधन गर्न नसकेकोले वि.सं. २०६४ सालमा नयाँ मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन र २०६५ सालमा नियमावली जारी भयो । हाल कार्यान्वयनमा रहेको यस ऐन तथा नियमावलीअनुरुप राष्ट्रिय, जिल्ला तथा स्थानीय स्तरमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि स्थायी रूपमै केन्द्रमा मानव बेचबिखन तथा ओसारपसारविरूद्ध राष्ट्रिय समिति र ७५ वटै जिल्लाहरूमा मानव बेचबिखन तथा ओसारपसारविरूद्ध जिल्ला समिति गठन भै कार्यरत छन् । केही जिल्लाहरूमा वडा, गा.बि.स. तथा नगर स्तरीय स्थानीय समितिहरू गठन गरिएका छन् । मानव बेचबिखन तथा ओसारपसारको समस्या र संवेदनशीलतालाई मनन गरी यसको नियन्त्रणको लागि निरोधात्मक क्रियाकलापहरू, पीडित/प्रभावितहरूका लागि अधिकारमूखी अवधारणामा आधारित संरक्षणात्मक कार्यक्रमहरू, मानव बेचबिखन तथा ओसारपसार अपराध नियन्त्रणका लागि कानूनी कारवाही, सरोकारवालाहरूको क्षमता विकासका लागि विभिन्न तालिम तथा अभिमूखीकरण सम्बन्धी कार्यक्रमहरू एवं मानव बेचबिखन तथा ओसारपसार बिरूद्ध कार्यरत सबै सरकारी, गैरसरकारी एवं विकासका साझेदारहरूको आपसी समन्वय र सहकार्यमा जोड दिइ २०६८ मा मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी राष्ट्रिय कार्ययोजना तर्जुमा भयो । यसको प्रभावकारी कार्यान्वयनको लागि मन्त्रालयले २०७१ मा कार्यान्वयन योजना तयार गरी कार्यान्वयनमा ल्याएको छ ।

मानव बेचबिखन तथा ओसारपसार विश्वकै लागि चुनौतिपूर्ण रुपमा उजागर भैरहेको वहुआयामिक साझा समस्या हो । सरकारको एक्लो प्रयासले निराकरण नहुने भएकोले यसको लागि विभिन्न गैरसरकारी संघसंस्थाहरू, नागरिक समाज, नीजिक्षेत्र तथा विकास साझेदारहरूको समन्वयात्मक सहकार्यको आवश्यकता छ । यसैले मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको संरक्षणकालागि राज्यले आफ्नो दायित्व बोध गरी महिला, बालबालिका तथा समाज कल्याणमन्त्रालयमार्फत विभिन्न कार्यविधि, निर्देशिका तथा मापदण्डहरू वनाई उनीहरूको पुनर्स्थापना, हेरचाह, मनोसामाजिक सेवाका लागि विभिन्न सरकारी तथा गैरसरकारी संस्था तथा सञ्जालहरू र विकास साझेदारहरूको आपसी समन्वय एवं सहकार्यका आधारमा संयोजन गरी विभिन्न कार्यक्रमपहरू सञ्चालन गर्दै आईरहेकोछ ।

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले नेपाल सरकारका विभिन्न निकाय तथा गैरसरकारी संस्थाहरूबाट मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणकालागि भएका निरोधजन्य कार्यहरू, पीडित/प्रभावितहरूकालागि संरक्षणका उपायहरूकासाथै न्यायमा पहुँच दिलाउन गरिएका प्रयासहरू, बेचबिखनका पीडक तथा दलालहरूमाथि गरिएका कानूनी कारवाहीहरू, मानव बेचबिखन तथा ओसारपसारविरूद्ध प्रतिवद्ध निकायहरूको क्षमता विकास र समन्वय, सहकार्य र साझेदारितालाई टेवा पुऱ्याउने सिलसिलामा सम्पन्न भएका कार्यक्रम तथा गतिबिधिहरूकाबारे समग्रमा बिश्लेषण गर्दै आ.व. २०६८/२०६९ देखि वार्षिकरूपमा राष्ट्रिय प्रतिवेदन प्रकाशन गर्ने कार्य गर्दै आएको छ । प्रस्तुत प्रतिवेदन २०७२ श्रावणदेखि २०७३ आषाढसम्म अर्थात आर्थिक वर्ष २०७२/२०७३ भित्र मानव बेचबिखन तथा ओसारपसार विरूद्ध सम्पादन गरिएका क्रियाकलापहरूको संगालो हो ।

## १.२. मानव बेचबिखन तथा ओसारपसारको परिभाषा

मानव बेचबिखन भन्नाले कुनै पनि मानिसलाई प्रलोभनमा पारी, झुक्याई, डरत्रास देखाई शोषण गर्ने वा नाफा कमाउने उद्देश्यले सो व्यक्तिको इच्छा बिपरित जवरजस्ती कुनै पनि कार्य गर्न बाध्य तुल्याइने अवस्थाको बोध हुन्छ । विभन्नि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दस्तावेजहरूले **आधुनिक युगको दासतालाई** सारभूत रूपमा मूलतः (१) कुनै व्यक्तिलाई उनमा अन्तर्निहित हिंडडुल गर्ने स्वतन्त्रतामाथि लगाइएको बन्देजको मात्रा, (२) व्यक्तिको वैयक्तिक सम्पत्ति वा जायजेथामाथि लगाइएको नियन्त्रणको मात्रा, र (३) व्यक्तिको सूचित सहमतिको अस्तित्व र दुई पक्षबीच कायम सम्बन्धको प्रकृतिबारे पूर्ण बोध गरी मुख्यतः तीन वटा अभ्यासका आधारमा पहिचान गरिनु पर्ने कुरालाई जोड दिएको पाईन्छ । मानव बेचबिखन तथा ओसारपसारको घटनामा **(१) क्रियाकलाप** - व्यक्तिहरूलाई भर्ना, ओसारपसार, स्थानान्तरण, प्राप्त गर्नु वा आश्रय दिनु ,**(२) माध्यम** - धम्की वा शक्ति वा अरू कुनै प्रकारको बल प्रयोग गरी, कब्जा गरी जालसाजी गरी, छलछाम गरी, पदको वा जोखिमी अवस्थाको दुरूपयोग गरी वा अर्को व्यक्तिमाथि नियन्त्रण राख्न कुनै व्यक्तिको स्वीकृति प्राप्त गर्न रकम वा लाभ दिनुलिनु र**(३) उद्देश्य** - व्यक्तिको शोषण गर्नेजस्ता तीनवटा तत्वहरूको अन्योन्याश्रित सम्बन्ध रहेको पाईन्छ ।

यसरी मानव बेचबिखन तथा ओसारपसारलाई नेपालको राष्ट्रिय कानूनलगायत विभिन्न दस्तावेजहरूले निम्नानुसार परिभाषा गरेको पाइन्छ :

| परिभाषा | संवन्धित दस्तावेज | कैफियत |
|---|---|---|
| "(क) कुनै उद्देश्यले मानिस बेच्ने वा किन्ने, (ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने, (ग) प्रचलित कानूनबमोजिमबाहेक मानिसको अङ्ग झिक्ने र (घ) वेश्यागमन गर्ने ।" | नेपालको मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ (१) | |
| (क) किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने, (ख) वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाजी गरी, प्रपञ्च मिलाई, जबर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, | नेपालको मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ (२) | |

| | | |
|---|---|---|
| नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरूपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसंग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने । | | |
| (क) "शोषण गर्ने उद्देश्यले धम्की वा शक्ति वा अरू कुनै प्रकारको बल प्रयोग गरी, कब्जा गरी जालसाजी गरी, छलछाम गरी, पदको वा जोखिमी अवस्थाको दुरूपयोग गरी वा अर्को व्यक्तिमाथि नियन्त्रण राख्ने कुनै व्यक्तिको स्वीकृति प्राप्त गर्न रकम वा लाभ दिनेलिने गरी व्यक्तिहरूलाई भर्ती गर्ने, ओसारपसार गर्ने, स्थानान्तरण गर्ने, आश्रय दिने वा प्राप्त गर्ने । शोषण भन्नाले कमसेकम अरूलाई यौन व्यवसायमा लगाएर वा अन्य प्रकारको यौन शोषण गरेर गरिने शोषण, बाध्यकारी श्रम वा सेवाहरू, दासत्व वा दासतापूर्ण अभ्यास, कमाराकमारी वा मानव अङ्ग झिक्नु ।"<br>(ख) यो धाराको उपदफा (क) मा उल्लेख भएका आशय शोषणका लागि मानव बेचबिखनबाट पीडितको स्वीकृति रहेकोमा उपदफा (क) मा उल्लेख भएको कुनै माध्यम अपनाएकोमा सो असम्बन्धित हुने छ ।<br>(ग) यो धाराको उपदफा (क) मा उल्लेख नभए तापनि कुनै बालबालिकाको शोषण गर्ने उद्देश्यले भर्ती गर्ने ओसारपसार गर्ने, स्थानान्तरण गर्ने आश्रय दिने वा प्राप्त गर्ने कार्य मानव बेचबिखन मानिने छ ।<br>(घ) "बालबालिका" भन्नाले १८ वर्ष मुनिका कुनैपनि व्यक्तिलाई मान्नु पर्दछ । | *"मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोकथाम गर्ने, दबाउने र सजाय गर्ने इच्छाधिन आलेख, २000"* अन्तरदेशीय संगठित अपराध बिरूद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको पुरक (पालेर्मो प्रोटोकल) | |
| *"बेचबिखन भन्नाले व्यक्तिको इच्छा वा इच्छाबिना देशभित्र वा बाहिर पैसा कमाउने उद्देश्य वा अन्य कुनै पनि उद्देश्यले बेश्यावृत्तिका लागि गरिने महिला तथा बालबालिकाको ओसारपसार वा किनवेचलाई बुझाउँछ ।"* | बेश्यावृतिको लागि महिला र बालबालिका बेचबिखन बिरूद्धको सार्क महासन्धि, २००२ | |
| "दासता, बाध्यात्मक श्रम (बँधुवा मजदुरी वा ऋणी बनाइएका व्यक्तिहरूको श्रमलगायत) र दासतापूर्ण व्यवहारका लागि कुनै पनि व्यक्तिलाई डर, धाक देखाई, जालझेल गरी वा शक्ति पदको दुरूपयोग गरी काममा लगाउनु वा ओसारपसार गर्नु वा एक ठाउँबाट अर्को ठाउँमा लैजानु वा लैजानका लागि सहयोग गर्नु वा आश्रय दिनु वा अरूद्वारा त्यस्तो कामको निम्ति सहयोग प्राप्त गर्नु बेचबिखन तथा ओसारपसार हो ।" | संयुक्त राष्ट्र संघ मानवअधिकार उच्च आयुक्तको कार्यालय, संयुक्त राष्ट्र बाल कोष र अन्तर्राष्ट्रिय आप्रवासन संगठन(OHCHR, UNICEF & IOM) | |
| "कुनै पनि व्यक्तिलाई ललाई फकाई डर देखाई धम्काई बल प्रयोग गरी बधुवा बनाई वा आफ्नै हैकम प्रयोग गरी यौन शोषण वा अन्य जुनसुकै प्रयोजनको निम्ति एक ठाउंबाट अर्को ठाउंमा लग्नु" बेचबिखन हो । | Global Alliance Against Trafficking in Women (GAATW) | |
| "कुनै कार्यको लागि भर्ना गर्दा, देशको सीमाभित्र वा बाहिर ओसारपसार गर्दा, खरिद बिक्रि गर्दा, स्थानान्तरण गर्दा, धोखा दिएर कुनै व्यक्तिलाई | बेचबिखनमा परेका व्यक्तिको उपचारको लागि मानवअधिकार | |

| | | |
|---|---|---|
| ग्रहण गर्दा, शक्ति वा अख्तियारको दुरूपयोग वा धम्कीको प्रयोग लगायतका जबरजस्ती गरिने कार्यहरू वा कसैलाई ऋण बन्धनमा पारेर कब्जामाराख्ने, बिनापारिश्रमिक वा पारिश्रमिकसहित अनिच्छापूर्वक दासी बनाएर राख्ने (घरेलु, यौनदासी वा प्रजननको प्रयोजनको लागि) कार्यहरू तथा आफू शुरूको अवस्थामा रहेको समुदाय भन्दा फरक समुदायमा कसैलाई जबरजस्ती श्रम लुटेर बंधुवा मजदुरका रूपमा वा दासतापूर्ण परिस्थितिमा राख्न बाध्य गराउने क्रियाकलापहरू" । | मापदण्ड (Human Rights Standards for the Treatment of Traffick Person) | |

## १.३. मानव बेचबिखन तथा ओसारपसारको समस्या:

अन्तर्राष्ट्रिय श्रम बजारमा सस्तो श्रमको बढ्दो मागसंगै मानव बेचबिखन तथा ओसारपसार विश्वव्यापीरूपमा फैलिंदै गएकोछ । अन्तर्राष्ट्रिय श्रम संगठनको अनुमानअनुसार विश्वभरि २.९ करोड मानिसहरू दासत्वका रूपमा रहेको अनुमान रहेको छ । लिङ्गका आधारमा यसमध्ये १ करोड १४ लाख महिला तथा बालिका र ९५ लाख पुरूष र बालकहरू छन् भने उमेरका आधारमा १ करोड ५४ लाख १८ वर्ष माथिका युवा युवतीहरू र ५५ लाखबालबालिकाहरू रहेका छन् । Walk Free Foundation को Global Slavery Report 2016 ले विश्वभरी ४ करोड ५८ लाख मानिसहरू कुनैनकुनै रूपमा आधुनिक युगको दासतामा बाँच्न परेको अनुमान गरेको छ जसमध्ये दुईतिहाई एशिया महादेशमा रहेको बताइएको छ ।

विश्व बजारमा मानव बेचबिखन तथा ओसारपसार बिस्तार हुनुका कारणहरुमध्ये यसलाई कम जोखिम र न्यून लगानीमा अधिक नाफा हुने धन्दाकारूपमा लिइएको पाइन्छ । यौनकार्य र मनोरञ्जनका लागि युवा तथा युवतीहरूको बढ्दो मागले पनि यसको बिस्तारलाई बल पु-याएको छ । यसको चपेटामा बढीमात्रामा गरिवी र बेरोजगारीका कारण जीविकोपार्जनको समस्या भएका व्यक्तिहरू पर्दछन् । अशिक्षित र चेतनाको कमी भएकाहरु बढी बेचबिखनको जोखिममा रहन्छन ।

हातहतियार र लागू औषधिको अवैध कारोवारसरह अन्तरदेशीय संगठित अपराधको रूपमा फैलिंदो मानव बेचबिखन तथा ओसारपसारको कार्यमा यसका दलालहरूले घरबाट भागेका बालबालिका, किशोरी, युवा र महिलाहरू, यौन दुर्व्यवहारमा परेका महिला तथा बालिकाहरू, घरेलु हिंसालगायत लैङ्गिकतामा आधारित हिंसा र द्वन्द्वबाट प्रभावित बनेका महिला तथा बालबालिकाहरूलाई तारो बनाएका हुन्छन् ।

आदिकालदेखि निरन्तररुपमा यौनकार्यका लागि होस् वा श्रम शोषणका लागि, दासत्वजन्य व्यवहार परम्परासरी चली आएको छ । महिला तथा किशोरीहरूलाई उपभोग्य वस्तुकोरूपमा हेर्ने दृष्टिकोण सामाजिक मूल्यमान्यताका रुपमा अद्यापि कायमै छ ।

औपचारिकरुपमा उदाहरणार्थ देखिने बालश्रमका क्षेत्रहरुमा यातायात, जरी, गलैंचा, गार्मेट, इँटाभट्टा, इनार खन्ने र सफा गर्नेलगायतका सेवा, व्यवसाय, उद्योग, कलकारखाना तथा डान्स बार, केबिन रेष्टुरेन्ट, मसाज पार्लर, चियाा पसलहरू आदि देखिन्छन् भने अनौपचारिकरुपमा पढाइदिने, लाउनखानदिने नाममा गरिव परिवारका बालबालिकाहरू धनाड्य, सार्वजनिक पद धारण गर्ने, राजनीतिक, सामाजिक अगुवाहरू मानिने व्यक्तिका घरघरमा घरेलु नोकरका रूपमा काममा लगाइएका र निर्वाहमूखी कृषि क्षेत्रका मालिक वा जमिन्दारको घरखेतका चरूवा, गोठाला, खेतालाको कार्य वा घाँस काट्ने र खाजा पुऱ्याउने काममा लगाईएका तथ्याङ्कविनाका प्रशस्त बालबालिकाहरू श्रम शोषणमा परिरहेका छन् । यसैगरी महिला तथा किशोरीहरू पितृसत्ता, पुरूषत्व, शक्ति उन्माद, सम्पन्नता, उपभोगवाद, लैङ्गिक विभेदका कारण उपभोग्य वस्तुको रूपमा वेचविखनमा परिरहेका छन् ।

स्वदेशमा रोजगारीको पर्याप्त अवसर नहुँदा वैदेशिक रोजगारका नाममा हुने ठगी र छलीका कारण पनि आजभोलि मानव बेचबिखनको समस्या दिनप्रतिदिन वढन थालेको छ । मुलुकभित्र वा वाहिर मनोरञ्जन क्षेत्रको नाममा यौन कार्यकालागि किशोरीहरूको माग बढ्दो छ । यसैगरी २०७२ को विनाशकारी भूकम्पका कारणत पनि यसवाट प्रभावित गाउँ र समुदायका गरिव परिवारका सोझा सिधा बालबालिका, किशोर तथा युवाहरूलाई ललाई फकाई वेचविखन गर्ने कार्य बढेको पाइन्छ । नियमन प्रणाली अपेक्षित रुपमा प्रभावकारी हुन नसक्दा यस्ता क्रियाकलापहरुले प्रश्रय पाइरहेको छ ।

वर्तमान विश्वव्यापीकरण, बजारीकरण र अन्तर्राष्ट्रिय सम्बन्धमा बिस्तारका कारण विश्व बजारमा बेचबिखन तथा ओसारपसारको प्रकृति र शैलीमा पनि परिवर्तन हुदै आएको पाईन्छ । विगतमा मानव बेचबिखन तथा ओसारपसारका दृष्टिले नेपाललाई स्रोत (source)मुलुक मानिदै आएकोमा हाल गन्तव्य स्थानकोरुपमा विकसित भै आन्तरिक बेचबिखनसमेत बढिरहेको छ । विदेशी नागरिकहरूसंग बिवाह गर्ने र सरोगेसी (भाडामा बच्चा जन्माउने)को नाममासमेत मानव बेचबिखनको जोखिम बढिरहेको छ । यसैले वर्तमान नेपालको मानव वेचबिखन तथा ओसारपसारको बजारलाई निम्नाधारमा अध्ययन विश्लेषण गर्न सकिन्छ :

### (१) अन्तर्राष्ट्रिय बजार :

हिडडुल गर्ने स्वतन्त्रताको अधिकारको दुरुपयोग गर्दै सीमा वारपार गर्न यात्रा अनुमतिपत्रको आवश्यकता नपर्ने खुल्ला सीमाना भएका छिमेकी राष्ट्र भारतमामात्र नभै नेपाल सरकारले निषेध गरेका भारतवाहेक तेश्रो राष्ट्रहरूको बजारमासमेत भारतको अन्तर्राष्ट्रिय विमानस्थलहरूको प्रयोग गरी नेपालका विभिन्न जिल्ला तथा सहरका स्थानबाट यौन तथा श्रम शोषणका लागि महिला, किशोरी तथा बालबालिकाहरू र पुरुषसमेत वेचविखन तथा ओसारपसारमा परेका हुन्छन् । वैदेशिक रोजगारीको नाममा नेपाली महिला तथा पुरूषहरूलाई विदेश पठाउने भएपनि खास गरी वढी मात्रामा महिलाहरू मानव बेचबिखनको उच्च जोखिमा रहेको पाईन्छ । यसको लागि संगठित गिरोहका एजेन्टहरूले मानव बेचविखन तथा ओसारपसारको बजारधन्दामा आधुनिक र बिकसित किसिमका प्रविधिसमेत प्रयोग गरेको देखिन्छ ।

### (२) आन्तरिक बजार :

नेपालको खासगरी ग्रामीण भेगका महिला, किशोरी तथा बालबालिकाहरूलाई राजमार्ग केन्द्रित बजारकासाथै काठमाण्डौं, बिर्तामोड, बिराटनगर, इटहरी, पोखरा, बुटवल, नेपालगंज, धनगढी लगायतका सहरहरुमा होटेल रेष्टुराहरू र घरेलु काममा लगाउने मात्र नभै व्यावसायिक यौन धन्दामा लाग्न वाध्य बनाउनेजस्ता बेचबिखनका क्रियाकलापहरु बढ्दै गएको छ । स्थानीय दलालकोरुपमा परिवारका सदस्यहरू तथा नातेदारहरूसमेत मानव वेचविखन तथा ओसारपसार कार्यमा संलग्न रहने हुंदा यो समस्या आन्तरिक बजारमा झन जटिल बन्दै गएको देखिन्छ ।

यसरी मानव वेचविखन तथा ओसारपसारको समस्या राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा बहुआयामिक, बहुक्षेत्रगत एवं अन्तर्देशीय संगठित अपराध बन्दै गएको छ ।

## १.४ प्रतिवेदनको उद्देश्य :

यस प्रतिवेदनको उद्देश्य निम्नबमोजिम रहेकोछ :

(क) महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणबारे आ.व. २०६८/६९ देखि प्रकाशन गर्दै आएको राष्ट्रिय प्रतिवेदनलाई निरन्तरता प्रदान गर्दै आ.व. २०७२/७३ भरि नेपालमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि संस्थागत प्रयासबाट सम्पादन भएका क्रियाकलापहरू र त्यसको उपलब्धीहरूबारे जानकारी गराउने, र

(ख) वर्तमान समयमा मानव बेचबिखन तथा ओसारपसारको समस्या तथा चुनौतीको विश्लेषण उजागर गर्ने ।

## १.५ प्रतिवेदन तयारी विधि :

यस प्रतिवेदनमा उपलब्ध भए सम्मका संवन्धित सबै किसिमका सान्दर्भिक सामग्रीहरुको अध्ययनपश्चात नेपाल सरकारका विभिन्न निकाय तथा गैरसरकारी संस्थाहरूद्वारा आ.व. २०७२/७३ भित्र सम्पादित विभिन्न क्रियाकलापहरूलाई मानव बेचबिखन विशेषगरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार बिरूद्धको राष्ट्रिय कार्ययोजना, २०६८ र सोको कार्यान्वयन योजना, २०७१ ले तय गरेका रणनीतिहरूअनुरुप भएभएनन् र उपलब्धीहरू के कस्ता रहे, विश्लेषण गर्नुकासाथै त्यसको आधारमा देखिएका मानव बेचबिखनको समस्या तथा चुनौतीलाई समेट्ने प्रयास भएको छ ।

यसकोलागि प्रतिवेदन तयार गर्दा निम्नानुसार प्राथमिक(Primary)तथा द्वितीय (Secondary) दुवै किसिमकातथ्याङ्क संकलन र प्रयोग गरिएको छ :

(क) प्राथमिक तथ्याङ्क :

- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संस्थाहरूबाट संकलित विवरण,
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि कार्यरत विभिन्न निकाय तथा संस्थाका प्रतिनिधिहरूसंग छलफलबाट प्राप्त जानकारी ।

(ख) द्वितीय तथ्याङ्क :

- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संस्थाहरूबाट प्रकाशित प्रतिवेदन तथा तथ्याङ्क,
- विभिन्न निकाय तथा संस्थाहरूको वेभ साइट,
- अन्तर्राष्ट्रिय प्रतिवेदनहरू ।

## १.६ प्रतिवेदनको सीमा :

मानव बेचबिखन तथा ओसारपसार मानव सभ्यताका लागि ज्यादै संवेदनशील र अभिसापको विषय हो । यस सम्बन्धी सही सूचना तथा तथ्याङ्क फेला पर्दैनन् । अन्तर्राष्ट्रियस्तरमै यस्ता घटनाहरू जुन अनुपातमा हुने गर्दछ त्यो अनुपातमा उजुरी नहुने हुंदा यसको प्रतिवेदन लेखन कार्य सजिलो हुदैन । उपलब्ध सीमित मात्राको सूचनाकाआधारमा गम्भिर अध्ययन र विश्लेषण गरी प्रतिवेदन तयार गनुपर्ने हुन्छ । गोपनीयताको अधिकार र सुरक्षाको कारण प्रतिवेदनमा सबै किसिमका घटनाहरु प्रकाशमा ल्याउन नमिल्ने पनि हुन्छ ।

अर्कोतफ प्रतिवेदन तयारीका क्रममा विभिन्न सरोकारवाला निकाय तथा संस्थाहरूबाट प्राप्त हुनुपर्ने विवरण समयमा, सहीरुपमा र सवै प्राप्त हुन नसक्ने भएकोले मानव बेचबिखन तथा ओसारपसार समस्याको बिश्लेषण गर्ने कार्य ज्यादै कठीन हुन्छ ।

उक्त सीमाअन्तर्गत यो प्रतिवेदनमा मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी राष्ट्रिय कार्ययोजना, २०६८ ले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि निर्धारण गरेको पाँचवटा प्राथमिकताका क्षेत्रहरु - निरोधात्मक , संरक्षणात्मक , कानूनी कारवाही, क्षमता विकास र साझेदारहरूको आपसी समन्वय र सहकार्यअन्तरगत आ.व. २०७२/७३ मा सम्पादित उपलब्ध भएसम्मका क्रियाकलापहरूलाई समेटिएको छ ।

## १.७ प्रतिवेदनको स्वरूप

यो प्रतिवेदनलाई जम्मा चार भागमा विभाजन गरिएको छ । पहिलो भाग परिचयको उपशिर्षकअन्तर्गत पृष्ठभूमि, मानव बेचबिखन तथा ओसारपसारको परिभाषा, मानव बेचबिखन तथा ओसारपसारको समस्या, प्रतिवेदनको उद्देश्य, प्रतिवेदन तयारी विधि, प्रतिवेदनको सीमा र प्रतिवेदनको स्वरूप रहेका छन भने दोश्रो भाग– मानव बेचबिखन तथा ओसारपसारविरूद्धका

नीति, कानून तथा संस्थागत व्यवस्था शिर्षकको उपशिर्षकअन्तर्गत नीतिगत व्यवस्था, कानूनी व्यवस्था, संस्थागत संरचनाहरु, आवधिक योजनाहरू, राष्ट्रिय कार्ययोजनाहरू र निर्देशिका, कार्यविधि तथा मापदण्डहरूको उल्लेख गरिएका छन । तेश्रो भाग प्रतिवेदन अवधिमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका कियाकलापहरुअन्तर्गतको उपशिषकमा निरोधजन्य कियाकलापहरु, पीडित/प्रभावितहरुको संरक्षण, कानूनी कारवाही, क्षमता विकास र समन्वय, सहयोग र सहकार्यसंबन्धी भएगरेका प्रगति उल्लेख गरिएका छन । अन्तिम भाग मानव वेचविखन तथा ओसारपसार नियन्त्रणका चुनौती, निष्कर्ष रआगामी कार्यदिशाअन्तर्गत मानव वेचविखनका चुनौतीहरू, निष्कर्ष र आगामी कार्यदिशाकाबारे सुझाव प्रस्तुत गरिएको छ ।

आवश्यकता अनुसार महत्वपूर्ण दस्तावेज एवं सूचना/तथ्याङ्कबारे विस्तृत जानकारी अनुसूचीहरुमा दिईएको छ । यसरी मानव वेचविखन तथा ओसारपसार नियन्त्रणका लागि आ.व. २०७२/७३ मा सरकारी तथा गैरसरकारी संस्थाहरुबाट सम्पादित मुख्य मुख्य कार्यहरूको प्रगति संकलित यो प्रतिवेदन “मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरूद्धको राष्ट्रिय कार्ययोजना, २०६८” ले निर्धारण गरेको पाँचवटा प्राथमिकता क्षेत्रहरू र सो अर्न्तगतका रणनीतिहरू लाई मुख्य आधार बनाई तयार गरिएको छ ।

खण्ड : २

# मानव बेचबिखन तथा ओसारपसारबिरूद्धका नीति, कानून तथा संस्थागत व्यवस्था

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि नेपाल सरकारले तर्जुमा गरेका विभिन्न नीति, कानून तथा  सस्थागत संरचना, आवधिक योजनाहरू , राष्ट्रिय कार्ययोजनाहरू, निर्देशिका, कार्यविधि तथा मापदण्डहरूको  संक्षिप्त विवरण यस भागमा उल्लेख गरिएका छन् ।

## २.१ नीतिगत व्यवस्था :

### २.१.१ चेलीबेटी र बालबालिका बेचबिखन तथा देहव्यापार बिरूद्धको राष्ट्रिय नीति

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि  विशेष प्रयासको थालनी  बि.सं. २०५२ सालमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको गठनपश्चात सुरु भएको देखिन्छ । मन्त्रालयको स्थापनापछि सर्वप्रथम चेलीबेटी बेचबिखन तथा देहव्यापारबिरूद्ध कानूनको निर्माण गरी जनचेतना अभिबृद्धिका लागि अभियान सञ्चालन गर्ने, पीडित/प्रभावितको न्यायमा पहुँच पुऱ्याउने, प्रभावितहरूको व्यावसायिक सीप विकासका लागि उपयुक्त वातावरण सिर्जना गरी उनीहरूलाई आत्मनिर्भर बनाउने, चेलीबेटी बेचबिखन तथा देहव्यापार नियन्त्रणका लागि गा.बि.स.स्तरसम्म संरचनाको बिस्तार गर्ने तथा अन्तर्राष्ट्रिय क्षेत्रमासमेत समन्वय गरी चेलीबेटी बेचबिखन नियन्त्रण गर्ने लगायतका बिषयमा जोड दिदै "चेलीबेटी र बालबालिका बेचबिखन तथा देहव्यापार बिरूद्धको राष्ट्रिय नीति" तर्जुमा भयो । यस नीतिको बुँदागत विवरण अनुसूची १ मा दिइएको छ ।

### २.१.२ वैदेशिक रोजगार नीति

वैदेशिक रोजगार मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीबाट सृजित विकृतिहरूबाट मुक्त बनाई सुरक्षित, व्यवस्थित, मर्यादित र भरपर्दो बनाउने नेपाल सरकारले "वैदेशिक रोजगार नीति, २०६८" बाट सुरु गरेको देखिन्छ । नेपाल सरकारले वैदेशिक रोजगारको क्रममा हुन सक्ने मानव तस्करी र बेचबिखनलाई नियन्त्रण गरी नेपाली कामदारहरूको हक, अधिकारको सुरक्षा र संरक्षण गर्ने रणनीतिका साथ वैदेशिक रोजगारका समग्र चरण तथा प्रक्रियाहरूलाई सरल, पारदर्शी, भरपर्दो, व्यवस्थित र सुरक्षित बनाउनेहेतु निर्मित उक्त नीति कार्यान्वयनमा ल्यायो ।

साथै श्रम बजारमा महिला कामदारहरूका सरोकारलाई सम्बोधन गर्दै समग्र आप्रवासन चक्रमा उनीहरूको अधिकार सुनिश्चित गर्ने नीति अवलम्बन गरी श्रम आप्रवासनको व्यवस्थापनमा सरकारी तथा गैर सरकारी क्षेत्रमा कार्यरत विभिन्न सरोकारवालाहरूवीच अन्तरमुलुक सञ्जालहरू बनाई समन्वयात्मक ढंगले कार्य सञ्चालन गर्ने रणनीतिहरू अपनाइए । यसरी महिला कामदारका सरोकारलाई सम्बोधन गर्नेगरी समावेश गरिएका महत्वपूर्ण रणनीतिका बुँदाहरू अनुसूची २ मा दिइएको छ साथै नेपालमा उपलब्ध श्रमशक्तिलाई सक्षम बजारको माध्यमद्वारा मर्यादित र सुरक्षित रोजगारीमा संलग्न गराउन नेपाल सरकारले राष्टिय रोजगार नीति २०७१ निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

### २.१.३ बालबालिका सम्बन्धी राष्ट्रिय नीति

नेपाल सरकारले २०६९ मा स्वीकृत गरी कार्यान्वयनमा ल्याएको "बालबालिका सम्बन्धी राष्ट्रिय नीति" ले मूलतः निम्न उद्देश्य राखेको छ :

(क) बालबालिकाहरूलाई सबै किसिमका शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, परित्याग, उपेक्षा, शोषण वा यौन दुर्व्यवहारबाट सरक्षण गर्ने,

(ख) बालबालिकाहरू जन्मनुअघि र जन्मेपछि आवश्यक स्याहार, पोषण र शिक्षा प्रदान गरी उनीहरूको शारीरिक, मानसिक र शैक्षिक विकास गर्ने,

(ग) बालबालिकाहरूसंग सम्बद्ध विषयहरूमा आफ्नो विचारहरू अभिव्यक्त गर्ने अवसर दिई बाल सहभागिता अभिबृद्धिगर्ने,

(घ) बालबालिका बिरूद्धको बिभेद अन्त्य गर्ने र

(ङ) बाल न्याय प्रणालीलाई सुदृढ गर्ने

बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि उक्त राष्ट्रिय नीतिमा उल्लेख भएका बुँदाहरू अनुसूची ३ मा दिइएका छन् ।

## २.२ कानूनी व्यवस्था

नेपालको एकीकरण पश्चात पृथ्वीनारायण शाहको बि.सं. १८२५ मा बनेपा, धुलिखेल लगायत सात गाउँका मानिसले कमाराकमारी राख्न नपाउने रोकटोकले नेपालमा निकै पहिलेदेखि नै मानव बेचबिखन तथा दासताविरूद्ध राज्य संचालकहरू संवेदनशील रहदै आएको पुष्टि हुन्छ । मुलुकी ऐनमा मानिस बेच्नेलाई ७ वर्ष कैद हुने, आफ्नो श्रीमती बेच्ने व्यक्तिलाई थप सजाय हुने, विदेशको कोइलाखानी र समुद्रपार लाने-पठाउने कार्य दण्डनीय हुने एवं यस्तो कसूरको सुराकीलाई असूल भएको सजायको अंशवाट बकस दिइने तथा यस्तो मुद्दा सरकारवादी हुने व्यवस्थालेसमेत सोही तथ्य प्रष्ट्याउँछ । । बि.सं. १९८२ बैशाख १ गते नेपालभर दास प्रथा उन्मूलन गर्ने घोषणा नै भयो । नयाँ मुलुकी ऐन, २०२० मा मानिसको बेचबिवखनलाई अपराध मानी सजायको व्यवस्था गरियो भने २०३३ मा भएको छैठौं संशोधनले मानिसको बेचबिवखनलाई अरु थप सजायको व्यवस्था गरेको पाईन्छ ।

मुलुकी ऐनका अतिरिक्त मानव बेचबिखन तथा ओसारपसार बिरूद्ध विशेष ऐनको रूपमा कुनै पनि उद्देश्यले मानिस बेचबिखन गर्न, बेचबिखन गर्ने उद्देश्यले कुनै मानिसलाई विदेशमा लैजान, कुनै व्यक्तिलाई ललाई फकाई वा कुनै प्रलोभन दिई वा झुक्याई वा डरत्रास, दवावमा पारी अन्य कुनै तरिकाले वेश्याबृत्तिमा लगाउन अथवा त्यस्तो कार्य गर्न सहयोग पुऱ्याउने समेतलाई सजायँको भागीदार बनाउने प्रावधान राखी "जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३" निर्माण भएको देखिन्छ ।

### २.२.१ नेपालको संविधान

नेपालको वर्तमान संबिधानको धारा २९ मा शोषण विरूद्धको हक अन्तर्गत (३) कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन भन्ने उल्लेख छ । धारा ३८ मा महिलाको हक र धारा ३९ मा बालबालिकाको हकको व्यवस्था भएको छ । यसरी कुनै पनि महिला, पुरूष र बालबालिकालाई बेचबिखन गर्ने, दास वा बाँधा बनाउन र इच्छा बिरूद्ध काममा लगाउन नपाईने व्यवस्थाको साथै हिंसा, शोषण तथा अनुचित प्रयोग गर्न नपाइने व्यवस्था गरीसंबिधानमै बालबालिका र महिलाका विशेष अधिकारहरू प्रत्याभूत गरिएको छ ।

### २.२.२ मुलुकी ऐन

मुलुकी ऐनको भाग ४ जीउ मास्ने बेच्नेको महल ११ मा मानिसलाई बिक्री गर्ने कार्यमा संलग्न हुने मानिसलाई विभिन्न किसिमका जेल सजाय तथा दण्ड जरीवाना समेत तोकी कसैले कुनै मानिसलाई बिक्री गर्ने उद्देश्यले ललाई फकाई नेपाल सहर बाहिर लैजान वा लगी बिक्री गर्न नहुने, कसैले सोह्र वर्ष नपुगेका नाबालकलाई वा कुनै उमेरको भएपनि मगज बिग्रेका मानिसलाई कानूनी संरक्षकको मञ्जुरी बेगर उसको संरक्षकत्वबाट छुटाउन वा छुटाउनको निमित्त ललाउन फकाउन नहुने र कसैले कसैलाई कमारा कमारी बनाउन, दास तुल्याउन वा बाँधा बनाउन नहुने कानूनी व्यवस्था गरिएको देखिन्छ।

### २.२.३ मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४

वर्तमान विश्व परिवेशमा अन्तर्राष्ट्रिय संगठित अपराधको रूपमा लिइने मानव बेचबिखन तथा ओसारपसारको समस्यालाई कडा कानूनी व्यवस्था गरी नियन्त्रण गर्ने हेतु नेपाल सरकारले " जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३" खारेज गरी "मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र "मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५" स्वीकृत गरी जारी गऱ्यो। यी ऐन तथा नियमावलीमा मुख्य गरी मानव वेचविखन संवन्धी मुद्दा सरकारवादी हुने र अभियोग लागेपछि प्रमाणको भार पुऱ्याउने दायित्व सम्बन्धित अभियुक्त माथि नै रहने लगायतका कडा प्रावधान समेत मानिस बेच्ने र किन्ने दुबैलाई उत्तिकै दोषी मानी दण्ड सजाय हुने, बहिरक्षेत्रीय अधिकारको व्यवस्था अनुरूप नेपालभित्र वा बाहिर गरिएका अपराधहरूको लागि समान सजाय हुने, बेचबिखन सम्बन्धी सूचना जो कोहीले नजिकको प्रहरी कार्यालयमा दिन सक्ने व्यवस्था रहेको छ। यस्तै सुनुवाईका लागि बन्द इजलाशको व्यवस्था, पीडितको बयान दर्ता भई एक पटक अदालतबाट प्रमाणित भैसकेको अवस्थामा पुनः दोहोऱ्याएर दिनु नपर्ने, पुनर्स्थापना सम्बन्धी विशेष व्यवस्थाहरू, पुनर्स्थापना केन्द्रहरूको सञ्चालन, पीडित, साक्षी तथा सूचनादाताको संरक्षण र क्षतिपूर्तिको व्वस्थासमेत यी ऐन तथा नियमावलीले गरेको छ।

### २.२.४ अन्य कानूनहरू

नेपाल सरकारले कार्यान्वयनमा ल्याएको मानव बेचबिखन तथा ओसारपसारको निकट सम्बन्ध रहने घरेलु हिंसालगायत लैङ्गिकतामा आधारित विभिन्न प्रकारका हिंसा नियन्त्रण संवन्धी ऐन, नियमावली तथा निर्देशिकाहरू निम्न बमोजिम रहेका छन्:

*ऐनहरू*

- बालबालिका सम्बन्धी ऐन, २०४८
- बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६
- कमैया श्रम (निषेध गर्ने सम्बन्धी) ऐन, २०५८
- लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्न वनेको ऐन, २०६३
- वैदेशिक रोजगार सम्बन्धी ऐन र नियमावली, २०६४
- घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६
- कार्यस्थलमा हुने यौनजन्य हिंसा निवारण ऐन, २०७१

*नियमावलीहरू*

- बालबालिका सम्बन्धी नियमावली, २०५०
- बाल न्याय (कार्यविधि) नियमावली, २०६३
- घरेलु हिंसा (कसूर र सजाय) नियमावली, २०६७
- लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७

- आपतकालीन बाल उद्धार कोष (सञ्चालन) नियमावली, २०६७

## २.३ संस्थागत संरचनाहरू

मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार बिरूद्धको राष्ट्रिय कार्ययोजना, २०६८ र राष्ट्रिय कार्यान्वयन योजना, २०७१ को प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारले सरोकारवालाहरूको रुपमा जिम्मेवार गराउँदै आइरहेको केही महत्वपूर्ण निकायहरू देहाय बमोजिम रहेका छन् :

### २.३.१ : व्यवस्थापिका संसद

### *महिला, बालबालिका, ज्येष्ठ नागरिक र समाज कल्याण समिति*

महिला, बालबालिका, ज्येष्ठ नागरिक र समाज कल्याण समिति व्यवस्थापिका संसदमा रहेका विभिन्न एघार बिषयगत समितिहरूमध्ये एक महत्वपूर्ण समिति हो ।

यस समितिले सम्बन्धित मन्त्रालयहरूको नीति तथा कार्यक्रम, श्रोत परिचालन, व्यवस्थापन लगायत विभिन्न कृयाकलापहरुको मूल्याङ्कन गरी समुचित टिप्पणी, सिफारिस र आवश्यक निर्देशनसहितको वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्ने गर्दछ । यसका लागि समितिले आफ्नो क्षेत्राधिकारभित्रका मन्त्रालय र अन्तर्गत निकायहरूलाई व्यवस्थापिका संसदप्रति उत्तरदायी र जवाफदेही बनाउन ती निकायहरूबाट भएगरेका कामकारवाहीहरूको अनुगमन र मुल्याङ्कनको कार्यसमेत गर्ने गर्दछ । यस कममा आवश्यकताअनुसार तत् तत् मन्त्रालय तथा विभागको प्रतिनिधिहरु र बिषय विशेषज्ञहरूसंग समेत छलफल तथा विचार आदान प्रदान गरी सरोकारवालाहरुलाई आवश्यक निर्देशन एवं राय सल्लाह दिने कार्यसमेत यस समितिले गर्दछ ।

### २.३.२ : न्यायपालिका

### (क) अदालत

विश्वका अन्य प्रजातान्त्रिक मुलुकहरुमाजस्तै नेपालमा पनि नागरिकहरूको संबिधान प्रदत्त मौलिक हकको संरक्षण, मानव अधिकारको पूर्ण प्रत्याभूति र कानूनी शासनको सम्वर्द्धन गर्नुका साथै अपराधीहरूलाई दण्ड सजाय तोकी पीडितहरूलाई न्याय दिलाउन विभिन्न तहमा अदालतहरू गठन भएका छन् । संविधानको धारा १२७ को उपधारा (१) ले नेपाल सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत रहने व्यवस्था गरेको छ । । न्यायपालिकाको सवैभन्दा माथिल्लो तहमा सर्वोच्च अदालत रहेको छ । वर्तमान संविधानअनुसारका अदालतहरु स्थापना नभएसम्म हालका सोह्रवटा पुनरावेदन अदालत, ७५ जिल्ला अदालत र अन्य न्यायिक निकाय वा न्यायाधिकरणकोरूपमा विशेष अदालत, प्रशासकिय अदालत, श्रम अदालत, ऋण असुली न्यायाधिकरण, राजश्व न्यायाधिकरण, वैदेशिक रोजगार न्यायाधिकरणसमेतले न्याय प्रदान गर्नेछन् । मानव वेचविखन तथा ओसारपसार नियन्त्रणमा अदालतको भूमिका अहम् रहदै आएको छ ।

### (ख) सर्वोच्च अदालत

नेपालको संविधानअनुसार अभिलेख अदालतकोरूपमा रहेको सर्वोच्च अदालतले संविधान र कानूनको अन्तिम व्याख्या गर्ने अधिकार राख्दछ । अन्य अदालत तथा न्यायिक निकायहरूको न्याय प्रशासन वा व्यवस्थापन सम्बन्धी विषयमा निरीक्षण सुपरिवेक्षण गरी आवश्यक निर्देशन दिने अधिकार पनि सर्वोच्च अदालतमा निहित छ । सर्वोच्च अदालतले गरेको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्त सबैले पालन गर्नुपर्ने हुन्छ । यस कममा मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको संरक्षण गर्न विभिन्न निर्देशनात्मक आदेशहरू जारीगर्ने गर्दछ । सर्वोच्च अदालतअन्तर्गत स्थापना भएको न्यायमा पहुँच आयोगबाट न्यायमा पहुँचका अवरोधका तत्वहरूको पहिचानका लागि अध्ययन कार्यसमेत भएको छ ।

## (ग) उच्च अदालत/पुनरावेदन अदालत

नेपालको प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमाबाहेक आफ्नो क्षेत्राधिकारभित्र रहेका जिल्ला अदालत, प्रादेशिक वा अन्य कुनै निकाय वा अधिकारीले मुद्दा मामिलामा गरेको सुरू फैसला वा अन्तिम आदेशउपर पुनरावेदन सुन्न पुनरावेदन अदालतको स्थापना गरिएको हो । यस अदालतले सुरू तहबाट कुनै प्रमाण बुझ्न बाँकी रहेको देखिए त्यस्ता प्रमाण बुझी वा बुझ्न लगाई शुरू इन्साफ जाँच्न, केही उल्टी वा सदर गर्न सक्ने अधिकारसहित सामान्यतया पहिलो तहको पुनरावेदन सुन्ने र खास खास केही मुद्दाहरूमा सुरू कारवाही र किनारा गर्ने कार्य गर्दछ । कानूनमा नै तोकिएका, सर्वोच्च अदालतबाट आदेश भई आएका तथा आफ्नो मातहतका अदालतको अवहेलनामा परेका मुद्दाहरूको सुरू कारवाही र किनारा पुनरावेदन अदालतबाट हुने व्यवस्था छ । हाल पुनरावेदन अदालतहरूको संख्या १६ रहेका छन् ।

### (घ) **जिल्ला अदालत**

संघीय कानूनमा अन्यथा व्यवस्था भएकोमाबाहेक जिल्ला अदालतलाई निम्नानुसारका अधिकार तोकिएका छनः

- आफ्नो अधिकार क्षेत्र भित्रका सम्पूर्ण मुद्दाको शुरू कारबाही र किनारा गर्ने,
- बन्दी प्रत्यक्षीकरण निषेधाज्ञालगायत कानून बमोजिमका निवेदन हेर्ने,
- अर्धन्यायिक निकायले गरेको निर्णयउपर कानूनबमोजिम पुनरावेदन सुन्ने,
- प्रदेश कानूनबमोजिम गठित स्थानीय स्तरका न्यायिक निकायले गरेको निर्णयउपर पुनरावेदन सुन्ने,
- आफू र आफ्नो मातहतका अदालतहरूको न्याय सम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा संघीय कानूनबमोजिम अवहेलनामा कारवाही चलाई सजाय गर्न सक्ने ।

मानव बेचबिखनसम्बन्धी मुद्दाको काम कारवाहीका क्रममा मुद्दाका पक्षहरूको गोपनीयता कायम राख्ने, यस्ता कसुरबाट पीडित तथा साक्षीको संरक्षण गर्ने, पीडितकातर्फबाट वहस पैरवी गर्ने, वैतनिक कानून व्यवसायी नियुक्त गर्ने, निरन्तर सुनुवाई प्रकृया अवलम्बन गरी सुनुवाई गरी मुद्दाको फैसला गर्ने, हदैसम्मको सजाय तोक्ने, पीडितलाई क्षतिपूर्तिभराउनेजस्ता उदाहरणीय कार्यहरु जिल्ला अदालत तहबाट सम्पन्न हुँदै आएका छन् ।

## (ङ) महान्यायाधिवक्ताको कार्यालय

नेपालको संविधानले संवैधानिक एवं कानूनी विषयमा नेपाल सरकार र नेपाल सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिने कार्यका लागि नेपाल सरकारको मुख्य कानूनी सल्लाहकारकोरूपमा महान्यायाधिवक्ताको व्यवस्था गरेको छ । नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको निर्णय गर्ने अधिकार संविधानबाटै महान्यायाधिवक्तालाई प्रदान गरिएको छ । नेपाल सरकारकोतर्फबाट महान्यायाधिवक्ता वा मातहतका सरकारी वकीलबाट प्रतिनिधित्व हुने गर्दछ । महान्यायाधिवक्ताको रायविना नेपाल सरकारको तर्फबाट दायर भएको मुद्दा फिर्ता हुन सक्दैन ।

मानव बेचबिखन तथा ओसारपसाररुद्धिका विभिन्न मुद्दाहरूको अभियोजन, वहस पैरवी तथा प्रतिरक्षाको काम पनि महान्यायाधिवक्ताको कार्यालयबाट हुने गर्दछ । सो कार्य १६ वटा पुनरावेदन सरकारी वकील कार्यालय, विशेष सरकारी वकील कार्यालय तथा सबै जिल्ला सरकारी वकील कार्यालयहरूबाट सम्पादन हुन्छन् ।

## २.३.३ : कार्यपालिका

### *प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय*

मानव बेचबिखन तथा ओसारपसारलगायत लैङ्गिकतामा आधारित हिंसा नियन्त्रणसंबन्धी विभिन्न बिषयहरुको उच्चस्तरीय तहमा समन्वय गर्ने कार्य प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयवाट हुने गर्दछ । यस कार्यका लागि कार्यालयको मानवअधिकार महाशाखा अन्तर्गत छुट्टै " लैङ्गिक हिंसा बिरूद्धको इकाई " रहेको छ । यो इकाई र हेलो सरकारले मानव बेचबिखन तथा ओसारपसार लगायत लैङ्गिक हिंसाबिरूद्धका उजुरी तथा गुनासाहरू सम्बन्धित विषयगत निकायमा पठाई त्यस उपर समन्वयात्मक ढंगले आवश्यक कारवाही भए नभएको अनुगमन, निरीक्षण र निर्देशन समेत गर्दछ ।

## *२.३.४ : राष्ट्रिय योजना आयोग*

राष्ट्रिय योजना आयोगले मूलरुपमा सम्बन्धित विभिन्न क्षेत्रगत मन्त्रालय तथा निकायहरूको समन्वयमा समष्टिगत तथा क्षेत्रगत दीर्घकालीन अवधारणा, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, प्रमुख कार्यक्रमहरू तथा अपेक्षित उपलब्धीहरू समेत नेपालको आवधिक योजना तर्जुमा गर्ने कार्य गर्दछ । आयोगले आवधिक योजनाहरूमार्फत समसामयिक विषयको प्राथमिकताको आधारमा स्रोत विभाजन गर्ने गर्दछ । वर्तमान आवधिक योजनाले लैङ्गिक समानताको विषय समेतलाई प्राथमिकताको क्षेत्रभित्र पारेको छ ।

## २.३.५ : कानून, न्याय  तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकारको सबै मन्त्रालयहरुलाई कानून सम्बन्धी विज्ञताको सेवा प्रदान गर्नु  कानून, न्याय, तथा संसदीय मामिला मन्त्रालयको जिम्मेवारी भित्र पर्दछ । यसले ऐन नियम निर्माणको क्रममा सम्बन्धित मन्त्रालयको अनुरोधमा विभिन्न विषयका बिधेयकहरूको मस्यौदा परिमार्जनलगायत विभिन्न कानूनी बिषयहरूमा राय परामर्श प्रदान गर्दछ । मानव बेचबिखन तथा ओसारपसार लगायत लैङ्गिक हिसासम्बन्धी कानून निर्माणमा पनि यसको भूमिका  महत्वपूर्ण रहदै आएको छ ।

## २.३.६ :गृह मन्त्रालय र अन्तर्गत

गृह मन्त्रालयको मुख्य जिम्मेवारी मुलुकमा शान्ति सुव्यवस्था कायम गर्ने भएपनि मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि पनि यसको भूमिका अपरिहार्य हुन्छ । मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा २३ तथा नियमावली, २०६५को नियम ३ बाट मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिमा गृह मन्त्रालयको सहसचिव प्रतिनिधि सदस्य रहने गरी तोकिएको छ । ७५ वटै जिल्ला मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समितिको अध्यक्षमा सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी रहने व्यवस्था छ । अदालतबाट पुर्पक्षमा राखेका वा कैद सजाय पाएका मानव बेचबिखन तथा ओसारपसारसम्वन्धी अपराधका अभियुक्तहरूलाई कारागार प्रशासन मार्फत जेलमा राख्ने व्यवस्था यसै मन्त्रालयले गर्दछ । यस्तै मानव बेचबिखन बिरूद्ध जिल्लामा कार्यरत सरकारी निकायहरू तथा गैरसरकारी संस्थाहरूवीच समन्वय गर्ने, नेपाल भारत सीमामा भारतीय समकक्षीहरूसँग मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि आवश्यक पहल गर्ने, पीडित/प्रभावितहरूको उद्धार, स्वदेश फिर्ती र संरक्षण आदि कार्यहरु प्रमुख जिल्ला अधिकारीहरू मार्फत गृह मन्त्रालयले गर्दै आएको छ । गृह मन्त्रालय अन्तर्गत प्रहरी प्रशासनबाट मानव वेचविखन तथा ओसारपसार नियन्त्रणका लागि देहाय बमोजिम भएको पाइन्छ :

***(क) नेपाल प्रहरी :*** नेपाल प्रहरीको आन्तरिक सांगठनिक संरचनाअन्तर्गत अपराध अनुसन्धान विभाग, केन्द्रीय अपराध अनुसन्धान ब्यूरो तथा महानगर प्रहरी अपराध नियन्त्रण महाशाखा महत्पूर्ण अंग हुन । अपराध अनुसन्धान विभागले अपराध अनुसन्धानसम्बन्धी नीति निर्माणको तर्जुमा, मातहत कार्यालयलाई निर्देशन, अनुगमन एवं अपराध अनुसन्धान, नियन्त्रणसम्बन्धी कार्यको व्यवस्थापन यस विभागले गर्दछ । यसरी मुलुकमा अपराध नियन्त्रणका साथै शान्ति सुरक्षा कायम गर्नु यसको मुख्य जिम्मेवारी हो । मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ तथा नियमावली, २०६५ ले मानव

बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दाको अनुसन्धान गर्ने निकायको रुपमा नेपाल प्रहरीलाई तोकेको छ । नेपाल प्रहरीले केन्द्रमा अपराध अनुसन्धान विभाग अन्तर्गत महिला तथा बालबालिका सेवा निर्देशनालय र नेपालभर २०१ प्रहरी कार्यालयहरू स्थापना गरी ती कार्यालयहरुमा मानव बेचबिखन तथा ओसारपसारका मुद्दा दायर गर्न सकिने व्यवस्था मिलाएको छ । यसरी नेपाल प्रहरी आफ्ना कार्यालयहरूमा लैङ्गिक तथा बालमैत्री वातावरण सिर्जना गरी महिला तथा बालबालिका वेचविखनको मुद्दाको अनुसन्धानलाई प्रभावकारी बनाउन प्रयासरत छ ।

***(ख) महिला तथा बालबालिका सेवा निर्देशनालय :*** नेपाल प्रहरी प्रधान कार्यालय र ४ जिल्लाका प्रहरी कार्यालयहरूमा महिला सेलको स्थापनम २०५२ मै भएको हो । स्तरवृद्धिकासाथ हाल प्रहरी प्रधान कार्यालय, मातहत क्षेत्रीय कार्यालय, उप-क्षेत्रीय कार्यालय, ७५ जिल्ला प्रहरी कार्यालय, महानगरीय प्रहरी परिसर तथा प्रहरीबृत्त, ईलाका प्रहरी/वडा प्रहरी कार्यालयसमेत गरी जम्मा २४४ स्थानमा महिला तथा बालबालिका सेवा केन्द्रहरूको लागि दरवन्दीको व्यवस्था भइसकेको छ । महिला तथा बालबालिकाहरूका मुद्दालाई प्राथमिकतामा राखी विशेषगरी मानव बेचबिखन रोकथाम, नियन्त्रणको लागि पशुपतिनगर, भद्रपुर, काकडभित्ता, ठाडी धनुषा, मलंगवा, गौर, ईनरुवा, त्रिबेणी, महेशपुर, कृष्णनगर, बेलहिया, गुलरिया, धनगढी, बेलौरी, गड्डाचौकी, भिट्टामोड, बाह्रबिसे, जमुनिया, रानी र बीरगंज गरी २०सीमा नाका र राजमार्गको विर्तामोड, ईटहरी, बुटवल, अत्तरीया, बर्दिबास, मिर्चैया, पथलैया, मुग्लीन, लमही तथा कोहलपुर गरी १० रणनीतिक स्थानहरूमा चेकपोष्टको स्थापना भएका छन् । महिला तथा बालबालिका सेवा केन्द्रहरूबाट विभिन्न संघसंस्थाहरूको सहकार्यमा ठूलो संख्यामा सम्भाबित जोखिममा रहेका महिला तथा बालबालिकाहरूको उद्धार हुन पुगेको छ । विशेषगरी बेचबिखनबाट पीडित/प्रभावितहरूको गोपनीयता सुनिश्चित गर्ने, समाजमा चेतना अभिबृद्धिका लागि विभिन्न कार्यक्रमहरू गर्ने, महिलाहरूको प्रहरी सेवामा पहुँच बढाउनेजस्ता कार्यमासमेत सेवा केन्द्रहरूले अहम् भूमिका खेलेको पाइन्छ । यसबाट महिला तथा बालबालिका सेवा केन्द्रहरू र विभिन्न संघसंस्था तथा सरोकारवाला निकायहरूवीच समन्वय र सहकार्य बढ्न गै पीडितहरुको उद्दार र सहायताका कार्य वढी प्रभावकारी हुन पुगेको देखिन्छ ।

***(ग) सामुदायिक प्रहरी सेवा केन्द्रहरू:*** समाजमा रहेका विभिन्न तहका व्यक्तिहरूको सहकार्यमा अपराध नियन्त्रण गरी शान्ति र सुव्यवस्था कायम गर्नेहेतु २०३९ सालमा शुरु भएको छिमेकी प्रहरीको अवधारणा अनुरुप सामुदायिक प्रहरीको गठन २०५१ मा भएको थियो । हाल पाँच विकास क्षेत्रअन्तर्गत १८८ सामुदायिक केन्द्रहरू क्रियाशील रहेका छन् । खासगरी समाजमा हुने अपराधबारे सचेतना कार्यक्रमहरू गरी मानव बेचबिखन, लागूऔषध, जुवातास खेल्ने लगायतका अपराधहरू नियन्त्रण गर्न सामुदायिक केन्द्रहरुको भूमिका महत्वपूर्ण रहदै आएको छ ।

## २.३.७ :परराष्ट्र मन्त्रालय

मुलुकवाहिर घटेका घटना वा मामिला माथिको कारवाही परराष्ट्र मन्त्रालय वा मार्फत गर्नुपर्ने हुन्छ । मानव बेचबिखन तथा ओसारपसार एउटा अन्तर्राष्ट्रिय संगठित अपराध भएकाले नेपालमा यसको नियन्त्रणका लागि गठित राष्ट्रिय समितिमा परराष्ट्र मन्त्रालयको प्रतिनिधि रहने व्यवस्था गरिएको छ । यसरी मानव बेचबिखन तथा ओसारपसार लगायत वैदेशिक रोजगारको क्रममा पीडित बनेका विशेषगरी महिला कामदारहरूको उद्धार तथा स्वदेश फिर्ती प्रकृयामा परराष्ट्र मन्त्रालय, कन्सुलर सेवा विभाग तथा विभिन्न मुलुकहरूमा रहेका नेपाली राजदुतावासहरूको महत्वपूर्ण भूमिका रहदै आएकोछ । यस मन्त्रालयअन्तर्गत कोरिया, मलेशिया, साउदी अरब, कतार, कुवेत र संयुक्त अरब इमिरेट्स, बहराइन र ओमानस्थित नेपाली राजदुतावासहरूमा श्रम सहचारीको व्यवस्था गरी वैदेशिक रोजगारका क्रममा आइपर्ने मानव वेचविखन लगायत विभिन्न किसिमका समस्याहरुको संबोधन भइआएको छ । वैदेशिक रोजगारकोक्रममा पीडितका लागि साउदी अरब, कुवेत, कतार र संयुक्त अरब इमिरेट्समा अल्पकालीन सुरक्षा आवास गृहहरू सञ्चालनमा रहेका छन् ।

## *२.३.८ : महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र अन्तर्गत*

नेपाल सरकारको कार्य विभाजन नियमावलीअनुसार महिला, बालबालिका तथा समाज कल्याण मन्त्रायलको जिम्मेवारी अर्थात कार्याक्षेत्रभित्र महिला, बालबालिका तथा समाज कल्याणसम्बन्धी बिषयहरु पर्दछन् । मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण एक महत्वपूर्ण कार्यक्षेत्र भएकोले यस कार्यका लागि मन्त्रालयले देहायको व्यवस्था गरेको छ:

### *(क) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समिति*



मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा २३ तथा सोही नियमावली, २०६५ को नियम ३ बमोजिम केन्द्रीय तहमा एक मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समिति गठन गरिएको छ । श्रम तथा रोजगार मन्त्रालय, गृह मन्त्रालय र परराष्ट्र मन्त्रालयका सह–सचिवहरू, महान्यायाधिवक्ताको कार्यालयको सहन्यायाधिवक्ता, नेपाल प्रहरीको प्रहरी नायव महानिरीक्षक, मानव बेचबिखन तथा ओसारपसार बिरूद्धको क्षेत्रमा कार्यरत संस्थाका प्रतिनिधिहरू तथा बेचबिखनबाट प्रभावित महिलाहरू सदस्य रहने गरी महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको सचिवको अध्यक्षतामा गठन गरिएको यस समितिमा सम्बन्धित महाशाखा हेर्ने सह-सचिव सदस्य सचिव रहने व्यवस्था गरिएको छ ।

सो समितिले मानव बेचबिखन तथा ओसारपसारबिरूद्धको अभियानलाई प्रभावकारीरूपमा सञ्चालन गर्नहेतु मुख्यतः निम्न कार्यहरु गर्दछ ।

- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा गरी मन्त्रालयमा पेश गर्ने,
- स्वीकृत नीति, योजना, कार्यक्रमहरूलाई केन्द्रीय स्तरदेखि जिल्ला स्तरसम्म कार्यान्वयन गर्ने गराउने तथा सम्पन्न कार्यक्रमहरूको अनुगमन गर्ने,
- विदेशमा अलपत्र परेका पीडितको उद्धार गर्न सहजीकरण गर्ने र निजको सहमतीमा स्वदेश फर्काउने,
- जिल्ला समन्वय समितिहरूलाई क्रियाशील बनाउन समय समयमा अन्तरक्रिया, संयुक्त वैठकलगायतका क्षमता अभिबृद्धिसम्बन्धी कार्यसमेत गर्ने ।

### *(ख) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण शाखा :*

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको कार्यक्षमता अभिबृद्धि र प्रभावकारी कार्य सम्पादनका लागि संगठनात्मक संरचना सुधारको क्रममा मानव बेचबिखन तथा ओसारपसारबिरूद्धको कार्यलाई प्राथमिकता दिई मिति २०७०।४।२८ मा मन्त्रालयको लैंङ्गिक मूलप्रवाहीकरण तथा बाल विकास महाशाखाअन्तर्गत मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण शाखाको स्थापना भएको छ । यस शाखाले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि विभिन्न मन्त्रालय, विभाग, समितिलगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्था एवं सञ्जालहरूसंग सम्पर्क, समन्वय र सहकार्य गरी मानव वेचविखन नियन्त्रणका लागि विभिन्न कार्यहरु गर्दछ ।

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण, राष्ट्रिय समितिको सचिवालयको कार्यसमेत यसै शाखाले गर्ने गर्दछ ।

### *(ग) महिला तथा बालबालिका विभाग*

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत रहेको महिला तथा बालबालिका विभागले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको कार्य मूलरुपमा जिल्ला स्थित महिला तथा बालबालिका कार्यालयहरुमार्फत गर्ने गर्दछ । महिला तथा बालबालिका विभागको विभिन्न कार्यहरुमध्ये मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण एक ज्यादै संवेदनशील कार्य हो । बालबालिका र मानव बेचबिखन तथा ओसारपसारबिरूद्धका क्रियाकलाप नियन्त्रणका लागि विभागमा २०७० देखि छुट्टै शाखा गठन गरिएको छ । मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसंवन्धी जिल्लामा हुने कार्यक्रमहरूको समन्वय र अनुगमन गर्ने कार्य यसै शाखाले गर्दछ । यसरी मन्त्रालय र जिल्लास्थित कार्यालयहरूसंग समन्वय गरी प्राथमिकताकासाथ मानव बेचबिखन तथा ओसारपसारबिरूद्ध निरोधात्मक र संरक्षणात्मक कार्यक्रमहरू सञ्चालन गर्नु यस शाखाको एक महत्वपूर्ण निम्मेवारी हो ।

### *(घ) महिला तथा बालबालिका कार्यालय*

महिला तथा बालबालिका विभाग मातहत ७५ जिल्लामा महिला तथा बालबालिका कार्यालयहरू रहेका छन् । मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण, जिल्ला समितिको सचिवालयसमेतको कार्य गरिरहेका ती कार्यालयहरूले मानव बेचबिखन तथा ओसारपसारकाबिरूद्ध विभिन्न निरोधात्मक, संरक्षणात्मक तथा न्यायमा पहुँच अभिबृद्धिसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिरहेका छन् । यस क्रममा महिला तथा बालबालिका कार्यालयहरुले जिल्लास्थित अन्य सरकारी तथा गैरसरकारी संस्थाहरुवाट मानव बेचबिखन तथा ओसारपसारबिरूध्दका विभिन्न क्रियाकलापहरु संचालनका लागि समन्वय तथा संयोजनसमेत गर्ने गराउने गर्दछन् ।

### *(ङ) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समिति*

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ र नियमावली, २०६५ अनुसार ७५ जिल्लामा सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिहरू गठन गरेको छ । मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिको निकट सम्पर्कमा रही कार्य गर्ने गरी यस समितिमा जिल्ला प्रहरी प्रमुख, सरकारी वकील, मानव बेचबिखनबिरूद्ध कार्यरत गैरसरकारी संस्थाहरू मध्येबाट तीन जना प्रतिनिधिहरू, पत्रकार महासंघका प्रतिनिधि सदस्य तथा महिला तथा बालबालिका कार्यालयका प्रमुख सदस्य सचिव रहने व्यवस्था छ । जिल्ला विकास समितिका सभापति सो समितिमा आमन्त्रित सदस्य रहने व्यवस्था गरिएको छ । नियमावलीको नियम ७ को (ङ) मा व्यवस्था भए अनुसार सारसंक्षेपमा समितिको काम, कर्तव्य र अधिकारहरु निम्नवमोजिम तोकिएकाछन् :

- राष्ट्रिय समितिद्वारा स्वीकृत नीति र योजनाअन्तर्गत रही जिल्ला समितिहरूले कार्यक्रम कार्यान्वयन गर्ने,
- उद्धार गरिएका व्यक्तिको परिचय खुल्ने आधिकारिक कागजात नभएमा त्यस्तो कागजात बनाउन सम्बन्धित निकायमा सिफारिस गर्ने,
- स्थानीय स्तरमा समितिहरू गठन गरी परिचालन गर्ने,
- जिल्ला स्थित पुनर्स्थापना केन्द्रको अनुगमन गर्ने,
- बेचबिखनबिरूद्ध जनचेतना अभिबृद्धि गर्ने, जोखिममा रहेका व्यक्तिको उद्धार गर्ने,
- जिल्लामा कार्यरत संघसंस्थाहरूको समन्वयगर्ने, अभिलेख अद्यावधिक गर्ने

### *(च) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण स्थानीय समिति*

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी क्रियाकलापहरू स्थानीय तहदेखि नै दिगोरूपमा सञ्चालन गर्नका लागि न.पा र गा.वि.स. स्तरमासमेत स्थानीय समितिहरू गठन गरिएका छन् । यी स्थानीय समितिहरुले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४, नियमावली, २०६५ र राष्ट्रिय कार्ययोजना, २०६८ अनुसार मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिहरूको सहयोग तथा निर्देशनमा वेचविखन नियन्त्रणका लागि समुदायस्तरमा निगरानी राख्ने, घटनाहरूबारे जानकारी राखी सम्बन्धित निकायमा सूचना प्रवाह गर्ने एवं पीडितहरूलाई न्यायमा पहुँच दिलाउन सहयोग गर्ने कार्यहरू गरिरहेका छन् ।

### *(छ) पुनर्स्थापना केन्द्र*

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ तथा सोको नियमावली, २०६५ अनुसार महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले हाल झापा, सिन्धुपाल्चोक, काठमाडौं, पर्सा, चितवन, रूपन्देही, बाँके र कैलाली गरी जम्मा आठ वटा पुनर्स्थापना केन्द्रहरू र मंगला साहना दिर्घकालिन पुनर्स्थापना केन्द्रको स्थापना तथा संचालन गरेको छ । सरकारी तथा गैरसरकारी संस्थाहरूको साझेदारिताअन्तरगत ती पुनर्स्थापना केन्द्रहरू महिला तथा बालबालिका कार्यालयहरूको प्रशासनिक नियन्त्रणमा रहने गरी गैरसरकारी संस्थाहरूद्वारा व्यवस्थापन करारमा संचालन भैरहेका छन् ।

### *(ज) सेवा केन्द्र*

घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ र सोको नियमावली, २०६७ अनुसार घरेलु हिंसावाट पीडितकालागि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयअर्न्तगत महिला तथा बालबालिका विभागले १७ जिल्लाहरूमा सेवा केन्द्रहरू स्थापना गरी सञ्चालनमा ल्याएको छ । पाँचथर, सुनसरी, सोलुखुम्बु, सप्तरी, सिराहा, सर्लाही, काभ्रेपलाञ्चोक, मकवानपुर, तनहुँ, नवलपरासी, बाग्लुङ्ग, प्युठान, दाङ, जुम्ला, बर्दिया, डोटी तथा कञ्चनपुरमा जिल्ला तथा समुदाय स्तरमा संचालित ती केन्द्रहरुको व्यवस्थापनको जिम्मेवारी महिला तथा बालबालिका कार्यालयहरूकै प्रशासनिक नियन्त्रणमा रहने गरी महिला विकास कार्यक्रमबाटै प्रवर्द्धित महिला सहकारी संस्थाहरूलाई दिइएको छ । यी जिल्लाहरुमा समुदायमा आधारित १०४ वटा सेवा केन्द्रहरू पनि सञ्चालनमा रहेका छन् ।

उक्त सेवा केन्द्रहरुकोअतिरिक्त उदयपुर जिल्ला विकास समितिले त्रियुगा नगरपालिकाबाट प्राप्त जग्गामा भवन निर्माण गरी आवासीय महिला तथा बालबालिका संरक्षण गृह सञ्चालन गरिरहेको छ जस्को व्यवस्थापन स्थानीय “महिला पुनर्स्थापना केन्द्र”ले गरिरहेकोछ ।

### *(झ) केन्द्रीय बाल कल्याण समिति*

मूलरुपमा बालबालिकाहरूको बाल अधिकार प्रवर्द्धनका लागि बालबालिका सम्बन्धी ऐन, २०४८ को व्यवस्थावमोजिम केन्द्रीय बाल कल्याण समितिको गठन भएको हो । यस समितिले बाल अधिकार प्रवर्द्धनका लागि निम्न क्षेत्रमा कार्य गर्दछ :

- बालबालिकाहरूको बाँच्न पाउने अधिकार,
- संरक्षणको अधिकार,
- विकासको अधिकार र
- बाल सहभागिताको अधिकार

यी कार्यहरुको प्रभावकारिताका लागि केन्द्रीय बाल कल्याण समितिले देशभर रहेका बाल गृहको अनुगमन एवं बालबालिकाको उद्धार तथा पुनर्स्थापना गर्ने कार्य गर्दछ ।

### *(ञ) जिल्ला बाल कल्याण समिति*

देशभरका पचहत्तरै जिल्लामा बालबालिकाको हक हित संरक्षणका लागि प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहेका जिल्ला बाल कल्याण समितिहरूले खासगरी बाल वचाउ, बाल विकास, बाल संरक्षण र बाल सहभागितालगायतका कार्यक्रमहरूको समन्वय र जिल्लास्थित बाल गृहहरूको अनुगमन गर्दछ । केन्द्रीय बाल कल्याण समितिले जिल्लामा बालबालिकासम्बन्धी विविध कार्यक्रमहरू यीनै समितिहरुमार्फत सञ्चालन गर्ने गर्दछ । समितिको सदस्य सचिव महिला विकास अधिकृतलाई तोकिएकोछ छ ।

### *(ट) समाज कल्याण परिषद*

समाज कल्याण परिषदनेपालका गैरसरकारी संस्थाहरू मार्फत सञ्चालन हुने विभिन्न सामाजिक तथा आर्थिक क्रियाकलाहरुको नियमन गर्न समाज कल्याण ऐन, २०४९ वाट गठन भएको स्वायत्त संस्था हो । महिला, बालबालिका तथा समाज कल्याण मन्त्री अध्यक्ष रहने यस परिषद्ले  नेपालमा कार्यरत अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूले नेपालका गैरसरकारी संस्थाहरूमार्फत सञ्चालन गर्ने परियोजनाहरूमा संझौता गर्ने, अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य गर्दछ । संझौतावमोजिम विभिन्न गैरसरकारी संस्थाहरूले देशभर विभिन्न स्थानहरुमा मानव वेचविखन तथा ओसारपसार नियन्त्रणका लागि विभिन्न कार्यक्रमहरु संचालन गरिरहेका छन् ।

## २.३.९: श्रम तथा रोजगार मन्त्रालय र अन्तर्गत

बिगत केही वर्षदेखि नेपालको राष्ट्रिय आयमा वैदेशिक रोजगारबाट प्राप्त हुने आयको हिस्सा  करीव २५ प्रतिशतको हाराहारीमा रहदै आएको छ । वैदेशिक रोजगारलाई व्यवस्थित  बनाउन श्रम तथा रोजगारका बिषयमा आवश्यक नीति तर्जुमा गर्ने जिम्मेवारी श्रम तथा रोजगार मन्त्रालयको हो । वैदेशिक रोजगारका क्रममा मानव बेचबिखन तथा ओसारपसारलगायत मानव तस्करीको संभावनासमेत वढी हुन सक्ने अवस्था हेरी नेपाल सरकारले यसलाई सुरक्षित, मर्यादित र भरपर्दो बनाउन वैदेशिक रोजगार नीति, २०६८ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिमा सहसचिवस्तरको प्रतिनिधित्व रहेको यस मन्त्रालयअन्तर्गत मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागिसमेत देहायका निकायहरु कार्यरत रहेका छन्:

### *(क) वैदेशिक रोजगार विभाग*

वैदेशिक रोजगार व्यवसाय सञ्चालनको इजाजत दिने, वैदेशिक रोजगारमा जान चाहने महिला तथा पुरूषहरूलाई श्रम स्वीकृति दिने, अभिलेख राख्ने तथा वैदेशिक रोजगारको क्रममा हुने ठगीसम्बन्धी अनुसन्धान तथा कारवाही गर्ने काम वैदेशिकरोजगार विभागले गर्दछ । यस विभागले हटलाइनको व्यवस्थावाटसमेत सेवाग्राहीलाई वैदेशिक रोजगारसम्बन्धी जानकारी, अनुमति प्राप्त एजेन्सीको सूची र उनीहरुको काम कारवाहीमा रोक्का तथा रद्द भएको एजेन्सी, जिल्लामा खोलिएको शाखा आदिकाबारे सूचना प्रवाह गरी वैदेशिक रोजगारका क्रममा हुन सक्ने मानव वेचविखन तथा ओसारपसारलाई  नियन्त्रण गर्दछ ।

### *(ख) वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड*

वैदेशिक रोजगार पवर्द्धन बोर्डको गठन वैदेशिक रोजगारमा जाने कामदारहरूका लागि नयाँ बजारको खोजी, उनीहरुको सीप प्रवर्द्धन र हकहित संरक्षणको लागि भएको हो । यसले वैदेशिक रोजगारमा जाने कामदारहरूलाई केन्द्रित गरी सामाजिक सुरक्षाका विभिन्न कल्याणकारी कार्यहरू सञ्चालन गर्दै आईरहेको छ । विदेशमा बेचबिखन र ठगीका कारण अलपत्र परेका नेपालीहरूको उद्धारलगायत आकस्मिक घटना वा दुर्घनाबाट मृत्यु हुनेहरूको शव स्वदेश ल्याउने कार्यसमेत यस बोर्डले गर्दै आएको छ ।

### *(ग) वैदेशिक रोजगार न्यायाधीकरण*

स्वीकृतिविना वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने, स्वीकृति नलिई कामदार विदेश पठाउने, उमेर नपुगेका व्यक्तिलाई वैदेशिक रोजगारमा पठाउने, खुल्ला नगरिएको देशमा कामदार पठाउनेजस्ता कसुरसम्बन्धी मुद्दाहरू वैदेशिक रोजगार न्यायाधीकरणको कार्य क्षेत्रभित्र पर्दछ । तीन सदस्यीय यस न्यायाधीकरणले वैदेशिक रोजगारको क्रममा पीडित भएका व्यक्तिहरूलाई न्याय दिलाउने कार्य गर्दछ । वैदेशिक रोजगारको कममा बढ्दो मानव वेचविखन तथा ओसारपसार कार्यलाई नियन्त्रण गर्न यस न्यायधिकरणको भूमिका महत्वपूर्ण रहेको छ ।

## **२.३.१० : संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय**

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण तथा सुरक्षित वैदेशिक रोजगारमा स्थानीय स्तरमा जनचेतना अभिबृद्धि लगायत सामाजिक सुरक्षा तथा संरक्षण कार्यमा स्थानीय निकायहरूको महत्वपूर्ण भूमिका रहेको छ। संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले आफूअन्तर्गत जिल्ला विकास समितिहरु, नगरपालिकाहरु तथा गा.बि.स.हरुमार्फत स्थानीय स्वायत्त शासन ऐन नियमले व्यवस्था गरेबमोजिम मानव वेचविखन तथा ओसारपसारलगायतका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दछ । मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण, स्थानीय समितिहरूमा गाविस सचिव तथा नगरपालिका प्रमुख संयोजक रहने व्यवस्थाले बेचबिखन तथा ओसारपसारविरूद्ध स्थानीय स्तरमा गरिने कार्यक्रमहरूमा स्थानीय निकायहरूको भूमिका महत्वपूर्ण र प्रभावकारी रहने गरेको पाइन्छ ।

## **२.३.११: स्वास्थ्य मन्त्रालय**

स्वास्थ्य मन्त्रालयले विभिन्न अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी तथा उप-स्वास्थ्य चौकीहरूमार्फत मानव बेचबिखन तथा ओसारपसारलगायत लैङ्गिक हिंसाबाट पीडित प्रभावितहरूको स्वास्थ्य परीक्षण, शारीरिक तथा मानसिक स्वास्थ्य उपचार सेवा प्रदान गर्नुकोअलावा विभिन्न जिल्लामा अस्पतालमा आधारित विशेष गरी लैङ्गिक हिंसाबाट प्रभावित व्यक्तिहरूलाई स्वास्थ्योपचार, मनोसामाजिक परामर्श, सेवा गृह, कानूनी संरक्षण, व्यक्तिगत सुरक्षा र व्यवसायिक सीप तालिमलगायतका बहुक्षेत्रगत सेवाहरूकालागि ***एकद्वार संकट व्यवस्थापन*** केन्द्रहरू स्थापना गरी समन्वयात्मक ढंगबाट स्थानीय तहमा संचालन गरिरहेकोछ । आ.व. २०६८/६९ मा सात जिल्लाबाट शुरू भएको यो अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र स्वास्थ्य मन्त्रालयबाट प्राप्त विवरण अनुसार हाल २१- मकवानपुर(हेटौडा), पाँचथर, वाग्लुङ्ग, बर्दिया, कन्चनपुर, डोटी, सुनसरी, काठमांडौ(प्रसुति गृह), काभ्रे, सोलु, तनहूँ, नवलपरासी, दाङ्ग, सप्तरी, सर्लाही, जुम्ला, प्यूठान, रौतहट,दोलखा, रामेछाप र सिन्धुपाल्चोकजिल्लामा बिस्तार भएको छ ।

## **२.३.१२ : संवैधानिक आयोगहरू**

### *(क) राष्ट्रिय मानवअधिकार आयोग :*

मानवमात्रको अधिकारको सम्मान, संरक्षण, संवर्द्धन र त्यसको कार्यान्वयनलाई सुनिश्चित गर्न नेपालको संबिधानले गरेको व्यवस्थाअनुसार नेपाल सरकारले संवैधानिक आयोगकोरूपमा राष्ट्रिय मानवअधिकार आयोग गठन गरेको छ । आयोगले महिला तथा बालबालिका बेचबिखनबिरूद्ध विशेष निगरानी राख्न एक छुट्टै शाखाको व्यवस्था गरेको छ । यसको मुख्य मुख्य कार्यहरु निम्नवमोजिम रहेकाछन् :

- महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसारसम्बन्धमा सरोकारवालाहरूमा अवधारणगत स्पष्टता ल्याउने,
- बेचबिखनका घटनाहरूको अनुगमन गर्ने,
- बेचबिखन रोक्नका लागि राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय प्रयासहरूको समन्वयगर्ने,
- महिला तथा बालबालिकाहरूको मानवअधिकार सुदृढ गर्नका लागि उच्चस्तरीय प्रतिवद्धता सृजना गर्ने,

- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय र जिल्ला स्तरीय समितिहरूले गरेका कामको अनुगमन गर्दै सरकारलाई क्रियाशील बनाउन मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी प्रतिवेदन तयार पारी प्रकाशनमा ल्याउने ।

### *(ख) राष्ट्रिय महिला आयोग*

नेपालको संबिधानको भाग २७ धारा २५२ ले संवैधानिक आयोगकोरूपमा राष्ट्रिय महिला आयोगको गठनको व्यवस्था गरेको छ । यसको गठन व्यवस्था महिलाहरुको हक हितको संरक्षण, सम्बर्द्धन र समग्र विकास गरी लैङ्गिक न्याय कायम गर्न भएको हो । सम्पूर्ण महिलाहरुको मौलिक अधिकार उपभोग , न्याय, सुरक्षा, आत्मसम्मान र स्वतन्त्रताको अनुभूति गर्न पाउने वातावरण सृजना गरी सम्पूर्ण क्षेत्रमा उनीहरुको समान अवसर, समान अधिकार र समानुपातिक एवं अर्थपूर्ण सहभागिताका लागि पहल गर्नु यसको मुख्य जिम्मेवारी रहेको छ । यस कममा आयोगले महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको, महिला अधिकार प्रयोग गर्न नदिएको वा वञ्चित गरेका बिषयमा कुनै व्यक्ति वा संस्थाविरूद्ध मुद्दा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानूनबमोजिम अदालतमा मुद्दा दायर गर्न सम्बन्धित निकायसमक्ष सिफारिस गर्ने गर्दछ ।

बहुक्षेत्रगत एवं बहुआयामिकरुपमा रहेको मानव बेचबिखन तथा ओसारपसारको समस्या निराकरणका लागि राज्यका विभिन्न संयन्त्रहरूको भूमिका आवश्यक रहने सन्दर्भमा राष्ट्रिय महिला आयोगसमेत क्रियाशील विभिन्न निकायहरूको समष्टिगत विवरण अनुसूची-४ मा दिइएको छ ।

## २.४ आवधिक योजनाहरू

नेपालको आवधिक योजनाहरूको इतिहांसमा प्रथम पटक तेर्‍हौं योजना (२०७०/०७१-२०७२/०७३)मा आएरमात्र मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको विषयलाई छुट्टै परिच्छेदमा राखेको देखिईएतापनि नेपाल सरकारले यसअघि कार्यान्वयनमा ल्याएका आवधिक योजनाहरूमा पनि यस विषयलाई लैङ्गिक समानता तथा महिला सशक्तीकरणसम्बन्धी नीति, रणनीति तथा कार्यक्रमहरूअन्तर्गत समावेश गर्दै आएको पाईन्छ ।

दशौं योजना (२०५९/०६०-२०६३/०६४):

यस योजनामा घरेलु हिंसा तथा मानव बेचबिखनबाट प्रभावित महिलाहरूको लागि क्षतिपूर्ति, मनोबिमर्श सेवा, स्वास्थ्य उपचार, कानूनी सल्लाह, पुनर्स्थापना र पुनर्मिलनका कार्यक्रमहरूमा जोड दिदै लैङ्गिक समानता कायम गर्ने उद्येश्य राखेकोपाईन्छ ।

त्रि-वर्षीय अन्तरिम योजना (२०६४/०६५-२०६६/०६७):

यस त्रि-वर्षीय अन्तरिम योजनाले महिला अधिकारका लागि कानूनमा सुधार तथा अन्तरसीमा तहमा सहकार्य गरी मानव बेचबिखन तथा ओसारपसार रोकथाम तथा बालबालिकाहरूमाथि हुने श्रम शोषण, यौन शोषण, बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि निरोधात्मक, प्रवर्द्धनात्मक तथा घटना व्यवस्थापन गर्ने रणनीति लिएको थियो ।

त्रि-वर्षीय योजना (२०६७/०६८-२०६९/०७०):

यस योजनामा महिला तथा बालबालिकालगायत मानव बेचबिखन तथा ओसारपसारबिरूद्ध नयाँ राष्ट्रिय कार्ययोजना तयार गर्ने रणनीतिकासाथ निरोधात्मक, संरक्षणात्मक र उपचारात्मक क्रियाकलापहरू एव प्रभावितहरूको उद्धार तथा पुनर्स्थापनाका लागि आकस्मिक कोषको व्यवस्था गर्नेसमेत उल्लेख थियो ।

तेर्‍हौं योजना (२०७०/०७१-२०७२/०७३):

दीर्घकालीन सोच:

मानव बेचबिखन तथा ओसारपसारलाई पूर्ण नियन्त्रण गरी सम्मानजनक जीवनयापनको सुनिश्चितता गर्ने ।

उद्देश्यः

मानव बेचबिखन तथा ओसारपसार कार्यलाई प्रभावकारी ढङ्गबाट नियन्त्रण गर्ने संयन्त्र र संरचनाहरूको सुदृढीकरण तथा दक्षता अभिबृद्धिगर्ने एवं दण्डहीनताको अन्त्य गरी प्रभावितहरूको न्यायमा पहुँच अभिबृद्धिगर्ने ।

रणनीति :

- पीडित/प्रभावितहरूको मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धनका लागि राज्यका निकायहरूलाई परिचालन गर्ने
- मानव अधिकारको बिषयलाई सबै क्षेत्रगत बिषय, विकास नीति, योजना र कार्यक्रमहरूमा समावेश गर्ने ।

कार्यनीति :

- पीडित/प्रभावितहरूको अधिकार सुनिश्चितता र उद्धारका लागि संयन्त्रहरूको विकास तथा सुदृढीकरण गर्ने,
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समिति र जिल्ला समितिहरूको सुदृढीकरणमार्फत् सम्बद्ध निकायहरूको मानव बेचबिखनबिरूद्धका कार्यहरूको तर्जुमा र कार्यान्वयनमा समन्वय एवं स्थानीयस्तरमा बेचबिखन तथा ओसारपसारलाई रोक्न सुरक्षित आप्रवासनसम्बन्धी सूचना केन्द्रहरूको स्थापना गर्ने,
- जोखिमपूर्ण समूह/समुदायहरूको पहिचान गरी समुदायमा आधारित सामाजिक तथा आर्थिक सुरक्षासम्बन्धी गतिबिधिहरू सञ्चालन गर्ने, र
- आन्तरिक बेचबिखन तथा ओसारपसारको समस्याको अन्त्यका लागि प्रभावकारी नियमन तथा अनुगमन प्रणालीको विकास गर्ने ।

क्रियाकलाप :

- मानव बेचबिखन तथा ओसारपसारका दृष्टिले सम्वेदनशील गा.बि.स. तथा नगरपालिका र सम्बेदनशील समुदायको नक्शांकन तथा बहुआयामिक वञ्चितीमा परेका समूह/समुदायको विवरण तयार गर्ने ।
- स्थानीयस्तरमा आवश्यकता अनुसार स्थानीय समितिहरूको गठन गरी मानव बेचबिखन नियन्त्रण गर्ने ।
- जोखिममा रहेका बालबालिकाहरूलाई स्थानीय बाल क्लबमा क्रमशः आबद्ध गरी सचेतना वृद्धि गर्ने ।
- अतिविपन्न, जोखिमपूर्ण र जोखिमसन्मुख समुदायका परिवारका लागि आर्थिक सुरक्षा तथा सामाजिक क्षमता अभिबृद्धिगर्न लक्षित कार्यक्रम कार्यान्वयन गर्ने ।
- औपचारिक तथा अनौपचारिक शिक्षामार्फत् व्यापक रूपमा मानव बेचबिखनबिरूद्धमा जनचेतना अभिबृद्धिगर्ने ।
- जानकारीमूलक सूचना सामग्रीहरूको उत्पादन र बितरण गर्ने । सूचना तथा सहायता केन्द्रहरूको स्थापना गर्ने ।
- आवश्यकतानुसार बिद्यमान कानून संशोधन तथा नयाँ कानूनको निर्माण गर्ने ।
- श्रम शोषण तथा यौन शोषणका उद्देश्यले विदेशमा बेचबिखन तथा ओसारपसारमा परेका पीडित तथा प्रभावितलाई तत्काल उद्धार, स्वदेश फिर्ती, सम्प्रेषण सेवा, पुनर्स्थापना तथा पुनर्मिलन सम्बन्धी कार्यलाई प्रभावकारी बनाउने ।
- पीडित तथा प्रभावितलाई उपलब्ध गराउने सेवाहरूलाई सुलभ तथा प्रभावकारी बनाउन सेवाप्रदायकहरूको क्षमता अभिबृद्धि तथा संयन्त्रको सुदृढीकरण गर्ने ।

चौधौं योजना (२०७३/७४-२०७५/७६):

सोच

स्वाधीन, समुन्नत तथा समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्र एवम् समृद्ध नेपाली ।

लक्ष्य
सामाजिक न्यायसहितको लोककल्याणकारी राज्य हुँदै मध्यम आय भएका मुलुकको स्तरमा पुग्ने ।

उद्देश्य
उत्पादनशील रोजगारी उन्मुख र न्यायपूर्ण वितरणसहितको उच्च आर्थिक वृद्धिद्वारा द्रुत गरिबी न्यूनीकरण गर्दै आर्थिक सामाजिक रूपान्तरण गर्नु ।

रणनीति
उल्लिखित सोच, लक्ष्य र उद्देश्य हासिल गर्न निम्नानुसार पाँच प्रमुख रणनीतिहरू अघि सारिएका छन् :

- कृषि क्षेत्रको रूपान्तरण, पर्यटन, औद्योगिक एवम् साना तथा मझौला व्यवसायको विस्तारमार्फत उत्पादन वृद्धि गर्ने ।
- ऊर्जा, सडक तथा हवाई यातायात, सूचना तथा सञ्चार र ग्रामीण-सहरी तथा त्रिदेशीय आबद्धता विकासका लागि पूर्वाधार निर्माण गर्ने ।
- सामाजिक विकास र सामाजिक सुरक्षा एवम् सामाजिक संरक्षणमा जोड दिँदै मानव विकासमा उच्च तथा दिगो सुधार गर्ने ।
- आर्थिक, सामाजिक एवम् शासकीय सुधार, कुशल एवम् जवाफदेही सार्वजनिक वित्त, स्वच्छ, पारदर्शी र जनमैत्री सार्वजनिक सेवा एवम् मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै समग्र सुशासन प्रवर्द्धन गर्ने ।
- लैङ्गिक समानता, समावेशीकरण, वातावरण संरक्षण, विज्ञान तथा प्रविधिको उच्चतम प्रयोग तथा संस्थागत क्षमता बढाउने ।

## २.५ राष्ट्रिय कार्ययोजनाहरू

### २.५.१ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी राष्ट्रिय कार्ययोजना, २०६८

नेपाल सरकारको "यौन तथा श्रम शोषणको लागि महिला तथा बालबालिका बेचबिखनबिरूद्धको राष्ट्रिय कार्ययोजना" २०५६ लाई मानव बेचबिखन तथा ओसारपसारविरुध्द सार्क क्षेत्रकै पहिलो कार्ययोजनाकोरूपमा लिईन्छ । महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले यस कार्ययोजनाको २०५८ सालमै समिक्षा गरी परिमार्जनकासाथ कार्यक्षेत्रहरू बिस्तार गरिएको यस कार्य योजनाको २०६८ मा पुनः समिक्षा गरी समिक्षाबाट प्राप्त सुझावका आधारमा समयसापेक्ष बनाई यो **"मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार बिरूद्धको राष्ट्रिय कार्ययोजना, २०६८"** तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । यस कार्य योजनाको कार्यान्वयन अवधि १० वर्ष तोकिएको छ । यस कार्ययोजनाको कार्यान्वयन अवधि आधा भैसकेकोले यसको मध्यावधि मूल्याकन गर्नुपर्ने देखिन्छ ।

### २.५.२ मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरको बेचबिखन तथा ओसारपसार बिरूद्धको राष्ट्रिय कार्ययोजना २०६८ को कार्यान्वयन योजना, २०७१

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसारबिरूद्धको राष्ट्रिय कार्ययोजना, २०६८ को समयबद्धरूपमा कार्यान्वयन गर्ने उद्देश्यले सो कार्ययोजनाको कार्यान्वयन योजना, २०७१ लागू गरेको छ । कार्ययोजनाको उद्देश्य प्राप्तिको लागि निर्दिष्ट कार्य सम्पादनमा लाग्ने अनुमानित बजेटसमेत यस कार्यान्वयन योजनाले स्पष्टरुपमा निश्चित क्रियाकलापहरू, नतिजा, कार्यसम्पादन सूचक, समयावधि, मुख्य जिम्मेवार निकाय, अन्तिम जिम्मेवार निकाय र सहयोगी निकायसमेत तोकेको छ ।

### २.५.३ अन्य कार्ययोजनाहरू

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग पु-याउने माथि उल्लेख गरिएका कार्ययोजनाहरुकाअतिरिक्त निम्नवमोजिमका केही महत्वपूर्ण बिषयगत राष्ट्रिय कार्ययोजनाहरू पनि कार्यान्वयनमा रहेको पाइन्छ :

- बालश्रम उन्मूलनका लागि गुरू योजना, २०५७ (२००१)
- महिलाबिरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना, २०६० (२००४)
- बालबालिकासम्बन्धी १० वर्षे राष्ट्रिय कार्ययोजना २०६०-२०७० (२००४-२०१४),
- लैङ्गिक समानता तथा महिला सशक्तीकरण (बेइजिङ्ग कार्ययोजना) कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना, २०६१ (२००४),
- संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्द्वारा पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, (२०६७/०६८-२०७१/०७२),
- लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना, (२०६९/०७०-२०७३/०७४),
- चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना (आ.व. २०७१/०७२ - २०७५/०७६)

## २.६ निर्देशिका, कार्यविधि तथा मापदण्डहरू

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि निर्मित नीति, कानून, कार्ययोजनाअनुसारका विभिन्न कार्यक्रम तथा क्रियाकलापहरूको एकरुपता तथा प्रभावकारिताका लागि देहायका निर्देशिका, कार्यविधि तथा मापदण्डहरूसमेत लागू गरिएका छन् :

- बाल हेल्पलाइन सञ्चालन कार्यविधि, २०६४
- छाउपडी प्रथा उन्मूलन निर्देशिका, २०६४
- विशेष प्रकृतिको मुद्दाहरूको कारवाहीमा पक्षहरूको गोपनीयता कायम राख्ने सम्बन्धी (कार्यविधि) निर्देशिका, २०६४
- नेपाली बालबालिका विदेशी नागरिकलाई धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्न दिने सर्त तथा प्रकृया, २०६५
- श्रमजीवि महिलाहरूप्रति डान्स रेष्टुरेन्ट, डान्स बारजस्ता कार्यस्थलमा हुने यौन उत्पीडन नियन्त्रण गर्नेसम्बन्धी सर्वोच्च अदालतबाट भएको फैसला र निर्देशिका, २०६५
- वैदेशिक रोजगारसंग सम्बन्धित कसुरको अनुसन्धान तथा अभियोजन दिग्दर्शन, २०६७
- मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दाको अभियोजन तथा अदालती कारवाहीसम्बन्धी कार्यसञ्चालन निर्देशिका, २०६८
- मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड, २०६८
- पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८
- पुनर्स्थापना कोष सञ्चालन निर्देशिका, २०६८
- मनोसामाजिक परामर्श निर्देशिका, २०६९
- आवासीय बालगृह सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०६९
- मानव बेचबिखनबिरूद्धको स्थानीय समिति तथा नगर समिति (गठन तथा परिचालन) निर्देशिका, २०७०

# खण्ड:३

# प्रतिवेदन अवधिमा सम्पन्न क्रियाकलापहरू

यस खण्डमा मानव बेचबिखन विशेषगरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसारबिरूद्धको राष्ट्रिय कार्ययोजना, २०६८ र यसको कार्यान्वयन योजना, २०७१ मा तोकिएका पाँचै प्राथमिकताका क्षेत्रहरुअन्तर्गत आ.व.२०७२/७३ मा सम्पादित क्रियाकलापहरूबारे चर्चा गरिएको छ ।

## ३.१ : निरोधजन्य क्रियाकलापहरू

आ.व.२०७२/७३ मा प्रथम प्राथमिकता क्षेत्र- निरोधअन्तर्गतको उद्देश्य प्राप्तिका लागि सरकारी तथा निजी क्षेत्र र नागरिक समाजको सहकार्यमा सम्पन्न भएका मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसंवन्धी निरोधजन्य क्रियाकलापहरू देहायबमोजिम रहेका छन् :

### ३.१.१ :संवेदनशील स्थानहरूको पहिचान र स्थानीय समितिहरूको गठन

(राष्ट्रिय कार्ययोजनाको रणनीति १.१ संग सम्बन्धित) :

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिद्वारा स्वीकृत मानव बेचबिखन बिरूद्धको स्थानीय समिति (गठन तथा परिचालन निर्देशिका) २०७० अनुसार वडा, गा.वि.स. र नगरपालिकाहरूमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गाउँ तथा नगर समितिहरूको गठन गर्ने कार्यले यस आ.व. .२०७२/७३ मा पनि निरन्तरता पाएको छ । यस किसिमका स्थानीय समितिहरू (LCCHT) गठनको उद्धेश्य मानव बेचबिखन तथा ओसारपसारका दृष्टिले संवेदनशील र जोखिमउन्मूख समूह/समुदायको पहिचान गरी तिनीहरुको संरक्षण गर्नु हो । महिला तथा बालबालिका कार्यालयहरूबाट प्राप्त विवरणअनुसार यस किसिमका समितिहरुको जम्मा संख्या तालिका ३.१ बमोजिम रहेको छ :

तालिका ३.१.१.१

मानव बेचबिखन बिरूद्ध स्थानीय समितिको विवरण

| आ.व. | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | जम्मा |
|---|---|---|---|---|
| समिति संख्या | ७० | ३५० | **३१२** | **७३२** |

जिल्लागत बिस्तृत विवरण अनुसूची ५ मा दिइएको छ ।

### ३.१.२ बालबालिकाहरूको संरक्षण

***(राष्ट्रिय कार्ययोजनाको रणनीति १.२ संग सम्बन्धित) :***

बालबालिकाहरुको संरक्षणका लागि निम्न क्रियाकलापहरु भइरहेका छन् :

(क) केन्द्रीय बाल कल्याण समिति अन्तर्गत देशभर सबै जिल्लाहरुमा बाल कल्याण समिति र गा.बि.स. तथा नगरपालिकाहरूमा गाउँ/नगर बाल संरक्षण तथा सम्बर्द्धन उपसमितिहरू गठन गरिएका छन् । गाउँगाउँमा बालक्लब तथा सञ्जालहरू गठन भएका छन् । यस्ता बालक्लब तथा सञ्जालहरुबाट बालबालिकाहरूको जन्म दर्ता, शिक्षा पाउने अधिकार, विद्यालय भर्ना, बाल बिवाह उन्मूलन, बाल श्रम न्यूनीकरण तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसारबिरूद्धमा चेतनामूलक कार्यक्रमहरूलगायत अभिभावकहरुका लागि सचेतनामूलक कार्यक्रमहरुसमेत सञ्चालन भईरहेका छन् ।

केन्द्रीय बालकल्याण समितिको अभिलेख वमोजिम आ.व. २०७२/७३ सम्म गठन भएका बालक्लब तथा सञ्जालहरू र त्यसमा रहेका बालबालिकाहरुको विवरण तालिका ३.२ अनुसार रहेको छ :

तालिका ३.१.१.२

बालक्लब तथा सञ्जालहरूको विवरण

| क.सं | | आ.व.२०७१/७२ सम्म | आ.व.२०७२/७३ मा थप | जम्मा |
|---|---|---|---|---|
| १ | बाल क्लब | २२,४५७ | १७१ | २२,६२८ |
| २ | क्लबमा आबद्ध बालक | २,३०,६५९ | १,०५१ | २,३१,७१० |
| ३ | क्लबमा आबद्ध बालिका | २,०१,३०१ | ४,७४८ | २,०६,०४९ |
| ४ | बालसञ्जाल-जिल्ला गाविसंस्तर | ३३ | १७ | ५० |
| ५ | बाल सञ्जाल-इलाका स्तर | ५५ | - | ५५ |
| ६ | बाल सञ्जाल-गाविस नपा | ७३८ | - | ७३८ |

श्रोत: केन्द्रीय बालकल्याण समिति, २०७३

(ख) महिला तथा बालबालिका विभागको प्रगति प्रतिबेदन अनुसार आ.व. २०७२/०७३ मा बाल अधिकारको सम्वर्द्धन अन्तर्गत विभिन्न जिल्लामा १७ वटा बालसञ्जाल र ४९ वटा गाउँ बाल संरक्षण तथा सम्वर्द्धन समिति गठन भएका छन् ।

(ग) मानव बेचबिखन तथा ओसारपसारको जोखिममा पर्न सक्ने जोसुकै र खासगरी हराएका बालबालिकाहरूको खोजतलास गर्ने तथा फेलापरेका र वेवारिसे बालबालिकाहरूको संरक्षण र पुर्नस्थापनालगायतका कार्यलाई प्रभावकारी ढंगले संचालन गर्न विभिन्न संघसंस्थाहरुको संयुक्त प्रयास जरुरी हुनेहुंदा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, केन्द्रीय बाल कल्याण समिति, नेपाल प्रहरी, समाज कल्याण परिषद एवं विभिन्न संघ संस्थाहरूले आपसी समन्वय, सहयोग तथा साझेदारीमा काठमाण्डौंको भृकुटी मण्डपमा चौबिसै घण्टा खुल्ला रहने गरी बालबालिका खोजतलास समन्वयकेन्द्र सञ्चालन

तालिका ३.१.१.३

***बाल हेल्पलाइनसम्बन्धी विवरण***

| *क.सं.* | *जिल्लाको नाम* | *सञ्चालन गर्ने संस्थाको नाम* |
|---|---|---|
| १ | मोरङ | सिविन नेपाल |
| २ | उदयपुर | नेस्पेक |
| ३ | काठमाडौं | सिविन नेपाल |
| ४ | मकवानपुर | सिविन नेपाल |
| ५ | चितवन | दियालो नेपाल |
| ६ | लमजुङ्ग | लक्ष्मीनारायण पुस्तकालय |
| ७ | कास्की | सिविन नेपाल |
| ८ | रूपन्देही | तराइ विकास मञ्च |
| ९ | बाँके | सिविन नेपाल |
| १० | सुर्खेत | आवाज नेपाल |
| ११ | कैलाली | सिविन नेपाल |

*श्रोत : केन्द्रीय बाल कल्याण समिति,२०७३*

गरेका छन् । ११ जिल्लाहरूमा निशुल्क टेलिफोन नम्बर १०९८ प्रयोग गरी बाल हेल्पलाइन संचालन गर्ने जिल्ला र संस्थाहरुको विवरण तालिका ३.३ मा प्रस्तुत गरिएको छ ।

(घ) बालबालिका खोजतलास समन्वयकेन्द्रले निशुल्क टेलिफोन नम्बर १०४ सञ्चालन गर्दछ । बालबालिका खोजतलास समन्वयकेन्द्रकाअनुसार आ.व. २०७१/०७२ मा कुल ७८६ जना हराएका बालबालिकाहरूको सूचना दर्ता भै खोजतलासबाट २८७ जना फेला परी परिवारमा पुनरमिलन गराइएकोमा २०७२/०७३ जम्मा १५०२ हराएको सूचना प्राप्त भएकोमा ४०८ फेला परिसकेका छन् । फेला नपरेको कारणमा धेरैको उजुरी उपत्यका बाहिरबाट परेको र उनीहरुको अद्यावधिक विवरण नभएको भनिएको छ । यसरी नै २०७१/०७२मा वेवारिसे अवस्थामा फेला परेका ३६० जना मध्ये २०९ लाई पारिवारिक पुनरमिलन गराइएको र बांकी १५१ जनालाई विभिन्न संस्थाहरूमा संरक्षणका लागि राखिएको थियो भने यस २०७२/०७३ मा वेवारिसे अवस्थामा फेला परेका ३४८ मध्ये २४० जनालाई अभिभावकको जिम्मा लगाईएको छ भने १०८ जनालाई विभिन्न संस्थाहरूको संरक्षणमा राखिएकोमा १४ जना संरक्षण गृहबाट भागेको अभिलेख छ ।[1]




(ङ) केन्द्रीय बाल कल्याण समितिकाअनुसार बाल हेल्पलाइनहरूबाट आ.व.२०७२/०७३ मा आपतकालीन उद्धार गरी राहत, मनोविमर्श, पारिवारिक पुनरमिलन एवं पुनर्स्थापन गरिएका बालबालिकाको संख्या बालक १,८१९ र बालिका १,८९२ गरी जम्मा ३,७११रहेको छ ।[2]

(च) बढ्दो सहरीकरणसंगै काठमाण्डौं उपत्यकालगायत  बिराटनगर, इटहरी, धरान, नारायणगढ, बुटवल, पोखराजस्ता विभिन्न सहरहरुमा सडक बालबालिकाको समस्या बढ्दो देखिन्छ । यस्ता बालबालिकाहरुको बेचबिखन तथा ओसारपसारको जोखिम पनि बढी नै हुनसक्ने हुंदा उनीहरूको खोजी, उद्धार, राहत तथा पुनर्स्थापना कार्यलाई सहजीकरण गर्न नेपाल सरकारले बजेट बिनियोजन गर्दै आईरहेको छ ।[3] काठमाण्डौं उपत्यकालाई सडक बालबालिका मुक्त बनाउनुका साथै सडक बालबालिकाहरूलाई स्वास्थ्य सेवा, मनोविमर्श सहायता प्रदान गरी कुलत र बेचबिखनको जोखिमबाट मुक्त गर्न सघाउने कार्यमा आश्रय सेल्टर, इन्द्रेणी, उप्का नेपाल, एसिसि, करूणा नेपाल, खुशि, जस्ट वान, बाल वातावरण केन्द्र, बिग अम्रेला, भि.ओ.सि., रोक्पा, सिविन,साथी, सि.पि.सि.यस, साथसाथ, हार्टबिट आदि गैर सरकारी संघसंस्थाहरूसमेत संलग्न रहेका छन् ।[4]( केन्द्रीय बाल कल्याण समिति २०७२)




(छ) बि.स.२०७२ बैशाखको विनाशकारी महाभूकम्प र त्यसपछिका पराकम्पनहरूबाट प्रभावित बालबालिकाहरूकाहरुको संख्या निकै उच्च रह्यो । गृह मन्त्रालयको अनुसार भूकम्पका कारण अति प्रभावित १४ जिल्लाहरूमा २,७३७ बालबालिकाहरूले जीवन गुमाए भने २,१०७ जना बालबालिकाहरू घाइते भएको विवरण सार्वजनिक भएको थियो ।[5]

[1] बालबालिका खोजतलास समन्वय केन्द्र २०७२/०७३

[2] केन्द्रीय बाल कल्याण समिति, २०७३ ।

[3] आ.व. २०७२/०७३ को बजेट वक्तव्यको बुँदा १८९ ।

[4] केन्द्रीय बाल कल्याण समिति २०७२ । गृह मन्त्रालयको वेभपेज www.moha.gov.np (http:\\drportal.gov.np ।

[5] www.moha.gov.np (http:\\drportal.gov.np)

भूकम्पका कारण लाखौं बालबालिकाहरू खानपीन, आश्रय, न्यानो कपडा, खानेपीउने, सरसफाई र स्वास्थ्य सुविधा आदिबाट बञ्चित भए । प्रतिशतका हिसाबले कुल ३१.१४ प्रतिशत बालबालिकाहरू प्रभावित भए । यसैगरी लगभग ७,००० विद्यालय भवनहरू क्षतीग्रस्त र १५,८९,००० बालबालिकाहरूको विद्यालय पढाई अवरूद्ध भएको जनाएको थियो ।[८] यस्तो परिस्थितिमा बढ्न जाने खासगरी बालबालिकाहरूलाई विभिन्न प्रलोभनमा पारी परिवार तथा समुदायबाट अलग्याउने, ओसारपसार गरी स्थानान्तरण गर्नेजस्ता हरकतहरुलाई निरूत्साहित गरी बाल संरक्षणका सन्दर्भमा आइपर्न सक्ने जोखिम नियन्त्रणका लागि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र केन्द्रीय बाल कल्याण समितिबाट सम्पन्न कार्यहरु निम्नअनुसार रहे :

(१) केन्द्रीय बाल कल्याण समितिले भूकम्पपश्चात तत्काल संरक्षण कार्य संचालनका लागि दिग्दर्शन,२०७२ निर्माण गरी बिपदमा परेका बालबालिका फेला पारेमा चरणबद्धरुपमा गर्नुपर्ने कार्यहरु स्पष्ट पारेको,

(२) भूकम्पपश्चात तत्कालै अस्थायी वासस्थानहरूमा हुनसक्ने जोखिमहरूकाबारेम सार्वजनिक सूचना प्रवाह,

(३) जिल्ला बाल कल्याण समितिको अनुमति विना बालबालिका स्थानान्तरण नगर्ने, स्थानान्तरण गर्नैपर्ने अवस्था आएमा केन्द्रिय बालकल्याण समितिको अनुमतिमा मात्र गर्न पाउने,

(४) नयाँ बालगृह सञ्चालनका लागि अनुमति प्रदान नगर्ने व्यवस्था मिलाउने,

(५) बालगृह स्थापना र सञ्चालनमा प्रक्रिया पुरा गरे नगरेकोसम्बन्धमा जिल्ला बालकल्याण समितिबाट प्रभावकारी रूपमा अनुगमन हुन जिल्ला प्रशासन कार्यालय, महिला बालबालिका कार्यालय तथा जिल्ला बालकल्याण समितिहरुमा परिपत्र गरिएको,

(६) तत्काल तीन महिनाका लागि अन्तर्देशीय धर्म सन्तान ग्रहण गर्न रोक,

(७) बालबालिकाको ओसारपसार तथा बेचबिखन हुनसक्ने खतरालाई ध्यानमा राखी अध्यागमन विभाग तथा वायुसेवा सञ्चालकलाई सतर्क हुन र अध्यागमन निरीक्षणमा विशेष सर्तकता अपनाउन अनुरोध,

(८) काठमाण्डौं उपत्यकाका अस्पतालहरूलाई भूकम्पपश्चात तत्काल उपचारार्थ आएका बाबुआमाबाट अलग्गिएको वा एक्लो फेला परेका बालबालिकाबारे केन्द्रीय बालकल्याण समितिलाई सूचना गर्न अनुरोध,

(९) जिल्ला बालकल्याण समितिहरूलाई बालबालिकासंवन्धी निर्णय गर्दा बालबालिकालाई परिवारबाट अलग्याउन नहुने सिद्धान्तलाई ध्यानमा राख्न र बालबालिकाको ओसारपसार तथा बेचबिखन हुनसक्ने खतरालाई ध्यानमा राखी सक्रीय निगरानी गर्न अनुरोध,

(१०) अभिभावक तथा सर्वसाधारणले बालबालिकालाई परिवारबाट अलग्याउन नहुने, उनीहरूविरूद्ध हुनसक्ने यौन हिंसाबाट बचाउने तथा अन्य गर्नहुने र गर्न नहुने कार्यहरूकोबारेमा रेडियो पत्रपत्रिका लगायतका सञ्चार माध्यमबाट सचेतनामूलक सन्देश प्रवाह,

(११) बालसंरक्षणकानिम्ति गर्न हुने/नहुने जानकारीसहित सम्पर्क व्यक्ति, टेलिफोन नं. समेत उल्लेख गरिएको पर्चा वितरण, सूचनापाटी स्थापना र सामाजिक कार्यकर्ताहरूको परिचालन,

(१२) अभिभावक गुमाएका र जोखिममा रहेका बालबालिकाको उद्धार, सहयोग, संरक्षणका लागि अल्पकालीन आश्रयस्थललगायतको व्यवस्था,

(१३) बालगृहहरूको अनुगमन र बालबालिकाहरूकालागि, उद्धार तथा राहत सामग्री वितरण,

---

[८] Nepal Education Cluster, Nepal Earthquake: Education Dashboard, 6 June 2015

(१४) भूकम्प प्रभावित १४ जिल्लाका १,८१२ जना बालबालिकालाई वार्षिक विनियोजन(नेपाल सरकार ६१२ र युनिसेफ १२००) र युनिसेफको सहयोगमा सञ्चालित आपतकालीन परियोजनाबाट ११,७४७ गरी कूल १३,५५९ (बालक ६,५५९ र बालिका ७,०००) जना भूकम्प प्रभावित बालबालिकालाई रु. ५००० का दरले राहत मानवीय सहयोग वितरण,

(१५) भारतसंग सीमानाका जोडिएका विभिन्न २० जिल्लाका सीमानाकामा बालबालिका वेचविखन तथा ओसार पसार रोकथातथा नियन्त्रण सचेतना सञ्चार कार्यक्रम सञ्चालन गरिएको ।

(ज) महिला तथा बालबालिका कार्यालय, जिल्ला प्रहरी कार्यालय र गैरसरकारी संस्थाहरूको समन्वयमा चितवन, रूपन्देही र दाङमासमेत भूकम्प प्रभावित जिल्लाहरू सिन्धुपाल्चोक, सिन्धुली, मकवानपुर जिल्लाहरूमा भूकम्प पश्चात बालबालिका र किशोरीहरूको बेचबिखन तथा ओसारपसारको जोखिमलाई ध्यानमा राखी अस्थायी सूचना तथा परामर्श डेस्क संचालन गरिएको छ ।

(झ) शिक्षा मन्त्रालय, शिक्षा विभाग मार्फत जिल्ला शिक्षा कार्यालयहरूबाट सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत सीमान्तकृत समुदायका र अति जोखिममा रहेका बालबालिकाहरूलाई छात्रवृत्ति प्रदान गर्ने कार्य भएको छ ।

(ञ) शान्ति तथा पुनर्स्थापना मन्त्रालयबाट राहत तथा पुनर्स्थापना कार्यक्रम अन्तर्गत आमा बाबु गुमाएका बालबालिका पुनःस्थापन कार्यक्रम संचालन कार्यविधि, २०६८ अनुसार द्वन्द्वका क्रममा आमाबाबु दुबैको मृत्यु भई टुहुरा भएका, बेपत्ता पारिएका वा द्वन्द्वका क्रममा बाबु वा आमामध्ये कुनै एकको मृत्यु भएको वा बेपत्ता पारिएको र बाबु वा आमामध्ये एकको अन्य कुनै कारणले मृत्यु वा बेपत्ता भई दुबै नभएको वा बाबुको द्वन्द्वको क्रममा मृत्यू वा बेपत्ता पारिएको र आमाले अर्को विवाह गरी आमाबाबु दुबै नभएको अवस्थाको १८ वर्षको उमेर पूरा नगरेका देशभरका बालबालिकाहरूलाई प्रत्येक महिना प्रति बालबालिका रू. ५,००० का दरले वार्षिक रू.६०,००० ले ६२० जनालाई वितरण गरिदै आएको छ ।

(ट) संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले सबै जिल्लाहरूमा बालबालिकाहरूको संरक्षण, विकास र सहभागिता प्रवर्द्धनकालागि सरोकारवालाहरूलाई बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमुखीकरण/तालिम सम्पन्न गरेको छ ।

(ठ) मानव वेचविखनविरुद्ध नवौं राष्ट्रिय दिवश, मूल समारोह समितिमा रही राष्ट्रिय मानव अधिकार आयोगले " विपत्पश्चात मानव वेचविखनको जोखिम न्यूनीकरणमा सीमा निगरानी केन्द्रहरुको प्रभावकारिता एबम् जोखिम न्यूनीकरणमा राष्ट्रिय मानव अधिकार आयोगको भूमिका " विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

## ३.१.३ किशोर किशोरीहरूको जोखिम न्यूनीकरणका लागि औपचारिक/अनौपचारिक शिक्षा

***(राष्ट्रिय कार्ययोजनाको रणनीति १.३ संग सम्बन्धित) :***

(क) किशोर किशोरीहरूको जोखिम न्यूनीकरणकालागि औपचारिक शिक्षातर्फको व्यवस्था हेर्दा नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रले विद्यालय तहको पाठयक्रमको सामाजिक अध्ययनअन्तर्गत चेलीबेटी बेचबिखन, देहव्यापार, वैदेशिक रोजगार, यसका चुनौती र सम्भावनाका बारे विभिन्न पाठहरु समावेश गर्दै आइरहेको छ । यसरी विद्यालय तहको विभिन्न विषय अन्तर्गत पाठ्यक्रम पाठ्यपुस्तकमा समावेश गरिएका मानव वेचविखन तथा ओसारपसारसंबन्धी विवरण निम्नअनुसार रहेको छः

तालिका ३.१.१.४

विद्यालयतहको पाठ्यक्रममा मानव वेचविखन

| क्र.सं | विषय | कक्षा | पाठ | शुरु साल |
|---|---|---|---|---|
| १ | सामाजिक अध्ययन | ६ | सामाजिक समस्या र समाधान | २०६८ |
| | | ७ | मानव वेचविखन | २०७१ |
| | | ९ | सामाजिक समस्याहरु- देह ब्यापार | २०७३ |
| | | १० | सामाजिक समस्याहरु-मानव वेचविखन, चेलीबेटी बेचबिखन, बालबालिका वेचविखन, मानव अंग बेचविखन | २०७४ |
| २ | नैतिक शिक्षा | ६ | सत्कर्मको फल | २०७० |
| ३ | नेपाली | ९ | वक्तृत्वकला | २०७३ |
| ४ | स्वास्थ्य,जनसंख्या तथा वातावरण शिक्षा | ९ | बसाइं सराइबाट असर पर्ने क्षेत्रहरु | २०७३ |
| ५ | अंग्रेजी | १० | Reading Passage: Human Trafficking | २०७४ |

श्रोतः नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्क्रम विकास केन्द्र

यस व्यबस्थाले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको बिषयमा औपचारिकरुपमै किशोर किशोरीहरुमा सचेतना अभिबृद्धि गर्न सहयोग पु-याएको छ ।

(ख) मानव बेचबिखन, बाल दुर्व्यवहार, यौन हिंसा, बाल विवाहको नियन्त्रण तथा बालमैत्री शिक्षाजस्ता बिषयहरुमा महिला तथा बालबालिका कार्यालय, जिल्ला बाल कल्याण समिति, जिल्ला विकास समिति, जिल्ला प्रहरी कार्यालयलगायत सरकारी एवं विभिन्न गैर सरकारी संघसंस्थाहरूको समन्वय र आपसी सहयोगमा विद्यालयका शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति तथा विद्यार्थीहरूका लागि चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिएका छन् ।

(ग) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण, लैङ्गिक हिंसा नियन्त्रण एवं यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी समसामयिक बिषयमा अनौपचारिक शिक्षा मार्फत ग्रामिण समुदायका किशोरी, महिला तथा युवाहरूलाई जिल्ला शिक्षा कार्यालय, जिल्ला स्वास्थ्य कार्यालय, महिला तथा बालबालिका कार्यालयलगायत सरकारी तथा गैरसरकारी संस्थाहरूले जानकारी गराउने गरेका छन् ।

(घ) पाठयकम बिकास केन्द्र र विश्व शिक्षाको सहकार्यमा मानव बेचबिखन तथा ओसारपसारविरुद्ध शिक्षक श्रोत पुस्तिका विकास गरिएको छ ।

## ३.१.४ सीमान्तकृत समुदायको सशक्तिकरण

***(राष्ट्रिय कार्ययोजनाको रणनीति १.४ संग सम्बन्धित) :***

(क) मुक्त कमलरीहरूको शिक्षामा पहुँचको सुनिश्चितताका लागि शिक्षा मन्त्रालयले कमलरी छात्रबृत्ति निर्देशिका, २०६८ तर्जुमा गरेको छ । यस आ.व. २०७२/७३ मा आवासीय विद्यालय संचालन भएका दाङ्ग, बाँके, कैलाली, कन्चन्पुरमा ७,५५३ जना कमलरीका लागि वार्षिक रु. ४०,००० । का दरले आवासीय छात्रबृत्तिका लागि निकासा दिइएको छ ।

(ख)यसै आ.व.मा वार्षिक रु. १,७००। का दरले १५,४०९ जना लोपोन्मुख तथा सीमान्तकृत (मुक्त कमैया, हलिया,चरुवा र बादी) वर्गका सन्ततीसमेतलाई छात्रबृति प्रदानका लागि निकासा भएको देखिन्छ ।

(ग) आ.व. .२०७२/०७३ मा विभिन्न जिल्लाका विभिन्न महिला संस्थाअन्तर्गत ४२ वटा मुक्त कमलरी समूह गठनगरी २१० जना सदस्यलाई अनुशिक्षँण र बादी समूदायका महिलाका लागि घर विकास योजनाको अनुशरण अन्तरगत १५ जनालाई अन्तरसमिति रेखाङ्कन भ्रमण र २ समूहलाई सदस्यको अनुशिक्षणजस्ता सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन भएका छन् ।

## ३.१.५ आन्तरिक बेचबिखन नियन्त्रणका लागि नियमन र अनुगमन

***(राष्ट्रिय कार्ययोजनाको रणनीति १.५ संग सम्बन्धित) :***

(क) डान्स बार, रेष्टुराँ, क्याबिन र मसाज पार्लरजस्ता क्षेत्रहरु महिला तथा बालिकाहरूको आन्तरिक बेचबिखन तथा ओसारपसार तथा यौन उत्पीडनजन्य कार्यका लागि जोखिमयुक्त हुन सक्ने वास्तविकता विभिन्न अध्ययनले देखाएको पाइन्छ । नेपालका श्रमजीवि महिलाहरूप्रति डान्स रेस्टुरेन्ट, डान्स बार जस्ता कार्यस्थलमा हुने यौन उत्पीडन नियन्त्रण गर्न सम्मानीत सर्वोच्च अदालतबाट जारी गरिएको निर्देशिका, २०६५ वमोजिम यस्ता डान्स बार, रेष्टुराँ, क्याबिन र मसाज पार्लरजस्ता क्षेत्रको नियमन तथा अनुगमन गर्न सबै जिल्लामा अनुगमन तथा कारवाही समितिहरू गठन गरिएका छन् । प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुख, महिला तथा बालबालिका कार्यालयका प्रमुख सम्मिलित यी समितिहरूबाट अनुगमन भै महिला तथा बालिकाहरूको आन्तरिक बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका बालबालिकाहरू भेटिएमा उनीहरूको उद्धार तथा संरक्षणको लागि सरोकारवाला संस्थाहरूमा प्रेषण तथा सिफारिश गर्ने कार्यले निरन्तरता पाएको छ ।

(ख) स्थानीय प्रशासन, प्रहरी र महिला तथा बालबालिका कार्यालयका प्रमुखहरुको सकृयतामा बाँके, रुपन्देही, म्याग्दी, कास्की, पर्सा, ललितपुर आदिमा संवन्धित जिल्लाका विभिन्न होटल, रेष्टुरेन्ट, डान्सबारहरूमा अनुगमन तथा निरीक्षणको अलावा यस विषयमा छलफल र अन्तरक्रियाजस्ता कार्यक्रमहरु सम्पन्न गरिएका छन् । कास्कीमा यसरी गरिएको अनुगमनको प्रतिबेदन सार्बजनिकीकरणसमेत गरिएको छ । पर्सामा १० र लतिपुरमा ९० जना कारबाहीमा परेका छन् । यसबाट व्यवसाय संचालक तथा श्रमजीविहरुमासमेत मानव वेचविखन तथा ओसारपसार नियन्त्रणबारे चेतना बढ्दै गएको आँकलन गर्न सकिन्छ ।

## ३.१.६ बिपन्न समुदायका महिला तथा किशोरकिशोरीलाई सीप विकास र आय आर्जन

***(राष्ट्रिय कार्ययोजनाको रणनीति १.६ संग सम्बन्धित) :***

(क) महिला विकास कार्यक्रमको लक्षित वर्ग सामाजिक तथा आर्थिकरूपमा सीमान्तकृत महिला तथा किशोरीहरूको सशक्तिकरणका लागि महिला तथा बालबालिका कार्यालयहरूबाट उनीहरुलाई महिला समूहहरूमा आवद्ध गरी विभिन्न किसिमका अभिमुखीकरण, सीप विकास तथा मानव बेचबिखन तथा ओसारपसारविरूद्ध र लैङ्गिक हिंसा नियन्त्रण सम्बन्धी तालिमसमेत प्रदान गर्ने कार्यले निरन्तरता पाएकोछ ।

(ख) महिला विकास कार्यक्रमका लक्षित वर्गलाई समूहमा ल्याई उनीहरुको संस्थागत माध्मबाट समग्र विकासमा सहयोगहेतु आ.व. २०७२/७३ मा देशभरिका महिला तथा बालबालिका कार्यालयहरू अन्तर्गत निम्न तालिकावमोजिम समूह गठन, समूहमा आबद्धता, समिति तथा सहकारी संस्था गठनका कार्यहरु गरिएका छन् :

तालिका ३.१.१.५

समूह, समूहआबद्धता, समिति तथा सहकारी संस्थाहरुको विवरण

| *आ.व* | २०७०/७१ सम्म | २०७१/७२ | २०७२/७३ | जम्मा |
|---|---|---|---|---|
| समूह गठन | १५०८४२ | २१८४३ | १०,९११ | १,८३,५९६ |
| समूहमा आवद्ध जनजाति | ३०२१२५ | ४९६९९ | ३५,७५८ | ३,८७,५८२ |
| समूहमा आवद्ध दलित | १४२९४७ | ११०५७ | ८,७०३ | १,६२,७०७ |
| समूहमा आवद्ध अन्य | ४४७४०२ | ३७५५७ | ४३२९५ | ५२८२५४ |
| कूल सदस्य | ८९२४७४ | ९८३१२ | ८७७५७ | १०७८५४३ |
| वडा समिति | १६६१२ | ४३८८ | १८५८ | २२८५८ |
| निगरानी समूह | - | ५६९१ | ३७८१ | ९४७२ |
| सहकारी संस्था | १६३६ | ८१ | १११ | १८२८ |

श्रोतः वार्षिक प्रगति प्रतिवेदन, २०७२/७३, महिला तथा बालबालिका विभाग

उक्तबमोजिम आ.व.२०७२/७३ सम्मको विवरणअनुसार महिला विकास कार्यक्रम ३,१५२ गाविस, २०४ नगरपालिका र २१,७६२ वडाहरूमा लागू हुन पुगेको छ । यसरी संस्थागत रुपमा सदस्यहरुले आ.व. २०७१/७२ को रु.८८,७६,९५,०७३ समेत कूल रु.४,५९,९८,३०,८७७ वचत संकलनमध्ये जम्मा रु. ४,३४,७७,८१,२९८ आफै सदस्यहरुभित्रै लगानी गरेका छन् । यसरी महिला संस्था एवं समूहमा आवद्ध ग्रामीण एवं विपन्न महिला सदस्यहरूले आफ्नो आवश्यकता र सीपअनुसारका विभिन्न किसिमका आयमूलक क्रियाकलापहरू संचालन गरिरहेका छन् । यसबाट उनीहरूले आफूलाई आर्थिक सशक्तिकरणसमेत विभिन्न प्रकारका लैङ्गिक हिंसाबाट वचाउ गर्न सक्षम वनाउदै लगेका छन् । समाजमा महिलाहरुले आफ्नो मर्यादासम्मान बढाइरहेका छन् ।

(ग) वैदेशिक रोजगारमा जाने महिला तथा पुरूषहरूलाईश्रम तथा रोजगार मन्त्रालयले गन्तव्य मुलुकको भाषा, संस्कृति, चालचलन तथा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी अभिमुखीकरण तालिम प्रदान गर्ने गरेको छ । विदेश प्रस्थान पूर्व प्रदान गरिने यस किसिमको तालिम पुरूषका लागि १० घण्टा र महिलाका लागि ११ घण्टाको रहेकोछ । वैदेशिक रोजगार प्रबर्द्धन बोर्डको सचिवालयकाअनुसार यस आ.व. २०७२/७३ मा जम्मा १७,२६९ जना महिलाहरूल`यस किसिमको अभिमूखीकरण तालिम प्राप्त गरेका छन भने यसरी तालिम लिनेमहिलाहरुको हकमा अभिमुखीकरण तालिम लिएवापत तिरेकोशुल्कमा जनही रू.७०० का दरले फिर्ता पाउने रकमस्वरुप जम्मा रु.९,०५,९७५/–(नौ लाख पाँच हजार नौसय पचहत्तर) सोधभर्ना भएको देखिन्छ । यसबाट गन्तव्य मुलुकमा आफूले गर्नुपर्ने काम अनुसारको सीप तथा त्यहाँको भाषा, संस्कृति तथा कानूनबारे जानकारी प्राप्त हुन गै जोखिममा पर्ने सम्भावना कम हुने ठानिएको छ । वैदेशिक रोजगार नीति अन्तर्गत श्रम तथा रोजगार मन्त्रालयले यस आ.व.मा पनि विभिन्न किसिमका सीप तथा क्षमता अभिबृद्धि गर्ने कार्यक्रम संचालनमा निजी क्षेत्रसंगको सहकार्यलाईसमेत निरन्तरता दिएको छ ।

(घ) वैदेशिक रोजगार प्रवर्द्धन बोर्डले '**वैदेशिक रोजगारमा जानुपूर्व सीप सिकेर दक्ष भएर मात्र जाऔं**' भन्ने अभियानकासाथ यस आ.व २०७२/७३ मा इलेक्ट्रीसियन, मेशन, प्लम्बिङ्ग, हाउस पेटिङ्ग, स्काफोल्डिङ्ग, कुक, वेटर, स्टिल फिक्सर र सटरिङ्ग कार्पेन्टरजस्ता बिषयमा १६० घण्टे सीपमूलक तालिमलाई निरन्तरता दिइएकोछ ।[7] बोर्डका अनुसार यसबाट वैदेशिक रोजगारमा गएका कामदारहरूले सीपको अभावमा सम्झौता वमोजिमको पारिश्रमिक नपाउने र विभिन्न दुर्घटना भोग्नु पर्ने घटनामा कमी आएको अनुमान गरिएको छ ।

[7] वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड,

## ३.१.७ जोखिम र प्रभावितहरू बारे एकीकृत तथ्याङ्क व्यवस्थापन तथा सूचना प्रणालीको विकास

***(राष्ट्रिय कार्ययोजनाको रणनीति १.७ संग सम्बन्धित):***

(क) मानव बेचबिखन तथा ओसारपसारको दृष्टिले संवेदनशील ल्लािहरुका जोखिममा रहेका तथा जोखिम उन्मूख क्षेत्र पहिचान सर्वेक्षणका लागि पुनरावलोकन (A Desk Review : Progression in the Trafficking in Persons scenario and Response for Prevention, Protection and Prosecution)गर्ने कार्य सम्पन्न भएको छ ।

(ख) लैंगिक हिंसा तथा मानव वेचविखनबाट प्रभावितहरुले प्राप्त गर्ने निशुल्क सेवाहरुकोबारेमा बाठमाण्डौ, ललितपुर, काभ्रे, सिन्धुपाल्चोक, नुवाकोट, रसुवा, धादिङ, गोर्खा, चितवन, मकवनपुर, पर्सा,झापा, रुपन्देही, बाँके, कैलाली, कन्चनपुर गरी १६ निल्लाहरुबाट प्राप्त सूचनाको आधारमा तयार पारिएको जानकारीमूलक sewa.mowcsw.gov.np, Online survice directory निर्माण गरी मन्त्रालयको website मा राखिएको छ ।

(ग) मन्त्रालयमा रहेको मानव बेचबिखन नियन्त्रण राष्ट्रिय समितिको सचिवालयले प्रकाशन गर्दै आएको मानव बेचबिखन तथा ओसारपसारविरूद्ध कार्यरत संघ संस्थाहरूको ठेगाना, कार्यक्षेत्र र सर्म्पक टेलिफोन नम्वर अद्यावधिक गरेको छ ।

## ३.१.८ मानव बेचबिखन तथा ओसारपसारको प्रकृति, कारण र असरका सूचकहरू बारे शिक्षा/जनचेतना अभिबृद्धि

***(राष्ट्रिय कार्ययोजनाको रणनीति १.८ संग सम्बन्धित) :***

(क) मानव बेचबिखन तथा ओसारपसार जिल्ला समिति, स्थानीय समिति, महिला तथा बालबालिका कार्यालयहरूले यस वर्ष पनि विभिन्न किसिमका जनचेतनामूलक कार्यक्रमहरूलाई निरन्तरता दिएका छन् । यस किसिमका कार्यक्रममा वैदेशिक रोजगारका क्रममा हुन सक्ने मानव बेचबिखन तथा ओसारपसारविरूद्ध सचेतना अभिबृद्धि गर्नसमेत वडास्तर सम्म राजनीतिक दलका प्रतिनिधिहरू, समुदायका अगुवाहरू तथा विभिन्न संघसंस्थाका प्रतिनिधिहरुलाई सहभागी गराइएको छ । गाँउ तथा जिल्ला समिति र महिला बालबालिका कार्यालयहरूले मानव बेचबिखनविरूद्धको दिवस मनाउने देखि आमसञ्चार माध्यमलगायत विद्यालय सचेतनाका लागि विभिन्न निरोधात्मक कार्यक्रमहरू सञ्चालन गरेका छन् । यसरी सम्पन्न भएका कार्यक्रम र नवौं राष्ट्रिय दिवसको सन्दर्भका भएका क्रियाकलापहरुको मनाउने, विस्तृत विवरण क्रमसः अनुसूची ६ र ७ मा दिइएको छ ।




(ख) यस वर्षको मानव बेचखिन तथा ओसारपसार विरूद्धको नवौं राष्ट्रिय दिवस २०७२ भदौ २० गते भव्यताकासाथ मनाइएको छ । दिवश मनाउने सन्दर्भमा " हामी सबै मिली गरौं विपदको सामना, मानव बेचविखनको अन्त्य हाम्रो कर्तव्य र चाहना " भन्ने मूल नाराका साथ यस दिवसको मूल समारोह समिति र गैरसरकारी संघ संस्थाहरूले आपसी समन्वय र सहयोगमा आप्रवासनका क्रममा समेत हुन सक्ने मानव बेचबिखन तथा ओसारपसारका घटनाकाबारे सचेतना ल्याउने विभिन्न किसिमका कार्यक्रमहरू आयोजना गरे । यसरी नेपालमा मानव बेचबिखन तथा ओसारपसार विरूद्ध सक्रियरूपमा कार्यरत विभिन्न गैरसरकारी संघसंस्था/संजालद्वारा आ.व. २०७२/७३ मा सम्पन्न भएका क्रियाकलापहरूको विवरण अनुसूची ८ मा दिइएको छ ।

(ग) यस नवौं मानव बेचबिखन तथा ओसारपसारविरूद्धको राष्ट्रिय दिवस भाद्र २०, २०७२को उपलक्ष्यमा प्रदान गरिको सम्मान तथा पुरस्कारको विवरण निम्नवमोजिम रहेको छ :

**पुरस्कार तथा सम्मान गरिएका व्यक्तिहरु**

(क) श्री शारदा नेपाल, महिला तथा बालबालिका कार्यालय, ईलाम

(ख) श्री राज कुमारी थापा, प्र. ज., जिल्ला प्रहरी कार्यालय, पर्सा

(ग) श्री भगवती नेपाल, आत्मनिर्भरता केन्द्र, सिन्धुपाल्चोक

(घ) श्री झविन्द्र देबकोटा, पत्रकार, तिलोत्तमा राष्ट्रिय दैनिक, वुटवल

(ङ) श्री मीना शर्मा, संचारकर्मी, कान्तिपुर एफ्एम

***सम्मान तथा* प्रशंसापत्र प्राप्त गर्ने व्यक्ति तथा संस्थाहरु:**

***व्यक्तिहरू:***

(क) श्री नारायणी रजौरीया, पत्रकार, रा.स.स., दाङ्ग
(ख) श्री मन्जु थापा, अश्मिता पत्रिका
(ग) श्री चन्द्रा कुमारी गुरुङ्ग, प्र.नि., जिल्ला प्रहरी कार्यालय, कास्की

***संस्थाहरू:***

(क) कानूनी सहयोग तथा परामर्श केन्द्र,(ल्याक), काठमाण्डौ
(ख) महिला तथा बालबालिका कार्यालय, कञ्चनपुर

(घ) विभिन्न गैरसरकारी संस्थाहरूले आआफ्ना परियोजना रहेका संवन्धित जिल्लाहरूमा विभिन्न किसिमका शिक्षा तथा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गराएका छन् । काभ्रे, सिन्धुपाल्चोक, मकवानपुर, बाँके, काठमाडौं र कञ्चनपुरमा २०६८ सालदेखि संचालनमा रहेको मानव बेचबिखन विरूद्धको (CTIP) परियोजनाअन्तर्गतका साझेदार गैरसरकारी संस्थाहरूले मानव बेचबिखन विरूद्धको शिक्षा सचेतनालगायत विविध क्रियाकलापहरू सञ्चालन गर्ने कार्यले यसवर्ष पनि निरन्तरता पाएको छ। यस परियोजनालाई USAID को सहयोगमा दि एशिया फाउन्डेशनले संयोजन गर्दै आइरहेको छ।

(ङ) नेपालमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको सहजीकरणमा समाज कल्याण परिषद्संग सम्झौता/स्वीकृति लिई राष्ट्रिय गैरसरकारी संस्थाहरूमार्फत विभिन्न क्षेत्रमा विभिन्न किसिमका कार्यक्रमहरु संचालन गर्दै आइरहेका छन । महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको वार्षिक प्रगति प्रतिवेदन, २०७२/७३ अनुसार यस आ.व. मा समाज कल्याण परिषद्संग विभिन्न अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले रु. २,४७,११,००,०००। बराबरको ७७ वटा साधारण (General) र रु.८,२३,१४,११,२४५। बराबरको ६६ वटा परियोजना(Project) सम्झौता गरी विभिन्न कार्यक्रमहरु संपन्न गरेका छन् । यस्ता परियोजनामध्ये समझौता मुताविक केही संस्थाहरुले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका कार्यक्रमहरू पनि संचालन गरेका छन् ।

## ३.१.९ सुरक्षित आप्रवासन सम्बन्धी सूचना केन्द्रहरूको स्थापना

***(राष्ट्रिय कार्ययोजनाको रणनीति १.९ संग सम्बन्धित) :***

(क) नेपाल सरकारको वैदेशिक रोजगार नीति, २०६८ अनुरूप वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने जिम्मेवारी श्रम तथा रोजगार मन्त्रालय, वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको हो । यी निकायहरुबाट

वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन विभिन्न निरोधात्मक, प्रवर्द्धनात्मक र नियमनकारी कार्यहरू सञ्चालन गर्दछन् । वैदेशिक रोजगार विभागको तथ्याङ्कअनुसार आ.व. २०७२/७३ सम्मको अवधिमा ४० लाख भन्दा बढी नेपाली नागरिकहरू श्रम स्वीकृति लिएर रोजगारका लागि विभिन्न मुलुकमा गएका छन् । स्वदेशमा रोजगारीका अवसरहरू पर्याप्त नहुंदा श्रम बजारमा हरेक वर्ष प्रवेश गर्ने अधिकांश युवाहरू वैदेशिक रोजगारमा जाने गरेका छन् । वैदेशिक रोजगार प्रवर्द्धन बोर्डकाअनुसार विभिन्न बाटो प्रयोग गरी हरेक दिन करिव १,५०० युवाहरू श्रम स्वीकृति लिई विदेश जाने गरेका छन् भने स्वीकृति नलिइकन भारत तथा अन्यक मुलुकमा जानेको संख्या एकीन गर्न सकिएको छैन ।[8] यसैले विभिन्न संघसंस्थाहरूको सहकार्यमा विभिन्न जिल्लाहरूमा सूचना तथा परामर्श केन्द्रहरू सञ्चालन गरिएका छन । यस वर्ष विभिन्न संघसंस्थाहरुबाट श्रम स्वीकृति लिई अभिलेखवद्ध भएरमात्र वैदेशिक रोजगारमा जानु पर्ने जानकारी दिनका लागि विभिन्न किसिमका चेतनामूलक कार्यक्रमहरू सञ्चालन भएका छन् ।

(ख) श्रम तथा रोजगार मन्त्रालय र सुरक्षित आप्रवासन परियोजना (SAMI/Helvetas)को सहकार्यमा झापा, सुनसरी, सप्तरी, सिरहा, खोटाङ्ग, उदयपुर, धनुषा, महोत्तरी,सर्लाही, सिन्धुली, रामेछाप, सिन्धुपाल्चोक, नुवाकोट, धादिङ्ग, कास्की, नवलपरासी, दाङ, कैलाली र काठमाण्डौसमेत गरी १९ जिल्लाहरूमा सञ्चालन भइरहेको सूचना तथा सेवा कार्यक्रमले यस वर्ष पनि निरन्तरता पाएको छ । यसै किसिमको सूचना केन्द्रहरू वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड र ILO को सहकार्यमा काठमाण्डौ उपत्यका, इलाम, झापा, मोरंग, सुन्सरी, दोलखा र रूपन्देहीमा सञ्चालन भइरहेका छन् । यसकासाथै अन्य जिल्लाहरूमा पनि स्थानीय प्रशासनद्वारा विभिन्न गैर सरकारी संस्थाहरूको सहकार्यमा यस किसिमका सूचना तथा परामर्श केन्द्रहरू सञ्चालन गरिएका छन् ।

(ग) आ.व. २०६८/६९ देखि आ.व. २०७२/७३ सम्म श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा गएका महिला तथा पुरूषहरूको संख्यात्मक विवरण निम्न वमोजिम रहेको देखिन्छ :

तालिका ३.१.१.६

श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा गएका महिला तथा पुरूषहरूको विवरण

(आ.व. २०६८/६९-२०७२/७३)

| *आ.व* | *महिला* | *पुरूष* | *जम्मा* |
|---|---|---|---|
| २०६८/६९ | २२,९५८ | ३,६१,७०७ | ३,८४,६६५ |
| २०६९/७० | २७,७१३ | ४,२५,८३० | ४,५३,५४३ |
| २०७०/७१ | २९,३६८ | ४,९८,४४६ | ५,२७,८१४ |
| २०७१/७२ | २२,०२८ | ४,९०,८५९ | ५,१२,८८७ |
| २०७२/७३ | १९३०७ | ३९९४०६ | ४,१८,७१३ |

वैदेशिक रोजगार विभागका अनुसार आ.व. २०७२/७३ मा कूल ४,१८,७१३ व्यक्तिहरूमध्ये पुरूष ३,९९,४०६ र महिला १९,३०७ ले वैदेशिक रोजगारमा जानका लागि श्रम स्वीकृति लिएका छन् । यसमध्ये व्यक्तिगत प्रयासमा जानेको संख्या ३६,७७२ र वैदेशिक रोजगार व्यवसायी संस्था मार्फत जानेको संख्या ३,८१,९४१ रहेको छ । व्यक्तिगत रूपमा नयाँ श्रम स्वीकृति लिई विदेश जानेको संख्या ११,४११ र व्यक्तिगत रूपमा श्रम स्वीकृति लिई गएकामध्ये कानूनी रूपमा श्रम स्वीकृति लिनेको संख्या २५,३६१ रहेको छ । देशगत रूपमा क्रमसः सवैभन्दा वढी साउदी अरब १,३८,५२९ जना, कतारमा १,२९,०३८ जना कामदार वैदेशिक रोजगारका लागि गएको पाइन्छ । महिला कामदारहरूको हकमा सवैभन्दा वढी क्रमशः यूएईमा ८,१५२

[8] वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड,

जना, मलेसिया १,६२४ र सउदी अरब १,५७१ जना रहेका छन् । महिला कामदार सम्बन्धी  बिस्तृत विवरण तलको तालिकामा दिईएको छः

तालिका ३.१.१.७

श्रम स्वीकृति लिएर घरेलु कामदारको रुपमा वैदेशिक रोजगारीमा जाने महिलाहरूको विवरण

(आ.व. २०६८/६९-२०७२/७३)

| *क.स* | *देशहरू* | *आ.व.* | | | | |
|---|---|---|---|---|---|---|
| | | *२०६८/६९* | *२०६९/७०* | *२०७०/७१* | २०७१/७२ | २०७२/७३ |
| १ | कतार | ९९६ | १,०१२ | २,३२५ | २,३१८ | १५१८ |
| २ | मलेशिया | २,२१० | ७,१९९ | ६,०२९ | ५,८९९ | १६२४ |
| ३ | साउदी अरब | २३७ | ६६७ | ९७१ | ६७६ | १५७१ |
| ४ | यूएई | ४,५२३ | ८,२१२ | ५,०७९ | ७,५९४ | ८१५२ |
| ५ | कुवेत | १२,४९५ | ७,४०० | ७,९६० | ९१८ | ७६३ |
| ६ | बहराइन | ५३२ | ३०५ | ४४७ | ५४२ | ३२२ |
| ७ | ओमन | २९५ | ९१९ | १,१४३ | ४२७ | ८१६ |
| ८ | दक्षिण कोरिया | ३१२ | १९२ | ३०४ | ३५४ | ५७७ |
| ९ | लेवनान | २०५ | ३६९ | ८११ | ४६२ | ११६ |
| १० | इजरायल | ४७२ | ७० | ४९६ | ३१९ | १०८ |
| ११ | अफगानिस्तान | १ | ३ | ७ | ६ | २ |
| १२ | जपान | १०८ | १२६ | १३४ | ९४ | ११९ |
| १३ | अन्य | ५७२ | १,२३९ | ३,६६२ | २,४१९ | ३६१९ |
| | जम्मा | २२,९५८ | २७,७१३ | २९,३६८ | २२,०२८ | १९३०७ |

*स्रोतः वैदेशिक रोजगार विभाग*

(घ) वैदेशिक रोजगार प्रवर्द्धन बोर्डले कामदारहरुको स्थानागमनलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने उद्धेश्यले साप्ताहिकरुपमा हरेक शुक्रबार रेडियो नेपालमार्फत २० मिनेटको 'सात समुन्द्र पारी' नामक कार्यक्रम र अन्य एफ.एम. तथा टेलिभिजनहरूबाट समेत चेतनामूलक सन्देशहरू प्रशारण गर्ने कार्यले निरन्तरता पाएको छ ।

(ङ) वैदेशिक रोजगारमा जाने व्यक्तिहरूलाई सूचना तथा परामर्श प्रदान गर्नका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा श्रम डेस्क रहेको छ । प्रस्थान पूर्व आवश्यक पर्ने जानकारी प्रदान गर्ने, विदेशबाट फर्केका कामदारहरूलाई परामर्श उपलब्ध गराउने र विशेषगरी प्रतिकूल अवस्थाको सामना गरी फर्किनु परेका महिला कामदारहरूका लागि आवश्यकता अनुसार घटना व्यवस्थापन गर्नका लागि गैरसरकारी संस्थाहरूसंग समन्वयगर्ने र सुरक्षा गृह (सेफ हाउस) मा पुऱ्याई आवास, स्वास्थ्य उपचार, कानूनी सहायता एवं मनोबिमर्श सेवा उपलब्ध गराउने सम्मको व्यवस्था नेपाल सरकारले मिलाउने गरेको छ ।

## ३.१.१० मिडियाको क्षमता र संवेदनशीलताको अभिबृद्धि

***(राष्ट्रिय कार्ययोजनाको रणनीति १.१० संग सम्बन्धित) :***

मानव बेचबिखन तथा ओसारपसारविरूद्ध मिडियाको क्षमता अभिबृद्धिका  लागि महिला, बालबालिका तथा समाज समाज कल्याण मन्त्रालय, अन्तर्गत विभाग एवं कार्यालयहरू र विभिन्न संघसंस्थाहरूले आपसी समन्वय तथा साझेदारीमा यस आ.व. मा निम्न कार्यहरु गरेका छन् :

(क) मन्त्रालयमा रहेको मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिको सचिवालयले मानव बेचबिखन तथा ओसारपसारविरूद्ध कार्यरत देशभरका संघ संस्थाहरूको ठेगाना, कार्यक्षेत्र र सर्म्पक टेलिफोन नम्वरसहितको पुस्तिका अद्यावधिक रुपमा प्रकाशन गरी बितरण निरन्तरता दिएको छ ।

(ख) मिडियाको क्षमता अभिबृद्धिका लागि टेलिभिजन, एफ.एम. रेडियो, पत्रपत्रिका एवं सामाजिक संजालहरूजस्ता राष्ट्रिय तथा स्थानीय बिद्युतीय तथा छापा माध्यमहरूलाई संलग्न गराई मानव बेचबिखन तथा ओसारपसारविरूद्धको राष्ट्रिय दिवसलगायत विभिन्न अवसरमा पत्रकारहरूसंग अन्तर्क्रिया गर्ने, संचारकर्मीहरूका लागि अभिमुखीकरण कार्यशाला सञ्चालन गर्ने, विभिन्न किसिमका सन्देशहरू प्रचारप्रसार गर्न लगाउनेजस्ता कार्यहरु महिला, बालबालिका तथा समाज समाज कल्याण मन्त्रालय, अन्तर्गत विभाग एवं कार्यालयहरूबाट गर्ने गरिएको छ ।

## ३.१.११ अध्ययन र प्रतिवेदन

***(राष्ट्रिय कार्ययोजनाको रणनीति १.११ संग सम्बन्धित) :***

(क) बिगत पाँच वर्षदेखि गर्दै आएको मानव बेचबिखन तथा नियन्त्रण, राष्ट्रिय प्रतिवेदन प्रकाशनको कार्यलाई महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, मानव बेचबिखन नियन्त्रण राष्ट्रिय समितिको सचिवालयले आ.व.२०७१/७२ मा पनि निरन्तरता दिई वर्षभरि सरकारी तथा गैर सरकारी क्षेत्रबाट मानव बेचबिखन तथा ओसारपसार बिरूद्ध गरेका गतिविधिहरूको प्रगति समेटिएको राष्ट्रिय प्रतिवेदन, २०७२ प्रकाशन गरेकोछ ।

(ख) सबै महिला तथा बालबालिका कार्यालयहरूले आफूले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी जिल्लामा गरेका गतिबिधिहरूको चौमासिक तथा वार्षिकरूपमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण, राष्ट्रिय समितिको सचिवालयमा प्रतिवेदन गर्ने कार्यलाई निरन्तरता दिइएका छन् । यसैगरी मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय र जिल्ला समितिहरूबाट पुनर्स्थापना गृहहरूको अनुगमन गर्ने कार्य आवश्यकतावमोजिम गर्ने गरिएको छ ।

(ग) विगत वर्ष जस्तै यस वर्ष पनि नवौं राष्ट्रिय मानव वेचविखन तथा ओसारपसारविरुद्धको दिवश मनाउनेक्रममा “यात्रा“ नामको पाँचौं अंकको पुस्तिका प्रकाशन भएको छ ।

# ३.२: संरक्षणात्मक क्रियाकलापहरु

आ.व.२०७२/७३ मा मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरूद्धको राष्ट्रिय कार्ययोजना, २०६८ को प्राथमिकता क्षेत्र- संरक्षण अन्तर्गतको उद्देश्य प्राप्तिका लागि स्थापित संयन्त्रद्वारा मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको सहयोग तथा संरक्षणलागि निर्धारण भएका नीति तथा कार्यक्रमहरू अनुरुप सम्पन्न भएका क्रियाकलापहरू देहाय बमोजिम रहेका छन् :

## ३.२.१ उद्धार तथा स्वदेश फिर्ती

***(राष्ट्रिय कार्ययोजनाको रणनीति २.१ संग सम्बन्धित)***

1. नेपाल सरकारले विभिन्न मुलुकहरूमा वेचिन पुगेका, श्रम तथा यौन शोषणमा परेका व्यक्तिहरू विशेष गरी महिला तथा बालबालिकाहरूको उद्धार तथा स्वदेश फिर्तीका लागि रकम निकासा गर्ने कार्यलाई यस वर्ष पनि निरन्तरता दिएको छ ।

२. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले विदेश स्थित विभिन्न नेपाली नियोगहरुसंग समन्वय र सहकार्य गरी बेचबिखन तथा ओसारपसारबाट पीडित महिला र बालबालिकालाई उद्धार र स्वदेश फिर्तीका लागि २०६७ देखि नै रकम उपलब्ध गराउदै आएको छ । यस कार्यका लागि भारतको नयाँदिल्ली स्थित नेपाली राजदूतावास, कोलकाता स्थित नेपाली महावाणिज्य दुतावास तथा थाईल्याण्ड स्थिति नेपाली नियोगसमेतलाई महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयलबाट विभिन्न आ.व.मा निकासा भएको रकमको विवरण देहायको तालिका ३.२.१.१ बमोजिम रहेको देखिन्छ :

तालिका ३.२.१.१
पीडित/प्रभावितहरूको उद्धार तथा स्वदेश फिर्तीका लागि कुटनीतिक नियोगहरूलाई निकासा दिइएको रकमको विवरण
(आ.व. २०६८/६९-२०७२/७३)

| नियोग | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ |
|---|---|---|---|---|---|
| नेपाली राजदूतावास, नयाँदिल्ली | ५,००,००० | ५,००,००० | - | - | - |
| महाबाणिज्य दूतावास, कोलकाता | - | - | ८,००,००० | - | ८,००,००० |
| नेपाली राजदूतावास, थाईल्याण्ड | - | - | - | १०,००,००० | १०,००,००० |
| नेपाली राजदूतावास, अबुधाबी | - | - | - | - | १०,००,००० |
| परराष्ट्र मन्त्रालय | - | - | - | - | ३२,९३२ |

*स्रोत : मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिको सचिवालय ।*

उक्त तालिकाबमोजिम परराष्ट्र मन्त्रालयलाई  उपलब्ध गराईएको रकम रु. ३२, ९३२ श्रीलंकाबाट कुवेत जाने क्रममा श्रीलंकाको विमानस्थलमा अलपत्र परेकी महिलालाई उद्धार गर्दा  परराष्ट्र मन्त्रालयमार्फत शोध भना गरिएको रकम हो । यसरी विदेश स्थित कुटनीतिक नियोगहरूलाई रकम निकासा गर्दा उनीहरुले गरेको कामको प्रगति विवरण र मागसमेतलाई आधारमा  मान्ने गरिएको छ ।

३. विभिन्न गैरसरकारी संस्थाहरुसमेतको सहयोग र सहकार्यमा मानव बेचबिखन तथा ओसारपसारमा परेका महिला तथा बालबालिकाहरुलाई नेपाल फीर्ति गराउने क्रममा यस आ.व.२०७२/७३ मा भारतबाहेक अन्य देशमा रहेका नेपाली राजदुताबास तथा महावाणिज्य दूताबासहरुबाट भएगरेका कार्य प्रगतिको विवरण देहायबमोजिमरहेकोछः

**(क)<u>नेपाली राजदूताबास, बेइजिङ्ग</u>**

चीनको बेइजिङ्गस्थित नेपाली राजदुतावासबाट प्राप्त जानकारी अनुसार आ.व. २०७२/७३ मा देहायबमोजिम विभिन्न प्रकारको अवस्थाबाट पीडित भएका कूल ८३ जना नेपालीहरुलाई उद्धार गरी स्वदेश फिर्ता गरिएको छ :

| क्र. स. | सेवा प्राप्त गर्ने व्यक्तिको संख्या | | | | प्रभावितको घर जिल्ला | उद्धार सेवा र हालको उपलब्ध सेवा |
|---|---|---|---|---|---|---|
| | महिला | पुरूष | बालिका | बालक | | |
| १. | | ३२ | | | | आकर्षक रोजगारी लगाई दिने बहानामा दलालहरुद्वारा चीन ल्याई अलपत्र पारिएका सबै ३२ जना नेपालीहरुमध्ये ३ जनालाई २०७२/७३ मा र बाँकी २९ जनालाई दूताबासको पहलमा  २०७३ श्रावणमा र भदौ महिनामा बेइजिङ्ग र अन्य चिंनिया शहरहरुबाट स्थानीय प्रहरी र अध्यागमनको सहयोगमा स्वदेश फर्काईएको । |
| २. | ३ | | | | सुनसरी ,काभ्रे र धादिङ्ग | राम्रो र सुखमय जीवन एबम् रोजगारीसमेतको आश्वासन पाई चिनियाँ नागरिकहरुसंग विवाह गरी चीन आएर घरेलु हिंसासमेतको शिकार हुन पुगेका ३ जना नेपाली महिलाहरुमध्ये २ जनालाई निजहरु विवाह गरी बसोबास गर्दै आएको चीनको सान्तोङ्ग र होइलोङ्गचियाङ्ग प्रान्तबाट उद्धार गरी स्वदेश फर्काईएको र बाँकी एक |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | भागेर दूतावासको शरणमा आएकोमा निजलाईसमेत उद्धार गरी स्वदेशफर्काईएको । |
| ३ | १ | | | | | घरेलुका मदारकोरुपमा चीनको ग्वान्तोङ्ग ल्याईएकी भिसा अवधि सकिई लामो समयदेखि गैर कानूनीरुपमा कामदार बनाई राखिएकोमा दूतावास र गैर आवासीय नेपाली समूदायको सहकार्यमा निजलाई स्वदेश फर्काईएको । |
| ४ | | | | | | चीनको छिङ्गघाई प्रान्तमा चिनियाँ भाषा र होटेल तालिम दिन भनेर ल्याईएका ४७ जनामध्ये केहीले आफूहरुलाई चिनियाँ भाषा र होटेलसंबन्धी कुनै तालिम नदिई दैनिक १२ घण्टा भन्दा बढी होटेलमा मजदूरसरह काम गराईएको भनी दूतावासलाई दिइएको निबेदनको आधारमा छिङ्गघाई प्रान्तको विदेश मामिला कार्यालयमा सोधपूछ गरी निजहरुको अवस्थाबारे जानकारी लिइएको । |

*स्रोत : परराष्ट्र मन्त्रालय*

**(ख) <u>नेपाली राजदूताबास, रियाद, साउदी अरब</u>**

साउदी अरबको रियाद स्थित नेपाली राजदूतावासले आ.व. २०७२/७३ मा विभिन्न किसिमका शोषणमा परेका ३७९ नेपाली (महिला ११२, पुरुष २६६ र बालक १) लाई खाने तथा बस्ने व्यवस्था, अत्यावश्यक औषधि उपचार, श्रम, पासपोर्ट तथा अध्यागमनलगायत अन्य सरकारी कार्यालयहरुसंगको निरन्तर संपर्क, समन्वय र पहल मार्फत उद्धार गरी नेपाल फिर्ता पठाउने कार्य भएकोछ । यसरी उद्धार गरिएका महिलाहरुमध्ये कैयौंलाई कुबेतलगायत अन्य देशबाट दलालहरुमार्फत साउदी अरब ल्याईएको थियो । यसै अवधिमा सउदी अरब आएकामध्ये २३३ जनाको मृत्यू भएकोमा ४ जना महिला रहेको छ । यसको पूर्ण विवरण देहाय बमोजिम रहेको छ :

| क्र. स. | सेवा प्राप्त गर्ने व्यक्तिको संख्या | | | | उद्धार सेवा र हालको उपलब्ध सेवा |
|---|---|---|---|---|---|
| | महिला | पुरूष | बालिका | बालक | |
| १. | २ | २६६ | | | दूताबासको परामर्श लिई/नलिई आफ्नै या साउदी अरबस्थित नेपाली समूदायको पहलमा फिर्ता भएकाहरुको अभिलेखित तथ्याङ्क नभएको |
| २ | ११० सुरक्षा गृहमा सेवा पाएका | | | १ | साउदी अरबमा अब्यवस्थित र काम चलाउ प्रकृतिको अवस्थामा रहेको अस्थाई सुरक्षा गृहमा खाने तथा बस्ने व्यवस्था, अत्यावश्यक औषधि उपचार, श्रम, पासपोर्ट तथा अध्यागमनलगायत अन्य सरकारी कार्यालयहरुसंगको निरन्तर संपर्क, समन्वय र पहल मार्फत ११० मध्ये ९५ जना नेपाल फिर्ता पठाईएको । |
| ३ | | | | | • सोही अवधिमा सउदी अरबआएकामध्ये २३३ जनाको मृत्यू भएकोमा ४ जना महिला रहेको ।<br>• उद्धार गरिएका महिलाहरुमध्ये कैयौं कुबेतलगायत अन्य देशबाट दलालहरुमार्फत साउदी अरब ल्याईएको । |

**(ग) <u>नेपाली राजदूताबास, सिओल, दक्षिण कोरिया</u>**

गणतन्त्र कोरियामा रोजगारीको सिलसिलामा नेपाली राजदूताबास, सिउलबाट उद्धार गरिएका नेपाली नागरिकहरुको विवरण देहाय बमोजिम रहेको छः

| क्र. स. | सेवा प्राप्त गर्ने व्यक्तिको संख्या | | | | उद्धार सेवा र हालको उपलब्ध सेवा |
|---|---|---|---|---|---|
| | महिला | पुरूष | बालिका | बालक | |
| १. | १३ | ३६ | | | |

*स्रोत : परराष्ट्र मन्त्रालय ।*

**(घ) <u>नेपाली राजदूतावास, क्वालालाम्पुर, मलेसिया</u>**

मलेसिया स्थित नेपाली राजदूतावासबाट प्राप्त जानकारी अनुसार जोहोरवारु घरफीर्ति केन्द्रबाट एक महिला तथा निजको छोरीलाई उद्धार गरिएको छ भने ४५० भन्दा बढी नेपालीहरुलाई टिकट उपलब्ध गराई घर फर्काईएको छ । यसै अवधिमा कुल २१,८६० जना नेपाली नागरिकहरूलाई राजदूतावासले एकतर्फी ट्राभेल डकुमेन्ट उपलब्ध गराएको छ । यसबाहेक माइक्रोनेसियाको याप स्टेटमा अलपत्र परेका १६ नेपालीहरुमध्ये १२ जनालाई आईओएम तथा फेडेरेट्स अफ माईक्रोनेसियाको सहयोगमा नेपाल फिर्ता गरिएको छ ।

**(ङ) <u>नेपाली राजदूताबास, मस्कट, ओमान</u>**

ओमानस्थित नेपाली राजदुतावासप्राप्त जानकारी अनुसार आ.व. २०७२/७३ मा वैदेशिक रोजगारको सिलसिलामा शोषणमा परेका नेपाली महिला ९६ जना र पुरूष १९ जना गरी ११५ जनाले राजदुतावाट विभिन्न किसिमका सेवा प्राप्त गरेका छन् । ओमान सरकारले घोषणा गरेको आम माफीको समयमा ७१ जना महिला कामदारहरुलाई उद्वार गरी स्वदेश फिर्ता गरिएको छः

| क्र.स. | सेवा प्राप्त गर्ने व्यक्तिको संख्या | | | | उद्धार सेवा र हालको उपलब्ध सेवा |
|---|---|---|---|---|---|
| | महिला | पुरूष | बालिका | बालक | |
| १. | ९६ | १९ | | | ओमानको कानूनअनुसार ओमानीहरुले हाउसमेडकोरुपमा काममा लगाउनको लागि ओमानमै रहेका हाउसमेड सप्लाई गर्ने कम्पनीमा गई दुई वर्षको लागि सरदर ओमानी रियाल १५०० (ने.रु. ४,२०,०००। ) उक्त कम्पनीलाई बुझाएर कामदार खरिद गर्ने हुंदा यसरी बेचिएको कामदार दुई वर्षसम्म मालिकको घरमा काम गर्न बाद्य हुन्छन् । विभिन्न समस्यामा परी घरबाट भागेर दूताबासको शरणमा आउने महिलाहरुलाई उनीहरुको मालिकले आफ्नो कामदार फिर्ता पठाउन सहमत भएको भनी यहाँको अध्यागमनमा लिखत पेश नगर्दासम्म फिर्ता पठाउन सकिदैन । उक्त सहमति माग गर्दा घर मालिकले आफूले कामदारको लागि तिरेको रकम माग गर्ने र उक्त रकम तिर्ने क्षमता कामदार तथा दूताबासकोसमेत नहुने हुंदा मालिकलाई फकाउन धेरै समय लाग्ने तथा प्रायः असम्भव नै हुन्छ । साथै ओमानमा आश्रय गृहको अभावमा यसरी भागेर आउने महिला कामदारहरुलाई लामो समयसम्म दूताबासमै राख्नुपर्ने बाध्यता रहेको ।<br>ओमान सरकारले घोषणा गरेको आम माफीको समयमा ७१ जना महिला कामदारहरुलाई उद्वार गरी पठाइएको । |

*स्रोत : परराष्ट्र मन्त्रालय ।*

**(च) <u>नेपाली राजदूताबास, मस्को, रसिया</u>**

मस्कोस्थित नेपाली राजदूतावासबाट प्राप्त जानकारी अनुसार वैदेशिक रोजगारको सिलसिलामा आ.व. २०७२/७३ मा रुस, युक्रन, जर्जिया, अजरबैजान तथा बेलारुसबाट महिला ३ र पुरूष २७ गरी जम्मा ३० जना नेपालीहरुलाई देहायबमोजिम विभिन्न अवस्थाबाट उद्धार गरी नेपाल फिर्ता गरिएको छ ।

| क्र.स. | सेवा प्राप्त गर्ने व्यक्तिको संख्या | | | | उद्धार गरिएको मुलुक | उद्धार सेवा र हालको उपलब्ध सेवा |
|---|---|---|---|---|---|---|
| | महिला | पुरूष | बालिका | बालक | | |
| १. | ० | १६ | | | युक्रेन | १४ जना यूरोप जाने प्रलोभनमा परेर युक्रेन पुगेको र गैर कानूनी तरिकाबाट युक्रेनको बोर्डर क्रस गरेर अन्य मुलुकमा जान खोज्दा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | प्रहरीले पक्राउ गरेको र २ जना नक्कली भिषा लगाई यूरोपीयन मुलुकमा जान खोज्दा युक्रेनको राजधानी किभको एयरपोर्टमा समातिएका । |
| २ | ० | ६ | | | जर्जिया | जर्जियाको राजधानी त्बीलिसीमा अलपत्र परेका । |
| ३ | १ | १ | | | अजरबैजान | अजरबैजानमा अलपत्र परेको । |
| ४ | ० | २ | | | रुस | एक जना गैरकानूनी तरिकाबाट रुसको बोर्डरबाट क्रस गरी अन्य मुलुकमा जान खोज्दा रुसको प्रहरीले पक्राउ गरको र एकजना भिषा अवधि भन्दा बढी बसेकोले डिपोट हुनु परेको । |
| ५ | २ | २ | | | बेलारुस | गैरकानूनी तरिकाबाट बेलारुसको बोर्डरबाट क्रस गरी अन्य मुलुकमा जान खोज्दा बेलारुसको प्रहरीले पक्राउ गरेको । |

*स्रोत : परराष्ट्र मन्त्रालय ।*

**(छ) नेपाली राजदूताबास, प्रीटोरीया, दक्षिण अफ्रिका**

दक्षिण अफ्रिका स्थित नेपाली राजदुतावासबाट प्राप्त विवरण अनुसार आ.व. २०७२/७३ मा विभिन्न उद्धेश्यका वहानामा दक्षिण अफ्रीकाको अलावा केन्या, ताञ्जानिया र युगाण्डा पुगी पीडित शोषित भएका नेपालीरूलाई तलको विवरण वमोजिम उद्धार गरिएको छ ।

| क्र. स. | सेवा प्राप्त गर्ने व्यक्तिको संख्या | | | | एद्धार गरिएको मुलुक | उद्धार सेवा र हालको उपलब्ध सेवा |
|---|---|---|---|---|---|---|
| | महिला | पुरूष | बालिका | बालक | | |
| १. | १ | ३ | | | दक्षिण अफ्रिका | महिलाको सन्दर्भमा भारतबाट पर्यटन भिषामा कुक/घरेलु कामदारकोरुपमा दक्षिण अफ्रिका ल्याई रोजगारदाताले निजको भिषा नवीकरण नगरेको र राहदानी फिर्ता नदिई गैरकानूनी बनाई तलब समेत नदिएको । पुरुषको सन्दर्भमा नेपाली शैक्षिक परामर्श कम्पनीले अध्ययन र रोजगारीको प्रलोभनमा पारी रोजगारी सुनिश्चित नगरी अलपत्र पारेको र नेपाली अबैध भई पीडित भएकोले उद्दार गरिएको र पीडक बिरुद्ध दूतावासमार्फत नेपाल प्रहरीमा उजुरी गरिएको । |
| २. | ४ | १ | | | केन्या | ४ जना महिला पर्यटन भिषामा केन्यामा पु-याइएका र काम गर्ने अनुमतिबिना डान्सबारमा काम गर्दागर्दै पक्राउ परेका । एकजना पुरुष पर्यटक भिषामा गई काम गरिरहेको र  एकजना दलालले राम्रो रोजगारी दिलाइदिने भनी राहदानी र केही रकम लिई भागेकाले अलपत्र अवस्थामा अवतैनिक नेपाली वाणिज्यदूतसमेतको पहलमा उद्धार गरिएको |
| ३. | ० | २ | | | तान्जानिया | २ जना पुरुष भारतीय एजेन्टमार्फत कामको प्रलोभनमा तान्जानिया पुगी अलपत्र परेकोले एन आर एन समेतको सहयोगमा उद्धार गरिएका । |
| ४. | ० | १ | | | युगान्डा | अन्य मुलुकमा लैजान भनी युगान्डामा अलपत्र पारेको अवस्थामा केन्यास्थित अवैतनिक वाणिज्यदूतका समेत सहयोगमा उद्धार । |

*स्रोत : परराष्ट्र मन्त्रालय ।*

**(ज) नेपाली राजदूताबास, बैंकक, थाईल्याण्ड**

परराष्ट्र मन्त्रालयकाअनुसार थाइल्याण्ड स्थितनेपाली राजदूतावासबाट आ.व.२०७२/७३ मा वैदेशिक रोजगारको बहानामा ओसार पसारमा परेकानेपाली महिला १ जना र पुरूष ९ जनालाई अनुमतिपत्र उपलब्ध गराउने, थाइ प्रहरीमा उजुर गरी

अदालतमा मुद्दा दायर गर्न दोभाषेको व्यवस्था गर्ने, ठगी गर्ने दलाललाई आवश्यक कारवाही गर्न थाई सरकार र नेपाल सरकारको सम्बन्धित निकायमा पीडितको उजुरीसहित पत्राचार गर्ने कार्य भएकोछ :

| क्र. स. | सेवा प्राप्त गर्ने व्यक्तिको संख्या | | | | उद्धार सेवा र हालको उपलब्ध सेवा |
|---|---|---|---|---|---|
| | महिला | पुरूष | बालिका | बालक | |
| १. | ० | २ | | | यात्रा अनुमतिपत्रसहित नेपाल पठाउन सहयोग गर्नुका साथै पीडितको उजुरीक ।आधारमा ठगी गर्ने दलाललाई आवश्यक कारवाही गर्न थाई सरकार र नेपाल सरकारको सम्बन्धित निकायमा पीडितको उजुरीसहित पत्राचार गरिएको । |
| २. | ० | १ | | | |
| ३. | ० | २ | | | |
| ४. | १ | १ | | | बुंदा १,२,३,का समेत थाई प्रहरीमा उजुरी गर्न तथा बैंकको केडिट कार्ड दुरुपयोग रोक्न एवं दोषीउपर शीघ्र मुद्या चलाउन आवश्यक सिफारिससहित दोभाषेको व्यवस्था गरेको । |
| ५. | ० | १ | | | पीडितलाई सकुशल नेपाल पठाउन यात्रा अनुमतिपत्रसहित सहयोग गर्नुका साथै पीडितको उजुरीका आधारमा ठगी गर्ने दलाललाई आवश्यक कारवाही गर्न थाई सरकार र नेपाल सरकारको सम्बन्धित निकायमा पीडितको उजुरीसहित पत्राचार गरिएको । |
| ६. | ० | १ | | | |

*स्रोत : परराष्ट्र मन्त्रालय ।*

### (ज) <u>नेपाली महावाणिज्य दूतावास, कोलकाता, भारत</u>

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयबाट उपलब्ध गराइएको रकमबाटसमेत भारतको कोलकाता स्थित नेपाली महावाणिज्य दूतावासले विभिन्न गैरसरकारी संस्थाहरूको समन्वय, सहयोग र सहकार्यमा आ.व. २०७२/७३ मा भारतका विभिन्न स्थानहरूबाट उद्धार गरी नेपाल फिर्ता गरिएका व्यक्तिहरुको विवरण तल प्रस्तुत गरिएको छः

| क्र. स. | सेवा प्राप्त गर्ने व्यक्तिको संख्या | | | | प्रभावितको घर जिल्ला | उद्धार सेवा र हालको उपलब्ध सेवा |
|---|---|---|---|---|---|---|
| | महिला | पुरूष | बालिका | बालक | | |
| | २१ | २ | १९ बालक/बालिका | | नुवाकोट, सि.पा.,दाङ्ग, धनुषा, काठमाडौं ईलाम, झापा, मोरङ्गसमेत | एक जना महिलालाई उद्धार गरी नेपाल फर्काईएको, ११ जनाको विवरण एकीनको लागि संबन्धित जिल्लामा पठाइसकिएका र केहीलाई परामर्श उपलब्ध गराइएको । |
| २ | ७ | ७ | | | नुवाकोट , सिन्धुपाल्चोक , दाङ्ग , दोलखा , झापा , काठमांडौ , मोरङ्ग , धनुषा, बीरगंज रक्सौल | नुवाकोट ३, सिन्धुपाल्चोक १, काठमांडौ १,सिन्धुपाल्चोक १,दाङ्ग १, दोलखा १, झापा २, काठमांडौ २, मोरङ्ग २, धनुषा १, बीरगंज रक्सौल १ गरी ५ जना नेपाल फिर्ती गराएको र बाँकी ९ जनाको होम भेरीफिकेशन प्रक्रियामा रहेको । |

*स्रोत : परराष्ट्र मन्त्रालय ।*

### (झ) <u>नेपाली राजदूतावास, नयाँ दिल्ली, भारत</u>

महिला र बालबालिकाहरूलाई भारत हुँदै अनधिकृत ढङ्गले तेस्रो मुलुकमा लाने गरेको, भारतमा रोजगारी वा विभिन्न कारणले आएका वा प्राकृतिक प्रकोप वा काबु बाहिरको परिस्थिति परी हराउने तथा वेपत्ता भएको भन्ने सूचना प्राप्त हुनासाथ भारतको नयाँ दिल्ली स्थित नेपाली राजदूतावासबाट भारत सरकारको विदेश मन्त्रालय मार्फत खोज तलासको लागि सम्बद्ध निकायहरूलाई अनुरोध गर्ने गरिएको छ । नेपाली राजदूतावासमा अपराधिक घटनाहरूको बारेमा सूचना प्राप्त हुनासाथ उच्चस्तरका पदाधिकारीहरूसमेतको टोली घटनास्थल पुगी अपराधीहरूलाई कानूनी दायरामा ल्याउन प्रतिवेदनसाथ आवश्यक पहल गरेको छ ।

यस क्रममा दिल्ली विमानस्थल हुदै कुदिर्स्थान, केन्या, तान्जानीया भनी खाडी मुलुकको दुबईलगायत विभिन्न मुलकमा अत्यन्त जोखीमपूर्ण कामको लागि पर्यटक र कलाकारको भीसा मिलाई तेश्रो मुलुक पु-याउने क्रममा विभिन्न होटलहरुमा राखिएको अवस्थामा भारतीय प्रहरीको अनुसन्धानबाट २७ जना युवतीहरुको उद्धार गरी भारतस्थित नेपाली दूतावासको पहलमा यस मन्त्रालयबाट २०७२ श्रावण २० मा स्वदेश फिर्ता ल्याई पुनर्स्थापनाको लागि माईती नेपालमा राख्ने व्यवस्था भएको थियो ।

परराष्ट्र मन्त्रालय मार्फत भारतको नयाँ दिल्ली स्थित नेपाली राजदूतावासबाट प्राप्त विवरणअनुसार विदेशमा वेचविखनमा परी अलपत्र हुन पुगेका महिला, बालबालिका, असहाय नेपाली नागरिकहरूको उद्धार तथा स्वदेश फिर्ता गर्नका लागि नेपाल र भारतका विभिन्न संघसंस्थाहरूलाई सम्पर्क, समन्वय गरी परिचालन गर्ने कार्य गरिएको छ । यस अवधिमा भारतका विभिन्न स्थानमा रहेका आश्रय गृहहरूमा रहेका नेपाली महिला तथा बालबालिकाहरूको सूचना र अवस्थाबारे जानकारी आदान प्रदान गरी घर फिर्ताको सम्बन्धमा आवश्यक सूचना सम्प्रेषण गर्ने कार्य भएको छ । यस सम्वन्धमा नेपाल र भारत सरकारका परराष्ट्र मन्त्रालय, गृह मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरू, प्रहरी कार्यालय र अध्यागमन कार्यालयहरूवीच आवश्यकता अनुसार समन्वय र समय समयमा छलफल कार्यसमेत सम्पन्न गरिएका छन् ।

यसरी महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयलेसमेत उपलब्ध गराएको रकमबाट भारतको दिल्लीस्थित नेपाली दूतावासले विभिन्न गैरसरकारी संस्थाहरूको समन्वय, सहयोग र सहकार्यमा आ.व. २०७२/७३ मा भारतका विभिन्न स्थानहरूबाट उद्धार गरी नेपाल फिर्ता गरिएका व्यक्तिहरुको विवरण तल प्रस्तुत गरिएको छः

आ.व.२०७२/७३ मा भातबाट उद्धार गरी नेपाल फिर्ता गरिएका पीडित प्रभावितहरूको विवरण

| क्र.स. | उद्धार गरिएको स्थान | महिला | बालिका | बालक | आश्रित | | जम्मा | मार्फत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | बालिका | बालक | | |
| १. | नयाँ दिल्ली | २७ | - | - | - | - | २७ | बैदेशिक रोजगारका लागि गैर कानूनी रुपमा दिल्ली हुदै तेश्रौ मुलुक जाने क्रममा उद्धार गरी नेपाल प्रहरीलाई जिम्मा लगाएको । |
| २. | गुडगाँउ, हरियाना | २ | - | - | - | - | २ | नयाँ दिल्लीस्थित साउदी अरबीयाका कुटनीतिज्ञ बाट बन्धक बनाईरहेको अवस्थामा उद्धार गरी माईति ईण्डियाको सहयोगमा फिर्ता पठाईएको । |
| ३. | भारतको विभिन्न स्थानका बाल कल्याण समिति बाट उद्धार | | १ | २४ | - | - | २५ | छोराछोरी नेपालको सहयोगमा उद्धार गरी नेपाल फिर्ता पठाईएको । |
| ४. | नयाँदिल्ली | - | - | १ | - | - | १ | निजको पितालाई जिम्मा लगाईएको । |
| ५. | राजस्थान | २ | - | - | - | - | २ | प्रहरी रोहबरमा माईति ईण्डियाबाट माईति नेपाल, बाँकेको जिम्मा दिईएको |
| ६. | नयाँ दिल्ली | ११ | - | - | - | - | ११ | अबैधरुपमा बैदेशिक रोजगारमा भारत हुदै जाँदा उद्धार गरीशान्ति पुनर्स्थापना गृहमार्फत प्रहरी रोहबरमा आफन्तलाई जिम्मा गगाईएको । |
| ७ | भारतको विभिन्न स्थानका बाल कल्याण समिति बाट उद्धार | - | १५ | ११ | - | - | २६ | माईति ईण्डियाको सहयोगमा नेपाल फिर्ता पठाईएको । |
| ८ | उत्तर प्रदेश | १ | - | - | - | १ | २ | प्रहरी रोहबरमा माईति ईण्डियाबाट माईति नेपाल, बाँकेको संरक्षणमा पठाईएका |
| ९ | नयाँ दिल्ली | २ | - | - | - | १ | ३ | माईति ईण्डियाबाट माईति नेपाल, रुपन्देहीको संरक्षणमा फिर्ता दिईएको । |
| १० | भारतको | - | २ | १३ | - | - | १५ | छोराछोरी नेपाललाई जिम्मा लगाईएको । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विभिन्न स्थानका बाल कल्याण समिति बाट उद्धार | | | | | | | |
| ११ | नयाँ दिल्ली | - | १ | - | - | - | १ | शान्ति पुनर्स्थापना गृह, कैलालीमार्फतआफन्तको जिम्मा लगाईएको |
| १२ | नयाँ दिल्ली | - | १ | - | - | - | १ | माईति ईण्डियाबाट माईति नेपाल, रुपन्देहीमार्फत निजको हजुरबुवा जिम्मा दिएको । |
| १३ | नयाँ दिल्ली | २ | - | - | - | - | २ | प्रहरी रोहबरमा माईति ईण्डियाबाट माईति नेपाल, बाँकेको संरक्षणमा पठाईएका |
| १४ | नयाँ दिल्ली | - | - | १ | - | - | १ | प्रबासी नेपाली मित्र मञ्चले उद्धार गरी नेपाल पठाईएको |
| १५ | नयाँ दिल्ली | १ | - | - | - | - | १ | माईति ईण्डियाबाट माईति नेपालको रोहबरमा निजको पितालाई जिम्मा लगाएको |
| | नयाँ दिल्ली | १ | - | - | - | - | १ | माईति ईण्डिया जिम्मा दिएको |
| १६ | नयाँ दिल्ली | - | - | २ | - | - | २ | प्रबासी नेपाली मित्र मञ्चले उद्धार गरी नेपाल पठाईएकोमा जि. प्र. रुपन्देही जिम्मा लगाईएको । |
| १७ | मेरठ | - | - | १ | - | - | १ | सुपा देउराली टुर एण्ड ट्राभलमार्फत नेपाल फिर्ता पठाईएको । |
| | जम्मा | ४९ | २० | ५३ | - | २ | १२४ | |

*स्रोत : परराष्ट्र मन्त्रालय ।*

### (ञ) नेपाली राजदूताबास, इस्लामाबाद, पाकिस्तान

पाकिस्तान स्थित नेपाली राजदूतावासबाट प्राप्त विवरणअनुसार आ.व. २०७२/७३ मा वैदेशिक रोजगारको क्रममा अफगानिस्तानमा लामो समयसम्म अलपत्र परेपश्चात भारत भै नेपाल फर्कने उद्धेश्यले पाकिस्तान प्रवेश गर्दा सुरक्षा निकायले पकाउ गरी रोकी राखेकोमा दूतावासले गृह मन्त्रालयमार्फत सजाँय माफी मिनाह गराई दातृ संस्थाहरुबाट टिकटको व्यवस्था मिलाई नेपाल फिर्ता गरिएका व्यक्तिहरुको विवरण निम्नबमोजिम रहेको छ :

| सुरक्षा गृह भएको देश | सुरक्षा गृह संचालन मिति | सेवा प्राप्त गर्ने व्यक्तिको संख्या | | | | उपलब्ध सेवा |
|---|---|---|---|---|---|---|
| | | महिला | पुरूष | बलिका | बालक | |
| स्थायी नभएको | आवश्यकता अनुसार संचालन | – | ३ | – | – | अफ्गानिस्तानमा लामो समय अलपत्र भएपश्चात नेपाल फर्कने क्रममा अवैधरुपमा पाकिस्तान प्रवेश गर्दा पकाउ परेकोमा दूताबासले उद्धारगरी नेपाल फर्काएको । |

### (ट) नेपाली राजदूताबास, कायरो, इजिप्ट

नेपाली राजदूताबास, कायरो, इजिप्टले यस आ.व.मा मानव वेचविखनमा परेको भन्ने गुनासो नपरेको तर अनधिकृतरुपमा प्रवेश गरी गैरकानूनी अवस्थामा काम गर्दै आई रहेकोमा थुनामा परेका, राहधानी नभएका ६४ जना महिला लेबनानबाट र २ नाम पुरुष युगान्डाबाट उद्धार गरेको छ । मानव वेचविखन तथा ओसारपसारबाट प्रभावित रुपन्देहीको एक, मोरङ्गको एक र तेह्रथुमको एक गरी तीन जना महिलाहरुलाई यस आ.व.मा संबन्धित देशको सरकार तथा आइओएम र क्यारिटास जस्ता अन्तर्राष्ट्रिय संघसंस्थाहरुसंगको समन्वयमा उद्धार गरिएका विवरण नेपाली राजदूताबास कायरोबाट प्राप्त भएको छ ।

### (ठ) नेपाली राजदूताबास, दोहा, कतार

नेपाली राजदूताबास, दोहा,कतारमा विपदमा वरेका महिला कामदारका लागि ६ जनासम्म समायोजन गर्न सकिने सुरक्षित गृह स्थापना गरिएको छ । आ.व. २०७२/७३ मा यस गृहबाट सेवा प्राप्त गर्ने व्यक्तिहरुको विवरण देहाय बमोजिम रहेको देखिन्छ :

| सुरक्षा गृह भएको देश | सुरक्षा गृह संचालन मिति | सेवा प्राप्त गर्ने व्यक्तिको संख्या | | | | उपलब्ध सेवा |
|---|---|---|---|---|---|---|
| | | महिला | पुरूष | बालिका | बालक | |
| कतार | १ अक्टोबर २०१५ | ९ | २ | | | खने बस्ने प्रबन्ध मिलाई आवश्यक प्रकृया पूरा गरी स्वदेश फर्काउने व्यवस्था मिलाइएको । |

(ठ) **नेपाली राजदूताबास, श्रीलंका**

नेपाली राजदूताबास, श्रीलंकाबाट प्राप्त विवरणअनुसार आ.व. २०७२/७३ मा एकजना नेपाली महिलालाई कुवेत जाने क्रममा श्रीलंकाबाट २०७२ चैत्र १ गते उद्धार गरी नेपाल फिर्ता गरिएको छ ।

4. वैदेशिक रोजगारकोक्रममा तेश्रो मुलुकहरूमा हुने श्रम तथा यौन शोषण, बेचबिखन र ठगीमा परेका नेपाली नागरिकहरुको उद्धार तथा स्वदेश फिर्तीको काम नेपाल सरकारले आफ्नो संवन्धित नेपाली राजदुतावास र श्रम सहचारीहरूबाट गर्ने गराउने गरेको छ। श्रम तथा रोजगार मन्त्रालय र परराष्ट्र मन्त्रालयले विभिन्न मुलुहरूमा संरक्षण गृहसमेत सञ्चालनमा ल्याएका छन् । यसरी नेपाल सरकारले वैदेशिक रोजगार प्रर्वद्धन बोर्ड मार्फत गन्तव्य मुलुकहरूमा अलपत्र अवस्थामा रहेका कामदारहरूको उद्धार गर्न, मृतक कामदारहरूको शब ल्याउन र सुरक्षित गृह सञ्चालन गर्नका लागि संवन्धित नेपाली राजदूतावासहरूलाई निम्नवमोजिमको रकम निकासा गरेको छः

तालिका ३.२.१.२

विभिन्न मुलुकमा रहेका नेपाली दुतावासहरूलाई निकासा दिइएको रकमसम्बन्धी विवरण

(आ.व. २०७१/७२ र २०७२/७३)

| *क्र.सं.* | *मुलुक* | २०७१/७२ | २०७२/७३ | *जम्मा* |
|---|---|---|---|---|
| १ | साउदी अरब | २०,००,००० | ३३,६२,१७१ | ५३,६२,१७१ |
| २ | मलेशिया | २०,००,००० | २७,००,००० | ४७,००,००० |
| ३ | कतार | २०,००,००० | – | २०,००,००० |
| ४ | कुवेत | २०,००,००० | – | २०,००,००० |
| ५ | संयुक्त अरब इमरेट्स् | २०,००,००० | – | २०,००,००० |
| ६ | दक्षिण कोरीया | ७०,०३,६०४ | ८५,८३,३०० | १५५८६९०४ |
| कुल जम्मा | | १७०,०३,६०४ | १४६४५४७१ | ३१६४९०७५ |

*स्रोत : वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सचिवालय,*

5. परराष्ट्र मन्त्रालयबाट प्राप्त विवरणअनुसार नेपाली राजदूताबास ब्राजिल, क्यानाडा, म्यानमार, संयुक्त अधिराज्य, बहराईन, बेलजियम, इजरायल, जापान, डेनमार्क, फ्रान्स र संयुक्त राष्ट्रसंघका लागि नेपालको स्थायी नियोग, न्यूयोर्क र स्वीटजरल्याण्ड तथा नेपाली महावाणिज्य दूतावास, तिब्बतबाट भने मानव वेचविखन तथा ओसारपसार नियन्त्रण प्रतिवेदनमा उल्लेख गर्ने खालका घटना घटी उद्धार गर्नुपर्ने अवस्था आई नपरेको व्यहोरा प्राप्त भएको छ ।

6. मानव बेचबिखन तथा ओसारपसारमा परेका पीडित/प्रभावित महिला तथा बालिकाहरूलाई विषेश गरी अल्पकालीन तथा दीर्घकालीन आवास सुविधाहरू, मनोविमर्श, कानूनी सहायता, सीप विकास तथा आय आर्जनका कार्यक्रमहरू सञ्चालन गरी विभिन्न गैरसरकारी संस्थाहरूले पनि संरक्षण सेवा प्रदान गरिरहेका छन् । यसआ.व.भित्र संचालन भएका यस किसिमका कियाकलापहरुको विवरण एकीकृत रुपमा अनुसूची अन्तर्गत दिइएको छ ।

## ३.२.२ उद्धार संयन्त्रहरूको निर्माण

***(राष्ट्रिय कार्ययोजनाको रणनीति २.२ संग सम्बन्धित) :***

7. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत विदेशमा अलपत्र परेका पीडितको उद्धार गर्ने तथा निजको सहमतिमा स्वदेश फर्काउने कार्य पनि पर्दछ भने जिल्लाभित्र मानव बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका व्यक्तिको उद्धार गर्ने कार्य मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको काम, कर्तव्य र अधिकारभित्र पर्दछ । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६८ ले किटान गरेका यी कार्यहरु प्रभावकारी ढंगले सम्पन्न गर्नका लागि यी राष्ट्रिय र जिल्ला समितिहरुलाई पनि सम्पर्क निकायको रुपमा जिम्मेवार बनाइएकोछ ।

8. छिमेकी मुलुक भारतसंगको सीमानामा निगरानी तथा सूचना/परामर्श केन्द्रहरू स्थापना गरी मानव वेचविखन तथा ओसारपसार नियन्त्रणका लागि निगरानी र उद्धारको कार्य संवन्धित जिल्लाहरूका महिला तथा बालबालिका कार्यालय, स्थानीय प्रशासन र जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका सेवा केन्द्र र विभिन्न गैरसरकारी संघसंस्थाहरूको सहकार्यमा गर्ने गरिएको छ । सम्बन्धित मुलुक स्थित नेपाली कुटनीतिक नियोगहरू परिचालन गरी विदेशी मुलुकहरूबाट पीडित /प्रभावितहरूलाई उद्धार गरी स्वदेश फिर्ती गर्ने कार्य गर्ने गरिएको छ । यस क्रममा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय, परराष्ट्र मन्त्रालय, नेपाल प्रहरी तथा विभिन्न गैर सरकारी संघसंस्थाहरूबीचको समन्वय पनि बृद्धि हुदै आएको छ ।

## ३.२.३ पुनर्स्थापना केन्द्रहरूको व्यवस्थापन

***(राष्ट्रिय कार्ययोजनाको रणनीति २.३ संग सम्बन्धित) :***

9. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका,२०६८ अनुसार पुनर्स्थापना केन्द्र सञ्चालनमा एकरूपता ल्याई सेवा प्रवाहलाई स्तरीकरण गर्ने कार्यलाई निरन्तरता दिएको छ ।

10. मानव बेचबिखन तथा ओसारपसार बाट पिडित/प्रभावितहरूको संरक्षण तथा पुनर्स्थापनाका लागि महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयले आठ वटा पुनर्स्थापना केन्द्रहरू स्थापना गरेको छ । यी केन्द्रहरु स्थापना कालदेखि नै विभिन्न गैरसरकारी संस्थाहरूले व्यवस्थापन करारमा लिई सञ्चालन गरिरहेका छन् । मन्त्रालयको मिति २०७२ जेठ १० गतेको निर्णय बाट ती आठ पुनर्स्थापना केन्द्रहरु हरेकलाई क्षेत्राधिकारको रुपमा देहायवमोजिम विभिन्न संख्याका विभिन्न जिल्लाहरु तोकिएका छन् :

तालिका ३.२.१.३

पुनर्स्थापना केन्द्र सञ्चालन गर्ने संस्थाहरूको नाम

| *क्र.सं.* | *पुनर्स्थापना केन्द्र सञ्चालन भएको जिल्ला* | *पुनर्स्थापना केन्द्र व्यवस्थापन करार गर्ने संस्था* | *क्षेत्राधिकारका जिल्लाहरू* |
|---|---|---|---|
| १ | झापा | माइती नेपाल | ताप्लेजुङ्ग, पाँचथर, इलाम, झापा, मोरङ्ग, सुनसरी, धनकुटा, तेह्रथुम, संखुवासभा, भोजपुर |
| २ | सिन्धुपाल्चोक | शक्ति समूह | सिन्धुपाल्चोक, काभ्रे, रामेछाप, दोलखा |
| ३ | काठमाण्डौं | ए.बि.सी. नेपाल | रसुवा, नुवाकोट, धादिङ्ग, सोलुखुम्वु, भक्तपुर, काठमाण्डौं, ललितपुर, ओखलढुङ्गा, खोटाङ्ग |

| | | | |
|---|---|---|---|
| ४ | पर्सा | माइती नेपाल | बारा, रौतहट, पर्सा, सर्लाही, महोत्तरी, धनुषा, सिन्धुली, उदयपुर, सिराहा, सप्तरी |
| ५ | ाचितवन | आदर्श नारी विकास केन्द्र | चितवन, मनाङ्ग, मुस्ताङ्ग, तनहुँ, कास्की, लमजुङ्ग, गोर्खा, मकवानपुर |
| ६ | रूपन्देही | माइती नेपाल | गुल्मी, अर्घाखाँची, रूपन्देही, कपिलवस्तु, पाल्पा, स्याङ्गजा, नवलपरासी, म्याग्दी, बाग्लुङ्ग, पर्वत |
| ७ | बाँके | साथी | सल्यान, बर्दिया, बाँके, सुर्खेत, जाजरकोट, हुम्ला, जुम्ला, मुगु, डोल्पा, रूकुम, रोल्पा, दाङ्ग, प्यूठान |
| ८ | कैलाली | सिर्जनशील समाज | दार्चुला, बैतडी, डडेल्धुरा, बझाङ्ग, कैलाली, कञ्चनपुर, बाजुरा, अछाम, डोटी, दैलेख, कालिकोट |

*स्रोत : मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिको सचिवालय*

## ३.२.४ पुनर्स्थापना सेवाहरू

***(राष्ट्रिय कार्ययोजनाको रणनीति २.४ संग सम्बन्धित) :***

*11.* मानव बेचबिखन तथा ओसारपसारमा नियन्त्रण ऐन तथा नियमावलीले गरेको व्यवस्थाअनुसार बेचबिखन तथा ओसारपसारमा परेका महिला तथा बालबालिकाहरूलाई उद्धार गरी पुनर्स्थापना गर्नका लागि सरकारको तथा गैरसरकारी संस्थाहरुबाट पुनर्स्थापना केन्द्रहरु संचालनमा ल्याइएका छन् । खास गरी बेचबिखनमा परी स्वदेश फर्केका र फर्काइएका पीडितहरुलाई पुनर्स्थापनाको सेवा प्रदान गर्न सरकारी सहयोगमा पुनर्स्थापना केन्द्रहरू र गैरसरकारी संस्थाहरूबाटसुरक्षा गृहहरू संचालन गरिएका छन् । नेपाल सरकार, महिला,बालबालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत जिल्ला स्थित महिला तथा बालबालिका कार्यालय मार्फत सरकारीको सहयोगमा सञ्चालित पुनर्स्थापना केन्द्रहरूले पीडित/प्रभावितहरूका लागि आवश्यकताअनुसार आवास, खाना, स्वास्थ्य उपचार, मनोबिमर्श सेवा तथा कानूनी सहायता लगायतका अत्यावश्यक सेवाहरू उपलब्ध गराई आएका छन् । यी पुनर्स्थापना केन्द्रहरू गैरसरकारी संस्थाहरूको व्यवस्थापन करारमा सञ्चालन भैरहेका छन् । मानव बेचबिखन तथा ओसारपसारका मात्र नभै लैङ्गिक हिंसाका घटनाहरूबाटसमेत पीडित/प्रभावितहरूलाई सेवा प्रदान गर्दै आइरहेका यी पुनर्स्थापना केन्द्रहरूका सेवाग्राहीहरुको विवरण देहायवमाजिम रहेको छ :

तालिका ३.२.१.४

नेपाल सरकारको सहयोगमा सञ्चालित पुनर्स्थापना केन्द्रहरूबाट सेवा प्राप्त गर्ने पीडित प्रभावितको संख्या

(आ.व. २०६८/६९-२०७२/७३)

| *क.सं.* | *पुनर्स्थापना केन्द्र सञ्चालन भएका जिल्ला* | *आ.व.* | | | | | *जम्मा* |
|---|---|---|---|---|---|---|---|
| | | *२०६८/६९* | *२०६९/७०* | *२०७०/७१* | *२०७१/७२* | *२०७२/७३* | |
| १ | झापा | ४१२ | ६३५ | २१२ | २४४ | ४९४ | २११३ |
| २ | सिन्धुपाल्चोक | ६६ | १९ | २५ | २३१ | ३३ | १७४ |
| ३ | काठमाडौ | ६९ | ८ | १४ | २८ | ४१ | १८५ |
| ४ | पर्सा | २४० | १७६ | ६८ | ११४ | २७८ | ९०४ |
| ५ | चितवन | ४३ | १०७ | १०९ | १३ | ११२ | २९६ |
| ६ | रूपन्देही | १९५ | २३३ | १५७ | ९० | ४११ | १२६३ |
| ७ | बाँके | २५४ | २५४ | १२६ | १६५ | २५३ | ११०२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | कैलाली | ३२ | २६ | २९ | १८ | ७५ | ३७३ |
| | **जम्मा** | १,३११ | १,४५८ | ७४० | ९०३ | १६९७ | ४४१२ |
| | **घट्दो/बढ्दो** | | १४७ (बढेको) | ७१८(घटेको) | १६३(बढेको) | ७९४ (बढेको) | |

*स्रोत : मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिको सचिवालय*

12. उक्त तालिकाबाट पीडित/प्रभावितहरुको संख्या *२०७०/७१मा बाहेक अन्य अवधिमा बढेको* देखिन्छ । आ.व. २०६८/६९ देखि आ.व. २०७२/७३ सम्मको अवधिमा पुनर्स्थापना केन्द्रहरूबाट सेवा प्राप्त गर्ने पीडित/प्रभावितहरूको संख्यालाई तुलना गर्दा सबैभन्दा बढी यसै आ.व. २०७२/७३ मा १,६९७ र सबै भन्दा कम आ.व. २०७०/७१ मा ७४० रहेको छ । यसले दुई वर्षको अन्तरालमा पीडित/प्रभावितहरूको संख्या दोब्बर भन्दा बढीले बढेको देखिन्छ ।

13. यसैगरी पुनर्स्थापना केन्द्रहरूबाट सेवा प्राप्त गर्ने पाँच वर्षको कूल पीडित/प्रभावितहरूको संख्या हेर्दा सबैभन्दा बढी क्रमसः झापामा २,११३ रूपन्देहीमा १,२६३ बाँकेमा १,१०२ पर्सामा ९०४, कैलालीमा ३७३, चितवनमा २७६, काठमाण्डौ १८५ र सिन्धुपाल्चोकको १७४ रहेकोछ । यस आँकडाले मानव बेचबिखन तथा ओसारका दृष्टिले तुलनात्मक रुपमा झापाको कांकडभित्ता, रूपन्देहीको सुनौली, बाँकेको रूपेडिया र पर्साको वीरगंज-रक्सौल नाका बढी सम्वेदनशील रहेको अनुमान गर्न सकिन्छ ।

14. मानव बेचबिखन तथा ओसारपसारका घटनाहरूबाट पीडित/प्रभावित व्यक्तिहरूको हेरचाह तथा पुनर्स्थापनाको कार्य एकरुपताकासाथ प्रभावकारी ढंगले संचालन गर्नका लागि मन्त्रालयले (क) मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड र (ख) पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका बनाई २०६८ देखि नै कार्यान्वयनमा ल्याएको छ । यी मापदण्ड तथा निर्देशिकाले मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि सुनिश्चित गरिएका सेवाहरूअन्तर्गत स्वदेशफिर्तीदेखि आवासीय सेवा, खाना, लत्ता कपडा, स्वास्थ्य सेवा, कानूनी सेवा, मनोबिमर्श तथा मनोचिकित्सक सेवा, मनोरञ्जनात्मक क्रियाकलाप, सिफारिस, दोहोरो सिफारिस प्रणाली, अनुगमन/पुनः भेटघाट, प्रेषण सेवा, पुनर्मिलन तथा भेटघाट, पुनर्स्थापना र पुनःएकीकरण, परिवारमा आधारित बैकल्पिक हेरचाह, शिक्षा-दिक्षा तथा सीपमूलक तालिम तथा बीउ पूँजी आदि पर्दछन् । यी सबै प्रकार सेवाहरू प्रवाह गर्ने कार्यमा सबै पुनर्स्थापना केन्द्रहरू केन्द्रित रहेका छन् । तर पुनर्स्थापना सेवाहरूको लागि समय समयको परिमार्जनसहित निर्धारण गरिएको खर्चको मानकअनुसार सेवा प्रवाह गर्नमा पुनर्स्थापना केन्द्रहरू अपेक्षाअनुरुप सक्षम भैसकेको भने पाइएन ।

15. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय एवं जिल्ला समिति र महिला तथा बालबालिका कार्यालयहरूबाट पुनर्स्थापना केन्द्रहरुको समय समयमा अनुगमन गरी पृष्ठपोषण र निर्देशन दिने कार्यलाई नियमित बनाइएकोछ ।

16. मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितका लागि संचालित पुनर्स्थापना केन्द्रहरुबाहेक पाँचथर, सुनसरी, सप्तरी, सोलुखुम्बु, सर्लाही, रौतहट, मकवानपुर, काभ्रेपलाञ्चोक, तनहुँ, बाग्लुङ्ग, नवलपरासी, प्यूठान, दाङ्ग, बर्दिया, जुम्ला, डोटी र कञ्चनपुर जिल्लाहरुमा घरेलु हिंसाबाट प्रभावित महिलाहरूका लागि सेवा केन्द्र र उपकेन्दहरुको स्थापना र सञ्चालन गरिएका छन् । १७ वटा जिल्ला स्तरीय सेवा केन्द्रहरूका साथै १०४ वटा सामुदायिक सेवा केन्द्रहरू पनि सञ्चालनमा रहेकाछन् । यी जिल्ला र समुदाय दुवै स्तरीय सेवा केन्द्रहरू महिला विकास कार्यक्रम अन्तर्गत प्रवर्द्धित महिला सहकारी संस्थाहरूलाई व्यवस्थापन करारमा दिई संचालन गरिएका छन् । यी सेवा केन्द्रहरूबाटसमेत मानव बेचबिखन तथा ओसारपसारबाट पीडित महिला तथा बालिकाहरूलाई अल्पकालीन आवासीय सुविधा प्रदान गर्ने गरिएकोछ ।

17. आ.व. २०६८/६९ देखि २०७२/७३ सम्म स्थापना भई सञ्चालनमा रहेका सेवा केन्द्रहरूमा परेका घरेलु हिंसाका उजुरी, फछ्र्यौट र फछ्र्यौट हुन बांकी उजुरीहरुको विवरण तलको तालिकामा दिइएकोछ । यससंवन्धी जिल्लागत विवरण अनुसूची ९मा दिइएकोछ ।

तालिका ३.२.१.५

घरेलु हिंसाका उजुरी र फछ्र्यौट

| क्र.सं. | आ.व. | उजुरी | फछ्र्यौट | बांकी | फछ्र्यौट % | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २०६८/६९ | १०८८ | ७०३ | ३८५ | ६५ | |
| २ | २०६९/७० | १५६७ | १०५१ | ५१६ | ६८ | |
| ३ | २०७०/७१ | ६२३० | ५९३८ | २९२ | ९५ | |
| ४ | २०७१/७२ | १९५९ | १८४८ | १११ | ९४ | |
| ५ | २०७२/७३ | ३६९९ | ३६२८ | ७१ | ९८ | |

18. लैङ्गिक हिंसाका मुद्धा संवोधनका लागि ७५ वटै जिल्लाका महिला तथा बालबालिका कार्यालयहरूको संयोजनमा स्थापना भएको लैङ्गिक हिंसा निवारण कोषमा आ.व. २०७२/७३ मा विनियोजित रकम रू. १,००,००,००० मध्ये रु.१५,४४,५०० खर्च गरिएको छ। कोषमा जम्मा रु. ८४,५५,५०० मौज्दात रहेको छ। यस कोषबाट मानव बेचबिखन तथा ओसारपसारमा परी पीडित/प्रभावित भएका व्यक्तिहरुलाईसमेत तोकिएको प्रावधानभित्र स्वास्थ्य उपचार, मनोविमर्श, कानूनी सहायता एवं पारिवारिक पुन:एकीकरणको सेवा प्रदान गर्ने गरिएकोछ । कोष सम्बन्धी विस्तृत विवरण अनुसूची १०मा दिइएको छ।

## ३.२.५ पीडित/प्रभावितहरूको परिचयको सुनिश्चितता

***(राष्ट्रिय कार्ययोजनाको रणनीति २.५ संग सम्बन्धित)*** :

19. मानव बेचबिखन तथा ओसारपसारमा परी उद्धार गरिएका व्यक्तिहरुको मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ को नियम ७ आधारमा परिचय खुल्ने आधिकारिक कागजात बनाउनको लागि मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिहरूबाट सम्बन्धित निकायमा आवश्यक सिफारिशसमेत सहयोग गर्ने कार्य भएको छ।

## ३.२.६ पीडित/प्रभावितहरूको सुरक्षा चासोको सम्बोधन :

***(राष्ट्रिय कार्ययोजनाको रणनीति २.६ संग सम्बन्धित)***

20. मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित व्यक्तिहरूको उद्धार क्रममा उद्धारकर्मी, सुरक्षाकर्मी एवं पीडित/प्रभावितका लागि सवारी साधनको भाडा, खाना र होटेल वासका लागि खर्च दिने व्यवस्था पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका २०६८ मा गरिएको छ । त्यस्तो खर्चवापतको रकम जिल्लास्थित महिला तथा बालबालिका कार्यालयबाट उपलब्ध गराउने गरिएको छ । यसरी मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित व्यक्तिहरूलाई उद्धार, स्वदेश फिर्ति, पुनर्स्थापना केन्द्रहरूमा रहने, अदालतमा उपस्थित गराउनेजस्ता सबै प्रक्रियामा आवश्यक सुरक्षाको व्यवस्था मिलाइएको छ।

## ३.२.७ पारिवारिक पुन:एकीकरण :

***(राष्ट्रिय कार्ययोजनाको रणनीति २.७ संग सम्बन्धित)***

21. महिला तथा बालबालिका कार्यालय, पुनर्स्थापना केन्द्र र जिल्ला बाल कल्याण समितिहरूकासाथै विभिन्न गैरसरकारी संघसंस्थाहरूले मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित भई उद्धार गरिएका महिला तथा बालबालिकाहरूलाई परिवार तथा समुदायमा पुनर्स्थापना, पुनर्मिलन र पुन:एकीकरण गर्ने कार्य गर्दै आएका छन् । तर

यसरी पुनर्स्थापना, पुनर्मिलन र पुनःएकीकरण गरिएका व्यक्तिहरुको दुरुस्त अभिलेख र चुस्त अनुगमन(follow up) प्रणाली स्थापित भएको देखिएन ।

## ३.२.८ निरोधात्मक र उपचारात्मक स्वास्थ्य सेवाको व्यवस्था

***(राष्ट्रिय कार्ययोजनाको रणनीति २.८ संग सम्बन्धित) :***

२२. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गत हालसम्म पाँचथर, सुनसरी, सोलुखुम्बु, सप्तरी, सर्लाही, दोलखा, रामेछाप, सिन्धुपाल्चोक, काभ्रेपलान्चोक, रौतहट, मकवानपुर, तनहुँ, बागलुङ्ग, नवलपरासी, प्यूठान, दाङ, बर्दिया, जुम्ला, डोटी, कञ्चनपुर र काठमाडौं (प्रसुती गृह) गरी २१ जिल्लाहरूमा स्थापित अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्रहरूले मानव बेचबिखन तथा ओसारपसारलगायत लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितहरूलाई विभिन्न चरणमा आवश्यक पर्ने स्वास्थ्य सेवा, मनोबिमर्श, कानूनी सहायताजस्ता विभिन्न सेवाहरू एकिकृत रुपमा एकै स्थानबाट प्रदान गर्दै आएका छन् । यी केन्द्रहरुले आफूले प्रदान गरिने सेवाबाहेक विशेष प्रकारको सेवा आवश्यक पर्ने पीडितहरूलाई विशेषज्ञ तथा बिशिष्ट सेवाहरूको लागि सम्बन्धित निकायहरूमा सिफरिस/प्रेषण गर्ने कार्यसमेत गर्दछन् । यी एकद्वार संकट व्यवस्थापन केन्द्रबाट आ.व. २०७२/७३ मा सेवा प्राप्त गर्ने सेवाग्राहीहरुको विवरण अनुसूची ११ मा दिईएको छ ।

२३. पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका २०६८ ले पीडित/प्रभावित व्यक्तिको औषधोपचारको लागि निम्नअनुसार तोकिएको रकम उपलब्ध गराउने व्यवस्था गरेको छ :

- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिले तोकेको अस्पतालमा उपचार गराउँदा लागेको खर्च,
- पुनर्स्थापना गृहमा रहेको अवधिमा पीडित/प्रभावित व्यक्ति तथा कुरूवा एक/एक जनालाई अस्पतालमा आउँदा जादाको खर्च,
- नियमित उपचार तथा प्रेषित वा आकस्मिक उपचार गराउँदा लागेको रकम तथा
- स्वास्थ्यकर्मीको प्रेसक्रिप्सन अनुसार लागेको बील बमोजिमको खर्च ।

## ३.२.९ पुनर्स्थापना कोष परिचालन

***(राष्ट्रिय कार्ययोजनाको रणनीति २.९ संग सम्बन्धित) :***

नेपाल सरकारले मानव बेचबिखन तथा ओसापसारबाट पीडित प्रभावितको उद्धार, स्वदेश फिर्ती तथा पुनर्स्थापना गर्ने कार्यका लागि २०६५ सालदेखि नै नियमितरूपमा केन्द्र तथा जिल्ला स्तरीय तहमा बजेट बिनियोजन गर्दै आएको छ । पीडित/प्रभावितलाई खाना, बास, कपडा लगायत आधारभूत आवश्यकताकासाथै स्वास्थ्य उपचार, मनोबिमर्श, कानूनी सहायता, सीप विकास तालिम र बिउ पूँजी उपलब्ध गराउने कार्यका लागि पुनर्स्थापना कोषसमेत स्थापना भएको छ । यससंवन्धी आ.व. २०६९/७० देखि २०७२/७३ का लागि प्राप्त रकमको विवरण निम्नानुसार रहेको छ :

तालिका ३.२.१.६

कार्यक्रम बजेट

| *आ.व.* | *केन्द्रियस्तर* | *जिल्लास्तर* | *पुनर्स्थापना कोष* | *सञ्चित रकम* |
|---|---|---|---|---|
| २०६९/७० | २०,००,००० | ३७,५०,००० | १,००,००,००० | |

| | | | | |
|---|---|---|---|---|
| २०७०/७१ | ३१,६८,००० | १,९२,००,००० | १,२०,००,००० | |
| २०७१/७२ | ३३,१५,००० | १,८७,८२,००० | - | १,५९,२८,५५० |
| २०७३/७३ | ५६,१५,००० | १,८७,८२,००० | | १,१३,९५,६१३ |

*स्रोत : मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिको सचिवालय*

५. आ.व. २०७२/७३ को केन्द्र र जिल्लास्तरमा निकासा भएको कार्यक्रम बजेट अन्तर्गतका क्रियाकलापहरूको विवरण यस प्रका रहेको छ :

तालिका ३.२.१.७

२०७२।०७३ को जिल्लाका बिस्तृत कार्यक्रम विवरण

| *क्र.स.* | *क्रियाकलाप* | *बजेट* | *जम्मा रकम* |
|---|---|---|---|
| *केन्द्रस्तर कार्यक्रम बजेट* | | | **५६,१५,०००** |
| १ | राष्ट्रिय समिति तथा उपसमिति बैठक सञ्चालन तथा व्यवस्थापन | २,६०,००० | |
| २ | मानव बेचबिखन तथा ओसारपसार विरूद्धको दिवश भदौ २०मा मनाउने | २,००,००० | |
| ३ | मानव बेचबिखन तथा ओसारपसार विरूद्ध कार्यरत सरकारी तथा गैर सरकारी संस्थाहरू संगको अर्न्तक्रिया | १,२५,००० | |
| ४ | मानव बेचबिखन तथा ओसारपसारविरूद्ध कार्यरत निकाय, स्स्था तथा संयन्त्रहरुको विवरण संकलन तथा पुस्तिका प्रकाशन सम्प्रेषण | १,००,००० | |
| ५ | मानव बेचबिखन तथा ओसारपसारको दृष्टिले संबेदनशील क्षेत्रका जोखिममा रहेका तथा जोखिमोन्मूख समूह, समूदाय, महिला, बालबालिका तथा किशोर किशोरीहरुको पहिचानका लागि सर्बेक्षण | १५,००,००० | |
| ६ | आठ पुनर्स्थापना केन्द्र संचालक तथा महिला तथा बालबालिका कार्यालय संगको अर्न्तक्रिया | १,९०,००० | |
| ७ | मनव वेचविखन नियन्त्रण वार्षिक प्रगति  प्रतिवेदन निर्माण तथा प्रकाशन | १,५०,००० | |
| ८ | मानव बेचबिखन तथा ओसारपसार विरूद्धविरुद्ध गठित राष्ट्रिय समिति र जिल्ला समितिवीच अन्तरकिर्या | ३,९०,,००० | |
| ९ | मानव बेचबिखन तथा ओसारपसारबाट पीडित पुरूष तथा बालकहरूको लागि पुनर्स्थापना गृहलाई अनुदान | ४,००,००० | |
| **जिल्लास्तरको कार्यक्रम बजेट** | | | **१,८७,८२,०००** |
| १ | मानव बेचबिखन विरूद्धको गाँउ समिति गठन | २८,००,००० | |
| २ | गाँउ समितिको अभिमुखीकरण | ४२,००,००० | |
| ३ | गाँउ समितिको  बैठक सञ्चालन | ४५,४५,००० | |
| ४ | मानव बेचबिखन अन्त्यकालागि सामुदायिक परामर्श कार्यशाला तथा योजना तर्जुमा, २ दिने। गाँउस्तर(महिला संस्था/समितिलाई कार्यक्रम अनुदान) | १३,६२,००० | |
| ५ | सामुदायिक कार्ययोजना अनुसारका क्रियाकलाप सञ्चालन (महिला संस्था/समितिलाई कार्यक्रम अनुदान) | ९,३०,००० | |
| ६ | सुरक्षाकर्मी र सार्वजनिक सवारी चालक तथा परिचालकहरूसँगको सहकार्य प्रवर्द्धन कार्यशाला, एक दिने ल्लिास्तर कन्चनपुर, कैलाली, बाँके, कपिलवस्तु, रूपन्देही, चितवन, मोरङ्ग र झापा) | २,००,००० | |

| | | | |
|---|---|---|---|
| ७ | डान्स बार रेष्टुरेन्टको संयुक्त अनुगमान (काठमाण्डौं, ललितपुर, भक्तपुर, पर्सा, मोरङ्ग, कास्की, बाँके, चितवन, रूपन्देही) । | २,७०,००० | |
| ८ | सन्देशमूलक सामाग्री प्रकाशन | ७,५०,००० | |
| ९ | जिल्ला पुनर्स्थापना कोषमा अनुदान | १२,७५,००० | *१३,०५,०००* |
| १० | जिल्ला समितिको बैठक सञ्चालन | २२,५०,००० | *२९,२५,०००* |
| ११ | पुनर्स्थापना गृहको निरीक्षण | २,००,००० | |

*स्रोत : महिला तथा बालबालिका विभाग, वार्षिक प्रगति प्रतिवेदन, २०७२/७३*

25. मानव वेचविखन तथा ओसारपसारबाट पीडित तथा प्रभावितहरुको पुनर्स्थापनका लागि संचालित आठ पुनर्स्थापना केन्द्रहरुलाई पुनर्स्थापना कोषबाट आ.व. २०६८/६९ देखि २०७२/७३ सम्म महिला तथा बालबालिका कार्यालयहरू मार्फत उपलब्ध गराइएको रकमको विवरण निम्नवमोजिम रहेको छ :

तालिका ३.२.१.८

पुनर्स्थापना केन्द्र सञ्चालनका लागि संस्थाहरूलाई निकासा गरिएको रकमको विवरण

(आ.व. २०६८/६९-२०७२/७३)

| *क.सं.* | *पुनर्स्थापना केन्द्र सञ्चालन गर्ने संस्था र जिल्ला* | *२०६८।०६९* | *२०६९।०७०* | *२०७०।०७१* | *२०७१।०७२* | *२०७२।०७३* |
|---|---|---|---|---|---|---|
| १. | एबिसी नेपाल, काठमाडौं | १०,२७,००० | - | १५,००,००० | ८,००,००० | ८,००,००० |
| २. | सिर्जनशील समाज, कैलाली | १७,९१,८७० | - | १२,००,००० | - | २७,००,००० |
| ३. | साथी, बाँके | १६,९८,००० | - | १५,००,००० | १०,००,००० | ३६,००,००० |
| ४. | आदर्श नारी विकास केन्द्र, चितवन | ५,००,००० | १०,००,००० | ८,००,००० | १०,००,००० | २०,००,००० |
| ५. | माइती नेपाल, झापा | १०,००,००० | १०,००,००० | ७,००,००० | १२,००,००० | २२,००,००० |
| ६. | ग्रामिण महिला सिर्जनशील परिवार, सिन्धुपाल्चोक | १३,२५,६२२ | - | - | - | १५,००,००० |
| | शक्ति समूह, सिन्धुपाल्चोक | - | - | १६,५५,००० | २०,००,००० | |
| ७. | माइती नेपाल, पर्सा | ५,००,००० | - | - | - | १०,००,००० |
| ८. | माइती नेपाल, रूपन्देही | १२,००,००० | १०,००,००० | १२,००,००० | ५,००,००० | १०,००,००० |
| **जम्मा** | | **९०,४२,४९२** | **३०,००,०००** | **८५,५५,०००** | **६५,००,०००** | **१,४८,००,०००** |

*श्रोत : मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिको सचिवालय ।*

26. देशभित्रका कुनै पनि डान्सवार तथा रेष्टुराँबाट उद्धार गरिएका महिला तथा बालबालिकाहरूलाई उनीहरूको घरसम्म पुग्न लाग्ने खर्च नेपाल सरकारले मानव वेचविखन तथा ओसारपसार नियन्त्रण, राष्ट्रिय समितिमार्फत सम्बन्धित जिल्लामा रहेको उद्धार कोषबाट उपलब्ध गराउने व्यवस्थो मिलाएको छ ।

## ३.३ न्यायमा पहुँच र कानूनी कारवाही

आ.व.२०७२/७३ मा मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरूद्धको राष्ट्रिय कार्ययोजना, २०६८ को तेश्रो प्राथमिकता क्षेत्र- कानूनी कारवाही अन्तर्गतको उद्देश्य प्राप्तिका लागि प्रभावकारी फौजदारी न्याय प्रणालीद्वारा दण्डहीनताको अन्त्यका लागि निर्धारण भएका नीति तथा कार्यक्रमहरू अनुरुप  सम्पन्न भएका क्रियाकलापहरू देहाय बमोजिम रहेका छन् :

### ३.३.१ प्रभावकारी कानून तथा अनुसन्धान प्रणालीको विकास :

***(राष्ट्रिय कार्ययोजनाको रणनीति ३.१ संग सम्बन्धित)***

27. नेपाल प्रहरीले अपराध अनुसन्धान निर्देशिका, २०७१ जारी गरी अपराध अनुसन्धानमा संलग्न प्रहरी कर्मचारीहरूलाई आफूले निर्वाह गर्नुपर्ने दायित्वप्रति जिम्मेवार, लगनशील र कर्तव्यनीष्ठ हुन थप मार्गनिर्देशन गरेको छ । यसले उनीहरुको अपराध अनुसन्धान सम्वन्धी कार्य सम्पादनमा एकरुपता ल्याई मानव बेचबिखन तथा ओसारपसार लगायतका गम्भीर प्रकृतिका मुद्दाहरूको अनुसन्धान कार्यलाई प्रभावकारी बनाएको छ।

28. समय र विकासक्रमको गतिसंगै सामाजिक संरचना पनि बदलिदै आएको छ । पारिवारिक संरचना परिवर्तन भएको छ । बालबालिकाहरूमाथि अभिभावकको संरक्षकत्वमा क्रमशः ह्रास आइरहेको छ । सामाजिक सञ्जाल र आधुनिक प्रविधिको गलत प्रयोग बढ्दो छ । मादक पदार्थ तथा लागु औषधको बढ्दो प्रयोगले थप चुनौती दिएको छ । घर परिवारकै सदस्यहरूका कारणबाटसमेत चुनौतिहरू थपिदो छ । फलस्वरुप समाजमा महिला लक्षित हिंसा र जवरजस्ती करणीका घटनासंगै महिला तथा बालबालिकाहरूको बेचबिखनको जोखिम बढ्दो छ ।यसै सन्दर्भमा सरोकारवाला निकायहरूसंगको समन्वय र सहकार्यमा एकीकृत कार्य योजना तर्जुमा गरी जबरजस्ती करणी अपराध नियन्त्रण अभियान, जिल्लास्तरीय कार्यशाला सञ्चालन निर्देशिका, २०७१ तयार गरिएको छ । यसले जबरजस्ती करणीको अपराधको प्रभावकारी एवं बस्तुनिष्ठ अनुसन्धान गरी अभियुक्तलाई कानून बमोजिम अधिकतम कारवाही गराई आम महिला तथा बालबालिकाहरूलाई सुरक्षाको प्रत्याभूति गराउन सहयोग पु-याएको छ ।

### ३.३.२ प्रचलित कानूनहरूमा समसामयिक सुधार

***(राष्ट्रिय कार्ययोजनाको रणनीति ३.२ संग सम्बन्धित) :***

29. नेपालको संविधानमा बालबालिका र महिलाका विशेष अधिकारका साथै अपराध पीडितको हक अधिकारसमेत प्रत्याभूत गरिएको छ ।  यसै गरी नेपाल सरकारले प्रचलित कानूनहरूमा समसामयिक संसोधन तथा सुधार गर्ने सिलसिलामा केही नेपाल कानूनलाई संशोधन गर्ने ऐन, २०७२ जारी गरेको छ । यस ऐनमा लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न  संसोधन तथा सुधार गरिएका ऐनमध्ये मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४ मा पनि केही दफाहरू संशोधन गरिएका छन् । संशोधनको विस्तृत  विवरण अनुसूची १२ मा दिइएको छ ।

30. मानव वेचविखन विरुद्धको स्थानीय समिति (गठन तथा परिचालन) निर्देशिका, २०७० अन्तर्गत नगर समितिको गठन गर्ने नयां व्यवस्था निर्देशिकामा थप गरिएको छ ।

31. मानव बेचबिखन तथा ओसारपसार विरूद्ध बनेको कानूनहरुको संगालो, २०७२ प्रकाशन गरिएको छ ।

32. नेपाल प्रहरीअन्तर्गत सुरक्षा निगरानी बढाई शंकास्पद व्यक्तिको चेकजाँच गर्ने कार्यको लागि विभिन्न स्थानमा चेकपोष्टहरू स्थापना गरिएका छन् । विगतमा स्थापना भएका चेकपोष्टहरू  विशेष गरी बालबालिका तथा महिलाहरूको आन्तरिक एवं बाह्य रूपमा हुन सक्ने बेचबिखन तथा ओसारपसार नियन्त्रणको लागि पर्याप्त नभएकाले थप निगरानी केन्द्र स्थापना गर्ने कार्य भएको छ । यसरी विभिन्न महत्वपूर्ण स्थान तथा सीमानाकामा रहेका निगरानी

केन्दहरुमा खटिने कर्मचारीहरुबाट स्म्पादन हुने कार्यलाई प्रभावकारी बनाउन "मानव बेचबिखन तथा ओसारपसार विरूद्धको निगरानी केन्द्र कार्यसञ्चालन कार्यविधि" लागू गरिएको छ । यसले उनीहरुको कार्य सम्पादन प्रक्रियामा एकरुपतासमेत कायम गरेको छ ।

## ३.३.३ कानूनी कारवाही

*(राष्ट्रिय कार्ययोजनाको रणनीति ३.३ संग सम्बन्धित) :*

33. संगठित रुपमा भइरहेको मानव बेचबिखन तथा ओसारपसारको अपराधलाई संगठित रुपमै यियन्त्रण गर्नुपर्ने भएकोले अपराध अनुसन्धान विभागले मानव बेचबिखन तथा ओसारपसारको अपराधउपर योजनाबद्ध ढंगले तदारूखताकासाथ कानूनी कारवाही गर्दै आएको छ ।

34. नेपालका खासगरी ग्रामीण तथा विपन्न महिलाहरू शिक्षा र ज्ञानको कमीले गर्दा आफ्नो अधिकार उपयोग गर्नबाट वञ्चित रहेकाछन् । त्यसमाथि कानूनी ज्ञानको अभावले गर्दा विभिन्न प्रकारका हिंसा सहन बाध्य छन् । यस्ता हिंसा र पीरमर्कामा परेका प्रभावित महिला तथा किशोरीहरूलाई न्याय दिलाउन महिला तथा बालबालिकाको अधिकारको क्षेत्रमा काम गरिरहेका सरकारी तथा गैरसरकारी संस्था, नागरिक समाज एवं समुदाय आपसमा हातेमालो गरी संगठित रुपमा लागिरहेका छन् । प्रहरी प्रधान कार्यालयले लैंगिक हिंसाविरुद्ध चेतना वृद्धि गरी हिंसाबाट प्रभावित एंव पीडितहरूको पारिवारिक र सामाजिक पुनरमिलन गराउने क्रममा अपनाउनु पर्ने विधि र व्यवहारका संवन्धमा "लैङ्गिक हिंसा नियन्त्रण सञ्जाल गठन तथा कार्य सञ्चालन कार्यविधि २०७२" जारी गरेको छ । यसले विभिन्न संघसंस्थावीचको आपसी समन्वय, सहयोग तथा सहकार्यलाई प्रभावकारी वनाउन सहयोग पु-याएको छ ।

## ३.३.४ उजुरी लिने प्रकृयामा सरलीकरण

35. मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले मानव बेचविखन तथा ओसारपसारसम्बन्धी घटनाहरूबारे प्रहरी कार्यालयहरूमा उजुरी गर्न पाउने व्यवस्था गरेको छ । ऐनअनुसार मानव बेचविखन तथा ओसारपसारसम्बन्धी कसूर गरेको, गरिरहेको वा गर्न लागेको थाहा पाउने जुनसुकै व्यक्तिले नजिकको प्रहरी कार्यालयमा उजुर गर्न पाउछन् । उजुरी कर्ताले चाहेमा उस्को नाम गोप्य राखिने व्यवस्थासमेत ऐनले ताकेको छ । प्रहरी प्रधान कार्यालय, महिला तथा बालबालिका सेवा निर्देशनालयको अभिलेखअनुसार आ.व. २०६८/६९ देखि २०७२/७३ को पाँच वर्षको अवधिमा मानव बेचबिखन तथा ओसारपसार विरूद्धका मुद्दाका रूपमा दर्ता भएका उजुरीहरु र मुद्दामा पीडित/प्रभावित व्यक्तिहरूको संख्या निम्नअनुसार रहेको देखिन्छः

तालिका ३.३.१.१

मानव बेचबिखन तथा ओसारपसारविरूद्ध दर्ता मुद्दा र पीडित/प्रभावित व्यक्तिहरूको संख्या

*आ.व.२०६८/६९ देखि आ.व.२०७२/७३ सम्म*

| *विवरण* | *आ.व.२०६८/६९* | *आ.व.२०६९/७०* | *आ.व.२०७०/७१* | *आ.व.२०७१/७२* | *आ.व.२०७२/७३* | *जम्मा* |
|---|---|---|---|---|---|---|
| दर्ता मुद्दा | ११८ वटा | १४४वटा | १८५ वटत | १८१ वटा | २१२ | ८४० |
| कूल पीडित | १४३ जना | १६१वना | २९६ जना | २८० वना | ३५२ | १२३२ |
| पीडित महिला | ६७ जना | ६१ जना | १६० जना | १३१ जना | २४१ | ६६० |
| पीडित बालिका | ६३ जना | ९७ जना | १३६ जना | ११२ जना | १०९ | ५१७ |
| पीडित बालक | ४ जना | ३ जना | ० जना | ३५ जना | ० | ४२ |
| पीडित पुरूष | ९ जना | ० जना | ० जना | २ जना | २ | १३ |

*स्रोत : प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, महिला तथा बालबालिका सेवा निर्देशनालय*

माथि दिइएको तथ्याङ्क तालिकाअनुसार आ.व. २०६८/६९ देखि २०७२/७३ सम्मको तथ्याङ्क अध्ययन गर्दा आ.व. २०७१/७२ मा बाहेक हरेक वर्ष उजुरीको संख्या बढेको छ । उजुरी दर्ता आ.व.२०६८/६९ को तुलनामा आ.व. २०६९/७० मा र आ.व. २०६९/७० को तुलनामा आ.व. २०७०/७१ मा क्रमसः २२ र २८.५ प्रतिशत बृद्धि भएको छ भने आ.व. २०७०/७१ को तुलनामा आ.व. २०७१/७२ मा भने २.२ प्रतिशतले घटेको छ ।




*स्रोत : प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, महिला तथा बालबालिका सेवा निर्देशनालय*

पुनः आ.व.२०७२/७३ मा आ.व. २०७१/७२ को तुलनामा १७.१२ प्रतिशतले बढेको देखिन्छ । समग्रमा, बितेका पाँच आ.व.हरुमा मानव बेचबिखन तथा ओसारपसार विरूद्ध दर्ता मुद्दा दर्ताको संख्याको स्थिति बढ्दो रहेको प्रस्तुत चार्टले स्पष्ट देखांउछ ।

३८. *प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, महिला तथा बालबालिका सेवा निर्देशनालय*का अनुसार आ.व. २०६८/६९ देखि आ.व. २०७२/७३ को अवधिमा मानव बेचबिखन तथा ओसारपसारका मुद्दामा पीडित/प्रभावित व्यक्तिहरूको संख्या पनि मुद्दा दर्ता जस्तै बढ्दो रहेको छ । तल दिईएको चार्टअनुसार मुद्दाका पीडितहरुको संख्या आ.व. २०६८/६९ देखि आ.व. २०७२/७३ सम्म क्रमसः कुल ११८ मुद्दामा १४३ जना (महिला ६७, बालिका ६३, बालक ४ र पुरूष ९), १४४ मुद्दामा १६१ जना (महिला ६१, बालिका ९७ र बालक ३), १८५ मुद्दामा २९६ जना (महिला १६० र बालिका १३६) र १८१ मुद्दामा २८० जना (महिला १३१, बालिका ११२, बालक ३५ र पुरूष २) र २१२ मुद्दामा ३५२ जना (महिला २४१, बालिका १०९, र पुरूष २) रहेको देखिन्छ । यसरी पाँच वर्षको अवधिमा मानव बेचबिखन तथा ओसारपसारबाट सबैभन्दा बढी पीडित महिला (६६० जना) र बालिका (५१७ जना) छन् भने बालक र पुरुषको संख्या क्रमसः ४२ र ११ जना मात्र रहेको छ। आ.व. २०७१/७२ को तुलनामा आ.व. २०७२/७३ मा पीडित महिलाको संख्या ८३.९ प्रतिशतले बढेको छ भने बालिकाको संख्यामा २.६ प्रतिशतले घटेको छ । पाँच वषको अवधि अर्थात आ.व. २०६८/६९ को दाँजोमा आ.व.२०७२/७३ मा मानव वेचविखन तथा ओसारपसार घटनाको मुद्दा दर्ताअनुसार पीडित महिलाको संख्या २५९.७ प्रतिशतले बृद्धि भएको जटिल स्थिति देखिन आउछ ।




देशभर ७५ जिल्ला प्रहरी कार्यालयहरूमा आ.व. २०६८/६९ देखि २०७२/७३ को अवधिमा १२ जिल्लामा मानव वेचविखन तथा ओसारपसारसंबन्धी एउटा पनि मुद्दा दर्ता भएको देखिएन भने बाँकी ६३ जिल्लामा जम्मा ७२२ मुद्दाहरू दर्ता भएको तथ्याङ्क रहेको छ। गत वर्ष अर्थात २०७१/७२ सम्म १८ जिल्लाहरूमा मानव वेचविखन तथा ओसारपसार सम्बन्धी कुनै पनि मुद्दा दर्ता नभएकोमा यस आ.व.२०७२/७३ मा १२ जिल्लामा मात्र दर्ता नहुनाले मानव बेचबिखनको जोखिम विस्तार हुँदै गएको पुष्टि हुन आँउछ। जिल्लागत मुद्दा दर्तासम्बन्धी विवरण अनुसूची १३ मा दिइएको छ।

37. आ.व. २०६८/६९ देखि आ.व. २०७२/७३ सम्म प्रहरीमा दर्ता भएका मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दाका पीडित/प्रभावितहरूको लिङ्ग, उमेर र वैवाहिक स्थिति देखिने तल दिइएको तथ्याङ्क तालिकाअनुसार पाँच वर्षको अवधिमा लिङ्गको आधारमा महिला र बालिकाको बेचबिखन तथा ओसारपसारको प्रतिशत गत वर्षसम्मको ९४ प्रतिशतबाट बढेर ९५.७७ पुगेको देखिन्छ। बेचबिखन तथा ओसारपसारमा पर्ने विभिन्न उमेर समूहका पीडितमध्ये १८ वर्ष सम्मका बालिका र बालकहरू संख्या अधिक अर्थात ४५.२८ प्रतिशत रहेको छ भने विवाहित र अविवाहितमध्ये बेचबिखन तथा ओसारपसारबाट पीडित बनेका व्यक्तिहरूमा अविवाहितहरूको संख्या ५५.९ प्रतिशत देखिन्छ। यसरी बेचबिखन तथा ओसारपसारको मारमा विवाहित, अविवाहित, बालिका, किशोरी जोसुकै पनि पर्ने गरेकोमा ३५ वर्षमुनी उमेर समूहका बढी रहेको देखिन्छ।

तालिका ३.३.१.२

**लिंग,उमेर र वैवाहिक स्थितिको आधारमा बेचबिखन पीडित/प्रभावितको विवरण**

(आ.व. २०६८/६९-२०७२/२०७३)

| *विवरण* | *आ.व.२०६८/६९* | *आ.व.२०६९/७०* | *आ.व.२०७०/७१* | *आ.व.२०७१/७२* | २०७२/२०७३ |
|---|---|---|---|---|---|
| **लिङ्गको आधारमा** | | | | | |
| महिला | १३० जना | १५८ जना | २९६ जना | २४४ जना | ३५० |
| पुरूष | ११ जना | ३ जना | - | ३६ जना | २ |
| **उमेरको आधारमा** | | | | | |
| १८ वर्ष सम्मका | ६५ जना | १०० जना | १३६ जना | १४७ जना | १०९ |
| १९ - २५ | ५२ जना | ४० जना | १०४ जना | ९२ जना | १३१ |
| २६ - ३५ | १९ जना | १४ जना | ३८ जना | २८ जना | ९३ |
| ३६ वर्ष भन्दा माथि | ५ जना | ७ जना | १८ जना | १३ जना | १९ |
| **वैवाहिक स्थितिको आधारमा** | | | | | |
| विवाहित | ५७ जना | नखुलेको | १२६ जना | १०० जना | १८८ |
| अविवाहित | ८४ जना | नखुलेको | १७० जना | १८० जना | १६४ |

*स्रोत : प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, महिला तथा बालबालिका सेवा निर्देशनालय*

बालबकमहिला तथा बालबालिका सेवा निर्देशनालयले उपलब्ध गराएको तथ्याङ्कलाई विकास क्षेत्रअनुसार विश्लेषण गर्दा मानव बेचबिखनको सबै भन्दा बढी घटना मध्यमाञ्चल क्षेत्रमा भएको पाइन्छ । आ.व. २०७२/७३ को कुल २१२ वटा मुद्दाहरूमध्ये सबै भन्दा बढी मध्यमाञ्चल क्षेत्रमा ७२ वटा दर्ता भएका छन् । काठमाण्डौ उपत्यकामामात्र ३८ वटा मुद्दा दर्ता भएको देखिन्छ । सबभन्दा कम मध्यपश्चिमाञ्चल क्षेत्रमा २५ वटा मानव वेचविखन सम्बन्धी मुद्दा दर्ता भएका छन् भने पूर्वाञ्चलक्षेत्रमा ४५, पश्चिमाञ्चलमा ४३ र सुदुर-पश्चिामाञ्चलमा २७ वटा मुद्दाहरू दर्ता भएको देखिन्छ । यसको तुलनात्मक विवरण तलको चार्टमा प्रस्तुत गरिएको छ ।




*स्रोत : प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, महिला तथा बालबालिका सेवा निर्देशनालय*

३४. आ.व. २०६९/७० देखि आ.व. २०७२/७३ को अवधिमा प्रहरी कार्यालयहरूमा दर्ता भएका मानव वेचविखन तथा ओसारपसारसबन्धी मुद्दाको संख्या कुनै वर्ष एक जिल्लामा बढी त कुनै वर्ष अर्कै जिल्लामा बढी दर्ता भएको देखिन्छ । मुद्दा दर्ताका आधारमा आ.व.२०७२/७३ मा झापा, मोरङ्ग, सुनसरी, रौतहट, पर्सा, चितवन, काठमाण्डौ, धादिङ्ग, रूपन्देही, कपिलवस्तु, सल्यान, बाँके, सुर्खेत, कैलाली, कन्चनपुर बढी जोखिममा रही बढी संवेदनशील भएको तलको रेखा चित्रले देखाउंछ :




*स्रोत : प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, महिला तथा बालबालिका सेवा निर्देशनालय*

39. आ.व. २०७२/७३ को तथ्याङ्क अनुसार सवै भन्दा बढी पीडितको संख्या मध्यमाञ्चल विकास क्षेत्रमा १४३ जना सबै महिला र बालिकाहरुमध्ये उपत्यकामा मात्र ९५ जना रहेका छन् । दोस्रो, तेश्रो, चौथो र पाँचौमा क्रमसः पूर्वाञ्चल क्षेत्रमा ६२ जना, पश्चिमाञ्चल क्षेत्रमा ७८ जना (महिला र बालिका गरी ७६ एवं बालक र पुरूष गरी २ जना), सुदूर-पश्चिमाञ्चल क्षेत्रमा ३७ जना र मध्य-मश्चिमाञ्चल क्षेत्रमा ३२ जना गरी जम्मा ३१२ मध्ये २ जना पुरुषबाहेक सबै महिला र बालिका पीडित रहेका तथ्य तलको विवरणबाट देखिन आउंछ ।

तालिका ३.३.१.३

मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दाहरूमा पीडित/प्रभावितहरूको संख्या
(आ.व. २०७२/२०७३)

| क्षेत्र | | पिडित/प्रभावित | | | |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | बालिका | जम्मा |
| पूर्व क्षेत्र | | ४९ | | १३ | ६२ |
| मध्य क्षेत्र | (उपत्यका बाहेक) | ३१ | | १७ | ४८ |
| | (उपत्यका) | ७८ | | १७ | ९५ |
| पश्चिम क्षेत्र | | ३८ | २ | ३८ | ७८ |
| मध्य-पश्चिम क्षेत्र | | १६ | | १६ | ३२ |
| सुदूर-पश्चिम क्षेत्र | | २९ | | ८ | ३७ |
| **जम्मा** | | २४१ | २ | १०९ | ३५२ |

*स्रोत : प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, महिला तथा बालबालिका सेवा निर्देशनालय*

40. नेपाल प्रहरीको तथ्याङ्क अनुसार आ.व. २०७२/७३ मा मानव बेचबिखन तथा ओसारपसारमा परेका पीडित व्यक्तिहरूमध्ये ४१ प्रतिशत सीमापारी, ४८ प्रतिशत आन्तरिक, ८ प्रतिशत तेश्रो मुलुकमा बेचबिखन भएको देखिन्छ भने ३ प्रतिशतको कारण खुल्न सकेको छैन । तलको चित्रले सो तथ्यलाई प्रष्ट पार्दछ :




41. मानव बेचबिखन तथा ओसारपसार मुद्दाका पीडित व्यक्तिहरूको शैक्षिक स्थिति हेर्दा अनपढ४.२ प्रतिशत, सामाजिक लेखापरीक्षण ७५.५ देखिन्छ । यसरी ९६ प्रतिशत व्यक्तिहरू एस.एल.सी. अनुत्तिर्ण रहेको तथ्यांकले देखाउँछ । यसमाथि

आधा प्रतिशत पुरुष बाहेक बाँकी सबै पीडित/प्रभावित महिला र बालिका रहनुले मानव बेचबिखन तथा ओसारपसारको मुद्दा आँकलन गर्न नसकिने चुनौती हो । तल प्रस्तुत गरिएको विवरण तालिकाले यस तथ्यलाई उजागर गर्दछ :

तालिका ३.३.१.४

पीडित/प्रभावितहरूको शैक्षिक योग्यता सम्बन्धीी ववरण

आ.व. २०७२/२०७३

| क्षेत्र | | अनपढ | | सा.ले.प. | | ६ -१० | | एस.एल.सी | | १०+ | | जम्मा | | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | |
| पूर्व क्षेत्र | | | | | ५१ | | ९ | | २ | | | | ६२ | **६२** |
| मध्य क्षेत्र | उपत्यका बाहेक | | २ | | २७ | | १३ | | ४ | | २ | | ४८ | **४८** |
| | उपत्यका | | १३ | | ७३ | | ७ | | | | २ | | ९५ | **९५** |
| पश्चिम क्षेत्र | | | | २ | ६७ | | ८ | | १ | | | २ | ७६ | **७८** |
| मध्य-पश्चिम क्षेत्र | | | | | १६ | | १४ | | २ | | | | ३२ | ३२ |
| सुदूर-पश्चिम क्षेत्र | | | | | ३० | | ६ | | १ | | | | ३७ | ३७ |
| **जम्मा** | | | १५ | २ | २६४ | | **५७** | | **१०** | | ४ | २ | ३५० | ३५२ |

*स्रोत : प्रहरी प्रधान कार्यालय, महिला तथा बालबालिका सेवा निर्देशनालय*

42. मानव बेचबिखन तथा ओसारपसारको मुद्दामा पीडित व्यक्तिहरूको जात, जाति र जनजातिको आधारमा विश्लेषण गर्दा यस आ.व. २०७२/७३ मा क्रमसः सबै भन्दा बढी २०७ (महिला २०५ र परुष २) जना जनजाति, ७१ क्षेत्री, ४३ जना दलित,१८ जना ब्राम्हण र १३ मधेशी रहेको तथ्य तलको तालिकाबाट देखिन आँउछः

तालिका ३.३.१.५

पीडित/प्रभावितहरूका जात जातिको विवरण

आ.व. २०७२/२०७३

| क्षेत्र | | ब्राम्हण | | क्षेत्री | | ज्नजाति | | दलित | | मधेशी | | जम्मा | | **कुल जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | |
| पूर्व क्षेत्र | | | ३ | | १३ | | ३४ | | ५ | | ७ | | ६२ | **६२** |
| मध्य क्षेत्र | उपत्यका बाहेक | | ४ | | ७ | | ३१ | | ३ | | ३ | | ४८ | **४८** |
| | उपत्यका | | ३ | | १३ | | ६७ | | १२ | | | | ९५ | **९५** |
| पश्चिम क्षेत्र | | | | | १२ | २ | ४८ | | १३ | | ३ | २ | ७६ | **७८** |
| मध्य-पश्चिम क्षेत्र | | | ३ | | १६ | | ७ | | ६ | | | | ३२ | **३२** |
| सुदूर-पश्चिम क्षेत्र | | | ५ | | १० | | १८ | | ४ | | | | ३७ | **३७** |
| **जम्मा** | | | १८ | | ७१ | २ | **२०५** | | **४३** | | **१३** | २ | ३५० | **३५२** |

*स्रोत : प्रहरी प्रधान कार्यालय, महिला तथा बालबालिका सेवा निर्देशनालय*

43. प्रहरी प्रधान कार्यालयबाट प्राप्त आ.व. २०७२/७३ को विवरणअनुसार मानव बेचबिखन तथा ओसारपसारका मुद्दाका पीडित/प्रभावित कूल ३५२ व्यक्तिहरूमध्ये १६७ जना बेश्याबृत्ति, ११५ जना श्रमशोषण, २ जना अंग प्रत्यारोपण, ६

जना जबरजस्ती विवाह प्रयोजनकालागि बेचबिखनमा पारिएको र २२ को कारण नखुलेको तल दिईएको चित्रबाट देखिन आउंछः




*स्रोत : प्रहरी प्रधान कार्यालय, महिला तथा बालबालिका सेवा निर्देशनालय*

44. प्रहरी प्रधान कार्यालय, महिला तथा बालबालिका सेवा निर्देशनालयको आ.व. २०७२/७३ को अभिलेखबमोजिम मानव बेचबिखन तथा ओसारपसारसंबन्धी मुद्दामा अभियुक्तको कूल संख्या ४४७ (पुरूष ३५४ र महिला९३) देखिन्छ । प्रतिशतका आधारमा यो पुरुष ७९ र महिला २१ प्रतिशत हुन आंउछ । पुरूष अभियुक्तहरूमध्ये ९४.३५ , महिला अधियुक्तहरूमध्ये ९५.६९ र कुलमा ९४.६३ प्रतिशत विवाहित रहेका छन् । फरार अभियुक्तहरूमध्ये भने पुरुष ८६ र महिला १४ प्रतिशत रहेको देखिन्छ । विस्तृत विवरण तल दिइएको छ ।

तालिका ३.३.१.६

मानव बेचबिखन तथा ओसारपसारको पीडकहरूको संख्यात्मक लिङ्ग, वैवाहिक स्थिति र फरार अभियुक्तको विवरण

आ.व. २०७२/७३

| क्षेत्र | | जम्मा | लिङ्ग | | वैवाहिक स्थिति | | | | फरार | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पु. | म. | विवाहित | | अविवाहित | | जम्मा | पु. | म. |
| | | | | | पु. | म. | पु. | म. | | | |
| पूर्व क्षेत्र | | ९० | ७० | २० | ६६ | १६ | ४ | ४ | ४१ | ३५ | ६ |
| मध्य क्षेत्र | उपत्यका बाहेक | ७० | ६२ | ८ | ६२ | ८ | | | २६ | २५ | १ |
| | उपत्यका | १२६ | १०३ | २३ | १०१ | २३ | २ | | ७९ | ७० | ९ |
| पश्चिम क्षेत्र | | ७८ | ५९ | १९ | ५१ | १९ | ८ | | १४ | १० | ४ |
| मध्य-पश्चिम क्षेत्र | | ३९ | २६ | १३ | २५ | १३ | १ | | ६ | ४ | २ |
| सुदूर-पश्चिम क्षेत्र | | ४४ | ३४ | १० | २९ | १० | ५ | | १२ | ९ | ३ |
| **जम्मा** | | ४४७ | ३५४ | ९३ | ३३४ | ८९ | **२०** | ४ | **१७८** | **१५३** | **२५** |

*स्रोत : प्रहरी प्रधान कार्यालय, महिला तथा बालबालिका सेवा निर्देशनालय*

45. उक्त विवरणअनुसार आ.व. २०७२/७३ मा मानव बेचबिखन तथा ओसारपसारका मुद्दाका ४४७ अभियुक्तहरुको आधारमा मानव बेचबिखन तथा ओसारपसारका माध्यम अर्थातबहानाहरु तलको चित्रमा दर्शाइएबमोजिम रहेको पाइन्छ । सो चित्रअनुसार ३६ प्रतिशत भन्दा बढी पीडितहरू ललाई फकाईमा परेका देखिन्छन् भने ३५ प्रतिशत भन्दा बढी लोभलालचमा परी बेचबिखन भएको देखिन्छ :




46. मानव बेचबिखन तथा ओसारपसारलगायतका गम्भीर प्रकृतिका अपराधका सम्बन्धमा सम्मानननीय सर्वोच्च अदालतलबाट २०७० श्रावण १६ गते विभिन्न निकायहरुका नाममा देहायवमोजिमको आदेश जारी भएको छ :

- जवरजस्ती करणी एवं मानव बेचबिखन तथा ओसारपसारलगायतका गम्भीर प्रकृतिका अपराधका मुद्दाहरूमा निरन्तर सुनुवाई गरी तत्काल फैसला गर्न गृह मन्त्रालय, महान्यायाधिवक्ताको कायार्लय र सर्वोच्च अदालतका रजिष्ट्रारका नाममा परमादेश,
- जिल्ला अदालत नियमावलीको नियम २३ (ग) मा उल्लेखित निरन्तर सुनुवाइ सम्बन्धी व्यवस्था हाल सम्म ऐच्छिक भएकोमा त्यसलाई बाध्यकारी बनाउने,
- बाध्यात्मक रूपमा कार्यान्वयन गर्न गराउन जो चाहिने निर्देशिका बनाउन आवश्यक स्रोत साधनको व्यवस्थाका लागि सरकारसंग बजेट माग गर्नुपर्ने भए गर्ने गराउने,
- निरन्तर सुनुवाइका व्यवस्थालाई सुचारू गरी सुनिश्चित गर्न मुद्दाका पक्ष, कानून व्यवसायी, सरकारी वकील समेतसंग निरन्तर आवश्यक छलफल गरी सहजीकरण गर्न सम्बन्धित अदालतभित्र एक संयन्त्र गठन गरी जो चाहिने व्यवस्था मिलाउन सर्वोच्च अदालतका रजिष्ट्रारका नाममा परमादेश,
- आदेशअनुसार काम भए नभएकोबारे निरन्तर रूपमा अनुगमन गर्न सर्वोच्च अदालतले आफू मातहतको अनुगमन तथा निरीक्षण महाशाखालाई आदेश
- गृह मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालयका नाममा फौजदारी मुद्दाको निरन्तर सुनुवाइका लागि अपराध अनुसन्धान एवं अभियोजनसम्बन्धी निकायको पनि सहयोग र सहभागिताको शुरुदेखि नै जरूरी हुने हुनाले त्यस प्रयोजनका लागि आवश्यक तयारी गर्न र अदालतबाट आदेश भएका बखत आफ्ना साक्षी प्रमाण आदि उपस्थित गराउने निश्चितताका लागि जो चाहिने संसोधन सहितको व्यवस्था गर्न/गराउन र सहयोग गर्न आदेश ।

## ३.३.५ कानून कार्यान्वयन गर्ने निकायहरूमा जवाफदेहीता र उत्तरदायित्वको विकास

***(राष्ट्रिय कार्ययोजनाको रणनीति ३.५ संग सम्बन्धित) :***

47. सरकारी वकीलबाट बहस पैरवी र प्रतिरक्षा गरिने मुद्दाहरूको विषयगत वर्गीकरणभित्र मानव वेचविखनलाई एउटा छुट्टै वर्गमा राखिएको छ । यस अन्तर्गत मानव वेचविखन, मानव ओसारपसार, मानव अंग झिक्ने बेच्ने, बेश्यागमन र बेश्यावृतिका मुद्दाहरू परेका छन् । यसरी मानव बेचबिखन तथा ओसारपसारका मुद्दाहरूमा आ. व. २०६८/२०६९, देखि आ.व. २०७२/७३ को अवधिभित्र महान्यायाधिवक्ताको कार्यालय, पुनरावेदन सरकारी वकीलको कार्यालय तथा

जिल्ला सरकारी वकीलको कार्यालयबाट अभियोजन भै कानूनी कारवाही गरिएका मुद्दाहरूको विवरण निम्नअनुसार रहेको छ :

तालिका ३.३.१.७

महान्यायाधिवक्ताको कार्यालय र अन्तर्गत सरकारी वकील कार्यालयहरूबाट दायर भएका मुद्दाहरूको विवरण

(आ. व. २०६८/२०६९ - आ.व. २०७२/७३)

**(क) महान्यायाधिवक्ताको कार्यालय**

| आ.व. | लगत | कसुर कायम | सफाई | अन्य | फछ्यौट | बाँकी |
|---|---|---|---|---|---|---|
| २०६८/२०६९ | ५९ | ४ | ३ | ० | ७ | ५२ |
| २०६९/२०७० | ७८ | ४ | ८ | ० | १२ | ६६ |
| २०७०/२०७१ | ११९ | ० | २ | ० | २ | ११७ |
| २०७१/२०७२ | १४८ | ७ | २३ | ० | ३० | ११८ |
| २०७२/२०७३ | २०५ | १६ | ८ | ० | २४ | १८१ |

*स्रोत : महान्यायाधिवक्ताको कार्यालय, २०७३*

४८. महान्याधिवक्ताको कार्यालयबाट प्राप्त उक्त विवरणले दायर भएका मुद्दाहरूको लगत हरेक आ.व.मा बढ्दै गएको देखाउंछ । आ.व. २०६८/२०६९ देखि आ.व. २०७२/७३ को अवधिमा पहिलो वर्षको तुलनामा पछिल्लो वर्ष क्रमसः ३२.२०, ५२.५६, २४.३७ र ३८.५१ प्रतिशतका दरले मुद्दाहरूको लगतमा वृद्धि भएको देखिन्छ । आ.व. २०७२/७३ मा महान्याधिवक्ताको कार्यालयको लगतमा रहेको कुल २०५ मुद्दामध्ये जम्मा २४ अर्थात ११.७० प्रतिशत मुद्दा मात्र फछ्र्यौट भएको देखिन्छ भने फछ्र्यौट भएका मुद्दाहरूमध्ये गत वर्षको २३.३३ को तुलनामा ६६.६६ प्रतिशत मुद्दामा कसुर कायम भएको पाइन्छ। यसरी सफाई पाउने मुद्दामाको संख्या भने घटेको देखिन्छ ।

**(ख) उच्च (पुनरावेदन) सरकारी वकीलको कार्यालय**

| आ.व. | लगत | कसुर कायम | सफाई | अन्य | फछ्यौट | बाँकी |
|---|---|---|---|---|---|---|
| २०६८/२०६९ | १८८ | ४४ | ५२ | १ | ९७ | ९१ |
| २०६९/२०७० | २०८ | ४८ | ५८ | २ | १०८ | १०० |
| २०७०/२०७१ | २३१ | ३२ | ४८ | ० | ८० | १५१ |
| २०७१/२०७२ | ३२२ | १०२ | १२० | ० | २२२ | १०० |
| २०७२/२०७३ | २९९ | ४६ | ९४ | ० | १४० | १५९ |

*स्रोत : महान्यायाधिवक्ताको कार्यालय, २०७३*

पुनरावेदन तहमा आ.व. २०६८/६९ देखि आ.व. २०७२/७३ दायर भएका मुद्दाहरूको लगत अध्ययन गर्दा आ.व. २०७१/२०७२ सम्म बढ्दै गएकोमा आ.व. २०७१/२०७२ मा भने घटेको पाइन्छ । यसरी मुद्दाको लगत आ.व.२०६८/२०६९ को तुलनामा प्रत्येक आ.व.मा क्रमसः १०.६४, ११.०६ र ३९.३९ प्रतिशत रही वृद्धि भएकोमा आ.व. २०७२/७३ मा भने अघिल्लो वषको तुलनामा ७.१४ प्रतिशतले घट्न पुगेको देखिन्छ । पुनरावेदन सरकारी वकील कार्यालयको तहमा आ.व. २०७२/७३ मा कुल मुद्दाको लगत २९९ रहेकोमा ४६.८ प्रतिशत मुद्दा फछ्र्यौट भएको देखिन्छ जबकी गत साल यो ६८.९५ प्रतिशत रहेको थियो । यसरी फछ्र्यौट भएका मुद्दाहरूमध्ये  गत सालको ४५.९४ प्रतिशतको तुलनामा यस आ.व.२०७२/७३ मा ३२.८ मुद्दामा मात्र कसुर कायम भै बांकी मुद्दामा सफाई पाएको देखिन्छ ।

**(ग) जिल्ला सरकारी वकीलको कार्यालय**

| आ.व. | लगत | | कसुर कायम | | सफाई | | अन्य | | फछ्यौट | | बाँकी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | मुद्दा | प्रति बादी | मुद्दा | प्रति बादी | मुद्दा | प्रति बादी | मुद्दा | प्रति बादी | मुद्दा | प्रति बादी | मुद्दा | प्रति बादी |
| २०६८/२०६९ | २८८ | - | ८७ | - | ५७ | - | २ | - | १४६ | - | १४२ | - |
| २०६९/२०७० | ३४१ | - | ५८ | - | ५६ | - | १ | - | ११५ | - | २२६ | - |
| २०७०/२०७१ | १६८ | - | ४७ | - | ३९ | - | ० | - | ८६ | - | ८२ | - |
| २०७१/२०७२ | ४३० | - | १३१ | - | १०७ | - | ० | - | २३८ | - | १९२ | - |
| २०७२/२०७३ | ३९५ | ९७७ | १३० | २६२ | ११५ | २३२ | १ | १२ | २४६ | ५०६ | १४९ | ४७१ |

*स्रोत : महान्यायाधिवक्ताको कार्यालय, २०७३*

४९. जिल्ला सरकारी वकील कार्यालय तहमा दायर भएका मुद्दाहरूको आ.व. २०६८/६९ देखि आ.व. २०७२/७३ सम्मको विवरणमा २०६९/७० र आ.व. २०७१/७२ मा बढेको छ भने आ.व. २०७०/७१ र यस आ.व. २०७२/७३ मा घटेको देखिन्छ । यसरी जिल्ला सरकारी वकील कार्यालयको तहमा आ.व. २०७२/७३ मा कुल ३९५ मुद्दाको लगतमध्ये ६२.२७ प्रतिशत फछ्र्यौट भएको देखिन्छ जबकी गत वर्ष यो फछ्र्यौटको प्रतिशत ५५.३४ रहेको थियो ।

यसरी गत वर्ष फछ्र्यौट भएका मुद्दाहरू मध्ये ५५.०४ प्रतिशत मुद्दामा कसुर कायम र ४४.९६ प्रतिशत मुद्दामा सफाई पाएकोमा यस आ.व. २०७२/७३ मा झण्डै उस्तै अर्थात ५२.८४ प्रतिशत कायम र ४६.७४ प्रतिशतले सफाई पाएको देखिन्छ । लगतमा रहेका कूल ३९५ मुद्दाका कूल ९७७ प्रतिबादीहरुमा फछ्र्यौट भएका २४६ मुद्दाका ५०६ प्रतिबादीमध्ये २६२ को कायम भएको छ ।

५०. सर्वोच्च अदालतबाट प्राप्त विवरणअनुसार मानव बेचबिखन तथा ओसारपसारविरुद्ध आ.व.२०७२/७३ मा विभिन्न तहका अदालतहरूमा दायर भएका कुल १,०९२ मुद्दाहरुमध्ये सबै भन्दा बढी क्रमसः सर्वोच्च अदालतमा ४३१, पुनरावेदन अदालतहरूमा ३३६ र जिल्ला अदालतहरूमा ३२५ दायर भएको देखिन्छ । अदालतहरूमा रहेका विभिन्न प्रकृतिका मुद्दाहरूमध्ये मानव बेचबिखन तथा ओसारपसारसंबन्धी मुद्दा संख्याका दृष्टिले ज्यादै न्यून अर्थात ०.२७ देखि १.५९ प्रतिशत मात्र रहेको तलको तथ्याङ्क ताकिले देखाउछ :

तालिका ३.३.१.८

विभिन्न तहका अदालतहरूमा चालु रहेका मानव बेचबिखन तथा ओसारपसार र अन्य मुद्दाहरूको अनुपात

(आ.व. २०७२/२०७३)

| क.स. | ऋदालत | कुल मुद्दाको लगत (रिट बाहेक) | मानव बेचविखन तथा ओसारपसारको मुद्दा | | | | कुल मुद्दाको अनुपातमा मानव बेचबिखन मुद्दाको प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | ल्गात | फछ्र्यौट | | बंकी | |
| | | | | संख्या | प्रतिशत | | |
| १ | सर्वोच्च अदालत | २७,१०० | ४३१ | १२७ | २९.४ | ३०४ | १.५९ |
| २ | पुनरावेदन अदालत | ३४,७६४ | ३३६ | १८७ | ५५.६ | १४९ | ०.९६ |
| ३ | जिल्ला अदालत | १,१७,७१३ | ३२५ | १८४ | ५६.६ | १४१ | ०.२७ |

| जम्मा | १,७९,५७७ | १०९२ | ४९८ | ४५.६० | ५९४ | ०.६० |
|---|---|---|---|---|---|---|

*स्रोत : सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७२/७३ ।*

51. मानव बेचविखन तथा ओसारपसारको मुद्दा फछ्यौंटको विवरणअनुसार आ.व. २०७२/२०७३ को कुल १०९२ मध्ये ४९८ अर्थात ४५.६० प्रतिशत मुद्दाहरू फछ्यौंट भएका छन्, जबकी गत वर्ष यो प्रतिशत ५०.५५ रहेको थियो । गत वर्ष सर्वोच्च अदालतबाट १६.२२ प्रतिशत, पुनरावेदन अदालतहरूबाट ७० प्रतिशत र जिल्ला अदालतहरूबाट ६७.४२ प्रतिशत मुद्दाहरू फछ्यौंट भएकोमा यस आ.व. २०७२/२०७३ मा सोको प्रतिशत क्रमसः २९.४, ५५.६ र ५६.६ रहेको छ

52. विभिन्न तहका अदालतहरूबाट फछ्यौंट भएका मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दाहरूको आ.व. २०६८/६९ देखि आ.व. २०७२/७३ सम्मको तथ्याङ्क अध्ययन गर्दा मुद्याहरुको संख्या क्रमसः ५३५, ६२७, ५१८, ९८५ र १०९२ रहेबाट आ.व.२०७०/७१ मा बाहेक सबै वर्षहरुमा मुद्दाको संख्या बढेको देखिन्छ । फछ्यौंटको प्रतिशत हेर्दा आ.व. २०६८/६९ मा ४६.७२ प्रतिशत, आ.व. २०६९/७० मा ३७.४८ प्रतिशत, आ.व.२०७०/७१ मा २४.७१ प्रतिशत, आ.व. २०७१/७२ मा ५०.५५ प्रतिशत र आ.व.२०७२/२०७३ मा ४५.६० प्रतिशत मुद्दा फछ्यौंट भएको देखिन्छ । समग्रमा यी पाँच आ.व.मध्ये आ.व. २०७१/७२ मा सबै भन्दा बढी ५०.५५ प्रतिशत मुद्दा फछ्यौंट भएको तलको तालिकाले देखाउंछ जसमध्ये पुनरावेदन अदालतहरूको सबै भन्दा बढी ७० प्रतिशत फछ्यौंट भएको रहेको छ :

तालिका ३.३.१.९
अदालतहरूबाट फछ्यौंट भएका मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दाको तुलनात्मक संख्या र प्रतिशत
(आ.व. २०६८/६९ देखि आ.व. २०७२/२०७३)

| क.स. | अदालत | २०६८/६९ | | २०६९/७० | | २०७०/७१ | | २०७१/७२ | | २०७२/२०७३ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल लगत | फछ्यौंट प्रतिशत | कुल लगत | फछ्यौंट प्रतिशत | कुल लगत | फछ्यौंट प्रतिशत | कुल लगत | फछ्यौंट प्रतिशत | कुल लगत | फछ्यौंट प्रतिशत |
| १ | सर्वोच्च अदालत | ५९ | ११.८६ | ७८ | १५.४० | ११९ | १.६८ | ३३९ | १६.२२ | ४३१ | २९.४ |
| २ | पुनरावेदन अदालत | १८८ | ५१.६० | २०८ | ५१.९२ | २३१ | ३४.६३ | २९३ | ७०.०० | ३६६ | ५५.६ |
| ३ | जिल्ला अदालत | २८८ | ५०.७० | ३४१ | ३३.७२ | १६८ | ५१.१९ | ३५३ | ६७.४२ | ३२५ | ५६.६ |
| | जम्मा | ५३५ | ४६.७२ | ६२७ | ३७.४८ | ५१८ | २४.७१ | ९८५ | ५०.५५ | १०९२ | ४५.६० |

*स्रोत : सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७२/७३*

53. गृह मन्त्रालय अर्न्तगत कारागार व्यवस्थापन विभागबाट प्राप्त विवरणअनुसार आ.व.२०७२/२०७३ मा मानव वेचविखन तथा ओसारपसार मुद्दाको कारवाहीमा परी देशभरका कारागारहरुमा कूल ७९३ (कैदी ६३२ र थुनुवा १६१) पीडकहरुमध्ये महिला कैदी २०१ र थुनुवा ६२ तथा पुरुष कैदी ४३१ र थुनुवा ९९ रहेको देखिन्छन । सबभन्दा धेरै क्रमसः काठमाण्डौ १७०, झापा ६५, पर्सा ५९ सुनसरी(झुम्का) ४९ को संख्यामा कारागार थुनिएका छन भने कर्णाली अञ्चलको कुनै पनि कारागारमा थुनुवा रहेका छैनन । कारागार व्ययस्थापन विभागबाट प्राप्त विस्तृत विवरण अनुसूची १३ (क)मा दिइएको छ ।

54. राष्ट्रिय मानव अधिकार आयोगबाट प्राप्त विवरणअनुसार मानव वेचखिनसम्बन्धी राष्ट्रिय प्रतिवेदन २०७०/२०७१ र २०७१/२०७२ (सन २०१३–२०१५) प्रकाशन र सार्वजनिकीकरण गरी सो प्रतिवेदनको शिफारिस बमोजिम आवश्यक कारवाहीका लागि नेपाल सरकारलाई शिफरिस गरिएको छ । यसकासाथै राष्ट्रिय मानव अधिकार आयोगले मानव वेचबिखन सम्बन्धी विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय पत्रपत्रिका तथा सामाजिक सञ्जालमा आएका समाचार

टिकाटिप्पणीबारे अनुगमन गरी सोउपर सत्य तथ्य पत्ता लगाई आवश्यक कारवाहीका गर्न सम्वन्धित निकायलाई पत्राचार गरिएको छ ।

55. मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित व्यक्तिहरूलाई उनीहरूको अधिकारको सुनिश्चितता र सरल कानूनी उपचारमा सहयोग पु-याई न्यायमा पहुँच दिलाउन गैरसरकारी संस्थाहरूले पनि विभिन्न किसिमका कार्यक्रमहरु सञ्चालन गरेका छन् । यसरी गैरसरकारी संस्थाहरूले मानव बेचबिखन तथा ओसारपसारविरूद्ध गरेका निरोध, संरक्षण, कानूनी उपचार, क्षमता विकास तथा समन्वय,सहयोग र सहकार्यसंबन्धी विभिन्न प्रयासहरूको प्राप्त विवरण एकीकृत रुपको अनुसूची ८ अन्तर्गत दिईएको छ ।

## ३.४ क्षमता विकास

आ.व.२०७२/७३ मा मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरूद्धको राष्ट्रिय कार्ययोजना, २०६८ को चौथो प्राथमिकता क्षेत्र- क्षमता विकास अन्तर्गतको उद्देश्य प्राप्तिकालागि सेवा प्रदायकहरूको क्षमता अभिबृद्धि गर्न निर्धारण भएका नीति तथा कार्यक्रमहरूअनुरुप सम्पन्न भएका क्रियाकलापहरू देहाय बमोजिम रहेका छन् :

### ३.४.१ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र अन्तर्गतका कार्यालयहरूको क्षमता अभिवृद्धि

***(राष्ट्रिय कार्ययोजनाको रणनीति ४.१ संग सम्बन्धित) :***

56. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण कार्यका लागि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको आन्तरिक संरचनाभित्र महिला सशक्तीकरण तथा बाल विकास महाशाखा अन्तर्गत छुट्टै "मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण शाखा" स्थापना गरी जिम्मेवारी तोकिएकोछ । यस शाखामा हाल रा.प.द्वि. एक, रा.प.तृ. दुई तथा रा.प.अनं (ना.सु) एक गरी चारजनाको दरवन्दी तोकी समय समयमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका विषयम केन्द्रित विभिन्न अनुसन्धान तथा तालिम कार्यक्रहरुमा संलग्न गराई उनीहरुको क्षमता अभिवृद्धि गरिएको छ ।

57. चितवन र कास्कीमा मानव वेचविखन तथा ओसारपसारविरुद्धको क्षेत्र हेर्ने ७५ जिल्लाका महिला तथा बालबालिका कार्यालयका संपर्कव्यक्तिहरुलाई दुई दिने क्षमता अभिबृद्धि कार्यशाला/अन्तरक्रिया गोष्ठी संचालन गरिएको छ । यस कार्यक्रममा जम्मा १२६ जनाको सहभागिता रह्यो ।

### ३.४.२ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समिति र जिल्ला समितिहरूको क्षमता अभिबृद्धि

***(राष्ट्रिय कार्ययोजनाको रणनीति ४.२ संग सम्बन्धित) :***

58. **राष्ट्रिय समितिका पदाधिकारीहरूको अध्ययन भ्रमण :** मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणराष्ट्रिय समितिका पदाधिकारीहरू तथा बेचबिखन नियन्त्रण शाखाका कर्मचारीहरूको क्षमता अभिबृद्धिका लागि मन्त्रालयले अभिमुखीकरणलगायत विभिन्न क्रियाकलापहरू सञ्चालन गर्दै



आइरहेको छ । यस क्रममा राष्ट्रिय समितिका पदाधिकारीहरू एवं मन्त्रालयका अधिकृतहरु मन्त्रालयबाट संचालन हुने मानववेचविखन सम्बन्धी हरेक अन्तरक्रिया, गोष्ठी तथा तालीम कार्यक्रमहरुको योजना निर्माण, कार्यान्वयनका क्रियाकलापहरुमा संलग्न हुने गरेका छन् ।

59. **जिल्ला समितिको क्षमता अभिबृद्धिः** मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय तथा जिल्ला समितिका पदाधिकारीहरूका लागि समय समयमा विभिन्न किसिमका अभिमुखीकरण, गोष्ठी, अन्तरक्रिया, तालिमको माध्यमबाट क्षमता अभिबृद्धिको कार्यक्रम संचालन गर्ने गरिएको छ । यस आ.व.मा कन्चनपुर, मुगु तथा सुर्खेत जिल्लामा मानव बेचबिखन नियन्त्रण राष्ट्रिय तथा जिल्ला समितिका पदाधिकारीहरू र जिल्लाका विभिन्न सरकारी तथा गैर सरकारी निकायका पदाधिकारीहरु गरी १६७ जना सहभागीहरुवीच अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

60. **पुनर्स्थापना केन्द्र संचालक अन्तरक्रियाः** मानव वेचविखन तथा ओसारपसारबाट पीडित तथा प्रभावितको लागि ८ जिल्लामा संचालनमा रहेका पुनर्स्थापना केन्द्र संचालक तथा ८ जिल्लाका मानव वेचविखन तथा ओसारपसार विरुद्धको विषय हेर्ने महिला तथा बालबालिका कार्यालयका सम्पर्क व्यक्तिहरु र लेखापालहरु २६ जनावीच नवलपरासीमा दुई दिने अन्तरक्रिया कार्यक्रम संचालन भएको छ ।

61. **स्थानीय समितिहरूको गठन, पुनर्गठन र अभिमुखीकरणः** स्थानीय स्तरमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्न र प्रभावितहरूलाई अत्यावश्यक सहयोग प्रदान गर्न मानव वेचविखन तथा ओसारपसार विरुद्धको स्थानीय समितिहरु गठन गर्ने कार्यले यस वर्ष पनि निरन्तरता पाएकोछ । सुरक्षित बसाईंसराई बारे समेत निगरानी राख्ने जिल्लाहरूमा गठन भएका यस किसिमका स्थानीय समितिका पदाधिकारी तथा सदस्यहरूलाई अभिमुखीकरण गर्ने कार्य विभिन्न जिल्लामा सम्पन्न भएका छन् ।

## ३.४.३ कानून कार्यान्वयन गर्ने निकाय र पदाधिकारीहरूको क्षमता अभिवृद्धि

*(राष्ट्रिय कार्ययोजनाको रणनीति ४.३ संग सम्बन्धित) :*

62. नेपाल प्रहरीले सकल दर्जाका प्रहरी कर्मचारीहरूका लागि प्रदान गरिने आधारभूत तालिम तथा विशेष ज्ञान र सीप प्रदान गर्न प्रहरी जवान देखि उच्च दर्जाका अधिकृतहरूको लागि अपराध अनुसन्धान, महिला तथा बालबालिकाबिरूद्धको अपराध, मनोबिमर्श, सीप लगायतका बिषयमा प्रदान गरिने अनुशिक्षण एवं तालिमहरूको पाठ्यक्रममा मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी बिषयवस्तुसमेत समावेश गरिएको छ । स्वदेश तथा विदेशमा मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी विभिन्न संघ संस्थाहरूबाट प्रदान गरिने तालिमहरूमा समेत प्रहरी कर्मचारीहरूको सहभागिता रहने गरेको छ । यसरी नियमितरूपमा वार्षिक क्यालेण्डरमा समावेश गरी सञ्चालन हुने महिला तथा बालबालिकाविरूद्धको अपराध अनुसन्धान बिषयक तालिमअन्तरगत मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी बिषयवस्तुलाई पनि अभिन्न अंशकोरुपमा पाठ्यक्रममा समावेश गरिएको छ । यस किसिमको तालिम सिनियर प्रहरी अधिकृतहरूकका लागि राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगंजमा र जुनियर प्रहरी अधिकृत तथा जवानहरूलाई सबै क्षेत्रीय प्रहरी तालिम केन्द्रहरूमा प्रदान गरिंदै आएको छ ।यस आर्थिक वर्षमा संचालन भएको ६ कार्यदिने आधारभूत (Basic) तालिममा ४८६ जनाले मानव बेचबिखन तथा ओसारपसारलगायत लैङ्गिक सवालका विषयमासमेत तालिम प्राप्त गरेका छन् ।

63. मानव बेचबिखन तथा ओसारपसार विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपासर विरूद्धको कार्यान्वयन योजना २०७१ बारे जिल्ला स्थित महिला तथा बालबालिका कार्यालय तथा अन्य सरकारी कार्यालयका प्रतिनिधिहरूलाई जानकारी गराउने उदेश्यले विभिन्न ५ स्थानहरू तथा तहमा कार्यशाला गोष्ठीहरु सम्पन्न भएकाछन ।

६४. मानव वेचविखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ मा भएको ऐन संशोधन सम्बन्धी  गोष्ठी मकवानपुरमा सम्पन्न गरिएको छ । त्यस गोष्ठीमा सरकारी तथा गैरसरकारी संस्थाका ७९ जना प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

६५. राष्ट्रिय मानव अधिकार आयोगले सोलिडारिटी सेन्टर श्रीलंका, दक्षिण एशियाली श्रम संगठन परिषद् ( South Asian Association Regional Trade Union Council SAARTUC ) को सहकार्यमा २ दिने - Cross Regional Workshop on Recruitment and Employment Conditions Of Migrant Workers in Kuwait and Quatar; Focussing on Domestic Workers from India and Nepal ) विषयक कार्यशाला चैत्र १३ १४, २०७२ ( 26-27 March 2016 ) आयोजना गरी कुवेत र कतारमा  भारत र नेपालबाट जाने कामदारहरुको भर्ना र रोजगारको अवस्था जस्ता विषयमा जानकारी गराएको थियो ।

६६. जिल्ला अदालतका न्यायाधिशहरू, जिल्ला न्यायाधिवक्ताहरू, प्रहरी अधिकृतहरू तथा नेपाल वारसम्बद्ध अधिवक्ताहरूलाई राष्ट्रिय न्यायिक प्रतिष्ठानले  मानव बेचबिखन तथा ओसारपसारका मुद्दाहरूमा अनुसन्धान, अभियोजन तथा अदालती कारवाहीमा प्रभावकारिता ल्याउन विभिन्न किसिमका प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्ने गरेको छ ।

६७. न्याय क्षेत्रलाई मानव बेचबिखन लगायत विभिन्न प्रकारका लैङ्गिक हिंसाबाट पीडितलाई महिला तथा बालमैत्री वातावरण बनाई सहज र सरल ढङ्गबाट न्याय दिलाउनका लागि काठमाण्डौं, ललितपुर, काभ्रे, मकवानपुर, वाँकेका अदालतहरुबाट सुबिधासम्पन्न इजलाशबनाउन शुरु गरिएको कार्यले निरन्तरता पाएको छ ।

साक्षी संरक्षण कक्ष, जिल्ला अदालत, काठमाण्डौं




६८. सर्बोच्च अदालतको योजना तथा अनुसन्धान महाशाखामा रहेको अभिलेख अनुसार विभिन्न तहका जनशक्तिले विभिन्न किसिमका तालिम, गोष्ठीमा सहभागी भएका छन् , जस्तो ३१ जना न्यायधिश, कर्मचारी तथा कानून व्यवसायीहरुलाई मानव बेचबिखन तथा ओसारपसारका बारे तालिम प्रदान गरिएको छ भने एक जनाले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण, राष्ट्रिय प्रतिबेदन, २०७२ संबन्धी तयारी कार्यक्रममा भाग लिएको देखिन्छ । यसैगरी  मानव बेचबिखन तथा ओसारपसारबाट प्रभावितहरुको न्यायिक पहूँचमा सरोकारवालाको सशक्त भूमिकाको तालिममा ६ जना सहभागी रहेका छन् ।

## ३.४.४ मानव बेचबिखन तथा ओसारपसार विरूद्ध कार्यरत सरोकारवाला संस्थाहरूको क्षमता अभिवृद्धि

***(राष्ट्रिय कार्ययोजनाको रणनीति ४.४ संग सम्बन्धित) :***

६९. महिला तथा बालबालिका कार्यालयहरूबाट सञ्चालित महिला विकास कार्यक्रमअन्तरगत गाँउतहका महिला समूहमा आवद्ध महिलाहरूको क्षमता अभिबृद्धि गरी गाँउदेखि नै मानव बेचबिखन तथा ओसारपसार अन्त्य गर्ने उद्धेश्यकासाथ यस आ.व. २०७२/०७३ मा दुई दिने सामुदायिक परामर्श कार्यशाला तथा योजना तर्जुमाको कार्यक्रम ५० पटक

संचालन गर्न विभिन्न महिला संस्था/समितिलाई कार्यक्रम अनुदान उपलब्ध गराईएको छ भने २६३ वटा मानव वेचविखन विरुद्धको गाँउ समिति गठन, बैठक संचालन र अभिमूखीकरण कार्यक्रम संचालन गरिएको छ ।




70. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको वार्षिक प्रतिवेदन, २०७२/७३ अनुसार आधारभूत, नेतृत्व तथा संस्थागत, लेखापालन तथा प्रस्तावना लेखनसंबन्धी तालिममार्फत ११७७१ समूह सदस्यको व्यक्तित्व विकास र महिला सहकारी संस्था दर्ता गर्ने तयारी अवस्थामा रहेका १३५ तदर्थ समितिका सदस्यलाई पूर्वसहकारी शिक्षा प्रदान गरिएको छ ।

71. विभिन्न जिल्लाहरूमा महिला तथा बालबालिका कार्यालयहरूले प्रदान गर्ने गरेकोखासगरी नेतृत्व विकास तथा संस्थागत विकास तालिम कार्यक्रमहरुमा पनि मानव बेचबिखन तथा ओसारपसार एवं लैङ्गिक हिंसा नियन्त्रण सम्बन्धी सवालहरूलाई समावेश गरीसंचालन गर्ने गरिएको छ । महिला तथा बालबालिका विभागको वार्षिक प्रगति प्रतिवदन, २०७२/७३ अनुसार यस किसिमका तालिम कार्यक्रमबाट उक्त आ.व. मा ६,९३९ गरी हालसम्म कूल ३७,६३२ जना महिला तथा पुरूषले क्षमता अभिबृद्धिको तालिम प्राप्त गरिसकेका छन् ।

72. मानव वेचविखन तथा ओसारपसार नियन्त्रणका लागि सुरक्षाकर्मी र सार्बजनिक सवारी चालक तथा परिचालकहरुसंगको सहकार्य प्रबर्द्धन गर्न कन्चनपुर, कैलाली, बाँके, कपिलवस्तु, रुपन्देही, चितवन र झापामा एक दिने जिल्लास्तरीय सहकार्य प्रबर्द्धन कार्यशाला गोष्ठी संचालन गरिएको छ ।

73. मानव वेचविखन तथा ओसारपसारबाट पीडित तथा प्रभावितहरुका लागि दीर्घकालीनरुपमा सेवा प्रदान गर्न का लागि २०७२/९/२७ मा मंगला साहना दीर्घकालीन पुनर्स्थापना गृह स्थापना भएको छ ।

74. सरकारी तथा गैरसरकारी क्षेत्रका सरोकारवालाहरूलाई समावेश क्षमता अभिवृद्धि गर्ने हेतले मानव बेचबिखन तथा ओसारपसारविरूद्ध कार्यरत विभिन्न संघसंस्थाहरूले संचालन गरेका तालिम तथा अभिमुखीकरण कार्यक्रमहरूको जानकारी एकीकृतरुपको अनुसूचीअन्तर्गत दिइएको छ ।

## ३.४.५ महिला तथा बालबालिका सेवा केन्द्रहरूको क्षमता विकास

***(राष्ट्रिय कार्ययोजनाको रणनीति ४.५ संग सम्बन्धित) :***

75. नेपाल सरकारले प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग अन्तर्गत स्थापना भएको महिला तथा बालबालिका सेवा निर्देशनालयलाई महिला तथा बालबालिकाहरूको सवालमा विशेषज्ञता प्राप्त इकाईको रूपमा विकास गर्ने नीति लिएको छ । हालसम्म यसअन्तरगतका महिला तथा बालबालिका सेवा केन्दहरु क्षेत्रीय, उप-क्षेत्रीय, महानगरीय, जिल्ला तथा इलाका तहसम्म गरी २४४ वटा प्रहरी इकाईहरूमा बिस्तार भैसकेका छन् भने प्रहरीको कूल दरवन्दी स्ख्या १३५३ कायम गरिएको छ र अधिकृत तथा प्रहरी जवान गरी कायम हुने दरवन्दीमा महिलाको सहभागिता ६० प्रतिशत पु-याउने लक्ष्य रहेको छ ।

76. हालसम्म ३९ जिल्ला प्रहरी कार्यालय मातहतका महिला तथा बालबालिका सेवा केन्द्रहरुको लागि छुट्टै भवनको निर्माण गरिएको छ । यसले गर्दा केन्द्रबाट प्रदान हुने सेवाहरू प्राप्त गर्न सेवाग्राहीहरुलाई केही सहज र सरल हुन पुगेको छ ।

77. नेपाल प्रहरीबाट २०७२ सालमा गएको महाभुकम्प पश्चात विशेष गरी महिला तथा बालबालिकाहरुको देशभित्र र देशबाहिर हुन सक्ने मानव वेचविखन तथा ओसारपसार नियन्त्रणको लागि पशुपति, भद्रपुर, काकडभित्ता, ठाडी धनुषा, मलंगवा, गौर, ईनरुवा, त्रिबेणी, महेशपुर, कृष्णनगर, बेलहिया, गुलरिया, धनगढी, बेलौरी, गड्डाचौकी, भिट्टामोड, बाह्रबिसे, जमुनिया, रानी र बीरगंज गरी २० वटा स्थानहरुमा सिमानाका निगरानी केन्द्र र विर्तामाड, ईटहरी, बुटवल, अत्तरीया, बर्दिबास, मिर्चैया,पथलैया, मुगलीन, लमही र कोहलपुर गरी १० वटा रणनीतिक चेक प्वाइन्टहरुस्थापना गरिएका छन् । यी निगरानी केन्द्रहरुलाई नियमन तथा थप प्रभावकारी बनाउने उद्धेश्यले प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, महिला तथा बालबालिका सेवा निर्देशनालयबाट "**मानव वेचविखन तथा ओसारपसारविरुद्धको निगरानी केन्द्र कार्यसंचालन कार्यविधी २०७३"** समेत जारी गरी भूकम्प प्रभावित १४ जिल्लाका महिला तथा बालबालिका सेवा केन्द्र, २० सीमानाका निगरानी केन्द्र तथा १० रणनीतिकस्थानहरुमा आवश्यक कार्यालय सामग्री -कम्प्यूटर, यूपीएस, प्रीन्टर, प्रोजेक्टर, पेन ड्राईभ, भ्वाईस रेकर्डर, डिजिटल क्यामरा, साउण्ड सिस्टम, पंखा, टेबुल, कुर्ची,बेन्च, दराज, टि टेबल आदि) वितरण गरिएको छ ।

78. नियमित रूपमा वार्षिक क्यालेण्डरमा समावेश गरी सञ्चालन हुने तालिमहरुमा महिला तथा बालबालिका विरूद्धको अपराध अनुसन्धान बिषयक तालिम पनि पर्दछ । मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी बिषयवस्तुलाई यस तालिमको अभिन्न अंग बनाई पाठ्यक्रममा समावेश गरिएको छ । यस किसिमको तालिम सिनियर प्रहरी अधिकृतहरूकका लागि राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगंजमा र जुनियर प्रहरी अधिकृत तथा जवानहरूलाई सवै क्षेत्रीय प्रहरी तालिम केन्द्रहरूमा प्रदान गरिंदै आएको छ ।

### ३.४.६ कुटनीतिक निकायहरूको क्षमता विकास

***(राष्ट्रिय कार्ययोजनाको रणनीति ४.६ संग सम्बन्धित) :***

79. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयबाट संचालन भएका मानव वेचविखन तथा ओसारपसारसंबन्धी विभिन्न किसिमका अभिमूखीकरण, गोष्ठी तथा तालिम कार्यक्रमहरुमा परराष्ट्र मन्त्रालयको प्रतिनिधि तथा लैंगिक संपर्क व्यक्तिको सहभागिता रहने गरेको छ । समय समयमा नेपाली महावाणिज्य दूतावास र नेपाली दूतावासका कर्मचारीहरूलाई पनि मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण एवं वैदेशिक रोजगारसम्बन्धी छलफल र अन्तरक्रिया कार्यक्रममा सहभागी गराई अभिमुखीकरण गर्ने गरिएको छ ।

## ३.५ समन्वय, सहयोग र सहकार्य

आ.व.२०७२/७३ मा मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरूद्धको राष्ट्रिय कार्ययोजना, २०६८ को पाँचौं प्राथमिकता क्षेत्र- समन्वय, सहयोग र सहकार्य अन्तर्गतको उद्देश्य प्राप्तिकालागि संयुक्त सहभागिताको नीति तथा कार्यक्रमहरूअनुरुप  सम्पन्नभएका क्रियाकलापहरू देहाय बमोजिम रहेका छन् :

### ३.५.१ राष्ट्रिय स्तरमा सरोकारवालाहरू बीच समन्वय, सहयोग र सहकार्य

***(राष्ट्रिय कार्ययोजनाको रणनीति ५.१ संग सम्बन्धित) :***

४०. मूलतः मानव बेचबिखन तथा ओसारपसारबिरूद्धको कार्यक्रममा सबै सरोकारवालाहरू तथा विकास साझेदारहरूबीच समन्वय, सहयोग र सहकार्य गर्ने जिम्मेवारी मन्त्रालयमा रहेको मानव बेचबिखन तथा ओसारपसारबिरूद्धको राष्ट्रिय समितिको हो । यसका लागि समितिले समय समयमा समन्वय बैठकहरूको संयोजन गर्दछ । यस आर्थिक वर्षमा राष्ट्रिय समिति तथा उपसमितिको क्रमसः ५ र ४ पटक बैठक बसी गरिएका प्रमुख निर्णयहरू यस बमोजिम रहेका छन्:



- **विदेशस्थित कुटनीतिक नियोगमा राष्ट्रिय कोष परिचालन संबन्धमा** मानव बेचविखनबाट पीडित तथा पभ्रावित भई अलपत्र परेका नेपालीहरुको उद्धार तथा स्वदेश फिर्तीका लागि भारतस्थित राजदूताबास र कोलकातास्थित महावाणिज्य दूताबासलाई राष्ट्रिय कोषवाट रकम उपलब्ध गराउदै आएकोमा २०७१/७२ देखि थाईल्याण्डमा रहेको दूताबास र २०७२/७३ देखि यू.एुई.मा रहकृ दूताबासमा पनि सहयोग विस्तार गरिएको छ ।
- **अदालतको निर्णय वमोजिम पुनर्स्थापना कोषबाट पीडितलाई मनासिब क्षतिपूर्ति गराईदिने संबन्धमा** लैंगिक समानता तथा लैंगिक हिंसा अन्त्य गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ को दफ १७ (१क) मा उल्लेख भएवमोजिमको अदालतको अन्तिम निर्णयपश्चात पुनर्स्थापना कोषबाट पीडितलाई मनासिव क्षतिपूर्ति भराई दिने व्यवस्था कार्यान्वयनका लागि जिल्लामा महिला तथा बालबालिका कार्यालयमा निवेदन गर्न आएमा जिल्ला स्थित तत्काल उद्धार कोषबाट प्रकिया पुरा गरी रकम उपलब्ध गराई मन्त्रालयमा रहेको पुनर्स्थापना कोषबाट शोधभर्ना माग गर्ने ।
- **निगरानी डेस्क स्थापना संबन्धमा** मानव वेचविखन तथा ओसारपसारजस्तो नियन्त्रणका लागि भारत तथा चीनको सीमा जोडिएका जिल्लाहरुमा निगरानी बढाउनका लागि यस क्षेत्रमा संलग्न संपूर्ण सरकारी तथा गैरसरकारी निकायसंग समन्वय गर्न तथा एउटै सीमा नाकामा दुईभन्दा बढी गैरसरकारी संथाहरुको निगरानी डेस्क नराख्नुकोसाथै क्रमसःअन्य नाकामा निगरानी डेस्क विस्तार गर्न पहल गर्न जिल्ला समितिलाई निर्देशन पठाउने ।
- **जिल्ला प्रहरी कार्यालयमा घटना दर्ता अनिवार्य रुपमा गर्ने संबन्धमा** नेपाल सरकारको सहयोगमा संचालनमा रहेका पुनर्स्थापना केन्द्रमा पीडित तथा प्रभावितलाई राख्न महिला तथा बालबालिका कार्यालयले सिफारिस गर्दा जिल्ला प्रहरी कार्यालयमा घटना दर्ता अनिवार्यरुपमा गर्नुगर्ने व्यवस्था हुन जिल्ला समितिमा निर्देशन पठाउने ।
- **पीडित तथा प्रभावितहरुलाई उद्धार गरी स्वदेश फिर्ती गर्दा नेपाल प्रहरीमा अनिवार्यरुपमा सूचना दिने संबन्धमा** मानव वेचविखन तथा ओसारपसारबाट पीडित तथा प्रभावितहरुलाई उद्धार गरी स्वदेश फिर्ती गर्दा विदेशस्थित कुटनीतिक नियोगहरुले अनिवार्यरुपमा नेपाल प्रहरीमा सूचना दिई प्रहरीको समन्वयमा फिर्ता गर्ने

तथा महिला, बालबालिका तथा समाज कल्याणमन्त्रालयमा जानकारी गराउने व्यवस्था हुन परराष्ट्र मन्त्रालयमार्फत सबै नियोगमा निर्देशन पठाउन पत्राचारगर्ने (निर्णय मिति २०७२/१०/२१)।

- **कार्यक्रममार्फत सचेतना फैलाउने संबन्धमा** विदेशी नागरिकसंग विवाह गरी संबन्धित देशमा पतिसंग जान चाहने नेपाली महिलाहरुसंग संवन्धित विषयमा गृह मन्त्रालयबाट भएको बमोजिमको निर्णयकोसाथै विदेश जानका लागि इच्छुक महिलाहरुलाई दलालहरुले भीसा लाग्ने सबभन्दा सहज उपाएको रुपमा विदेशीसंग विवाह गर्ने भनी फकाउने प्रबृति व्यापक रहेको र विवाह गरेर विदेश गएपछि महिलालाई जवरजस्ती उक्त व्यक्तिसंगै बस्न बाद्य बनाउने, श्रम तथा यौन शोषण हुने गरेको घटनालाई आफ्ना नियमित कार्यक्रममार्फत सचेतना फैलाउन परिपत्र गर्ने ।

**गृह मन्त्रालयको निर्णयः** विवाह दर्ता ऐन, २०२८ अनुसार नेपाली महिलाले विदेशी पुरुषसंग विवाह दर्ता गरेपश्चात पति रहेको संवन्धित मुलुकमा जान चाहेको अवस्थामा देहायवमोजिमको कागजात पेश गरेको आधारमामात्र निजलाई अध्यागमन कार्यालयले प्रस्थान अनुमति दिने निणर्य-

(क) निज विदेशी पतिको घर ठेगानाको वर्तमान अवस्था, अर्को विवाह गरे नगरेको र निज विवाहित महिलाको सामाजिक सुरक्षाको प्रत्याभूति संबन्धमा संवन्धित राजदूतावासले गरिदिएको Reconfirmation letter अध्यागमन विभागमार्फत बुझी पेश गर्ने ।

**(ख) निज नेपाली महिलाको बाबु, आमा/अभिभावकले निज महिला विदेशी नागरिकसंग विवाह गरी** आफ्नो पतिको देशमा जान आफ्नो मञ्जुर रहेको भनी स्थानीय निकायको रोहबरमा गरिदिएको मन्जुरीनामा ।

(ग) विवाह दर्ता प्रमाणपत्र ।

81. सरोकारवालाहरू बीच समन्वय, सहयोग र सहकार्य विस्तार गरीमानव बेचबिखन तथा ओसारपसार बिरूद्धको अभियानलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय र मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिको संयोजनमा विभिन्न सरोकारवाला निकायहरूसंगको समन्वय बैठक ९ (नौ) पटक सम्पन्न गरिएको छ ।



## ३.५.२ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि अन्तर्राष्ट्रिय सहयोय अभिवृद्धि

***(राष्ट्रिय कार्ययोजनाको रणनीति ५.२ संग सम्बन्धित) :***

82. मानव वेचविखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिमा प्रतिनिधित्व रहेका मन्त्रालय (महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय तथा नेपाल प्रहरीलगायत) का प्रतिनिधिहरू सम्मिलित ६ सदस्यीय टोलीले सहभागिता जनाएको Comparative Learning Visit to Combodia to combat trafficking कार्यक्रम २०१६ फेब्रुवरी ८ देखि १३ तारिखसम्म कम्बोडियामा संचालन भएको थियो । यसैगरी श्रीलंका र मलेसियामा ३० मे देखि ९ जुन २०१६ सम्म भएको Aninterministrial Facts Findings Visit to Srilanka and

Malaysia to investigate cses of exploitation, trafficking of Nepal women, ईजराएलमा २० जुन देखि १४ जुलाई २०१६ सम्म भएको Combating Violence against Women and Children, बैंककमा १९ अप्रील देखि २२ अप्रील २०१६ सम्म भएको Advocating for Girls rights Equal Rights and Opportunities for Girls and Young Women जस्ता कार्यक्रमहरुमा मन्त्रालयका विभिन्न पदाधिकारीहरुले भाग लिएका थिए । यी सबै कार्यक्रमहरु विभिन्न संघसंस्थाहरु तथा सरकारवीचको समन्वय, सहयोग र सहकार्यमा सम्पन्न भएका थिए ।




८३. ... प्रवासी
... ।

८४. ... आएको
... ालयको
... रपसार
... वेभिन्न
... ात्मक,
... बजेट
रु.२५,८६,४३,६७८.०१ मध्येराष्ट्रिय गैरसरकारी संस्थाहरूको योगदान रू. ५२,२६,८२४.०५र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूको सहयोग रू.**२५,३४,१६,८५३.९६** रहेको छ । संस्था तथा परियोजनागत विवरण अनुसूची १४ मा दिईएको छ ।

८५. मानव वेचविखन नियन्त्रणका लागि २०६८ देखि USAID/The Asia Foundationको सहयोगमा संचालनमा रहेको Combating Trafficking in Person परियोजनाले यस आ.व. मा पनि निरन्तरता पायो । यसै परियोजनाअन्तर्गत विभिन्न गैरसरकारी संस्थाहरूले मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरूद्धको राष्ट्रिय कार्ययोजना, २०६८ ले निर्दिष्ट गरेको क्षेत्रहरूमा सहकार्य गर्दै आइरहेकामा पाठ्यक्रम विकास केन्द्र र विश्व शिक्षाको सहकार्यमा मानव वेचविखन तथा ओसारपसारविरुद्ध शिक्षक स्रोत पुस्तिका, २०७३ प्रकाशन भएको छ । यस स्रोत पुस्तिकाले विद्यालय तहमा शिक्षण हुने मानव वेचविखन तथा ओसारपसारविरुद्धका विषयहरुको पठनपाठनमा सहयोग पु-याउने देखिन्छ ।

## ३.५.३ मानव बेचबिखन तथा ओसारपसार विरूद्ध स्थानीय स्तरमा सबै सरोकारवालाहरू बीच सम्बन्ध र सहकार्य

***(राष्ट्रिय कार्ययोजनाको रणनीति ५.५ संग सम्बन्धित) :***

८६. मानव बेचबिखन तथा ओसारपसारको समस्यालाई स्थानीय स्तरदेखि नै संबोधन गरी नियन्त्रण गर्नका लागि जिल्ला जिल्लामा मानव अधिकार, महिला अधिकार तथा बाल अधिकारकर्मीहरू, महिला समूहका सदस्यहरू, महिला सहकारी

संस्थाहरू मानव बेचबिखन तथा ओसारपसार विरूद्धविभिन्न किसिमका चेतना र सन्देशमूलक कार्यक्रमहरू सञ्चालनमा लागी परेका छन् । यस्ता कार्यक्रमहरु प्रभावकारी बनाउन मानव वेचविखन तथा ओसारपसार नियन्त्रण जिल्ला समिति र महिला तथा बालबालिका कार्यालयमार्फत समन्वय, सहयोग र सहकार्यको प्रयासले निरन्तरता पाएको छ ।

87. विभिन्न जिल्लाहरुमा सरकारी तथा गैरसरकारी संस्थाहरूवीच एक आपसमा सहयोग, समन्वय र सहकार्य अभिबृद्धिका लागि विभिन्न संख्यामा वैठकहरु तथा अभिमुखीकरण कार्यक्रमहरू सम्पन्न भएका छन् । मानव बेचबिखन तथा ओसारपसारविरूद्ध कार्यरत संघसंस्थाहरुको संजालीकरणकासाथै कार्यक्रमहरु पनि बढ्दो रहेको यस प्रतिवेदनको अन्य खण्डहरुका उल्लेख भएका कार्य प्रगतिबाट देखिन्छ ।

## खण्ड:४

# मानव बेचबखिन तथा ओसारपसार नियन्त्रणका चुनौतीहरू

मानव बेचबिखन तथा ओसारपसार कुनै एक देश, समाज, वर्ग, क्षेत्र वा समूहसंगमात्र संवन्धित विषय हैन । अन्तर्राष्ट्रिय संगठित अपराधकोरुपमा विस्तारित यो एउटा अन्तर्देशीय बहुक्षेत्रगत बहुआयामिक समस्या हो । विश्व परिवेशमा यसले समयको अन्तरालसंगै जटिल रुपलिइरहेको छ । त्यसैले यसको नियन्त्रण पनि कुनै एक देश वा एक्लो सरकारको प्रयासबाटमात्र सम्भव छैन । त्यसमाथि विकासोन्मूख देशमा यो समस्या बढी नै जटिल हुँदै गइरहेको छ । नेपालमा मानव वेचविखन तथा ओसारपसार नियन्त्रणमा देखिएका चुनौतीहरु देहायवमोजिम रहेका छन् :

## ४.१ चुनौतीहरुः

### ४.१.१ निरोध :

1. मानव बेचबिखन तथा ओसारपसाका लागि नेपाल श्रोत-परिगमन-गन्तव्य मुलुक भैरहेको स्थितिको आम बुझाई नरहेको ।
2. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको सचेतना अभियान बढी समस्याग्रस्त स्थानसम्म नपुग्नु ।
3. मानव बेचबिखन तथा ओसारपसारसंबन्धी सही सूचनाको अभाव, अशिक्षा ।
4. मानव बेचबिखन तथा ओसारपसारविरूद्ध ऐन, नियमावली, योजना, कार्यविधिलगायतका दस्तावेजहरू स्थानीय तहसम्म प्रचार प्रसार नहुनु ।

5. विश्वव्यापीकरणको प्रभावसंगैं परिवर्तित सामाजिक तथा पारिवारिक संरचनामा नयाँ पुस्ताको उर्लदों महत्वकांक्षा ।
6. मनोरञ्जन व्यवसाय, वैदेशिक रोजगार, विदेशी नागरिकसँग विवाह (Marriage Bureau), शिक्षा आर्जन, सांस्कृतिक/सांगितिक कार्यक्रमका नाममा विदेश यात्रा गराउने व्यक्ति तथा कम्पनीहरुमा दायित्व बोधको अभाव ।

## ४.१.२ संरक्षणः

1. मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूप्रतिको नकारात्मक दृष्टिकोणले गर्दा पीडित/प्रभावितहरु समाजबाट सधैं लाञ्छीत भैरहनुपर्ने अवस्था ।
2. कानूनी कारबाहीमा मानव वेचविखन तथा ओसारपसारबाट पीडित/प्रभावितका लागि मैत्री वातावरणको अभाव ।
3. मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि तोकिएका मान्यता, विधि, आचरण, मापदण्ड तथा सेवा सुविधाहरूप्रति सरोकारवालाहरूमा यथेष्ट ज्ञानको कमी ।
4. दीर्घकालीन सोंचसहितको पीडित/प्रभावितहरूको पुनर्स्थापना, पुनःएकीकरण र जीविकोपार्जन सम्बन्धी समसामयिक नीति, कानून, योजना र कार्यक्रमको अप्रयाप्तता ।
5. हेरचाहका ज्ञान तथा उपयुक्त सेवा सुविधाको न्यूनताले पीडित/प्रभावितहरू पटक पटक पीडित हुन सक्ने जोखिममा रहीरहनु ।

## ४.१.३ कानूनी कारवाही :

1. नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय महासन्धि तथा अनुवन्धहरुको प्रावधान लागू गर्न आवश्यक पारस्परिक द्बिपक्षीय र बहुपक्षीय सम्झौताहरु नहुनु ।
2. कानूनी सहायताका कार्यक्रम अपेक्षितरुपमा श्रमिकहरूको हितमा नहुने ।
3. पीडित/प्रभावितहरूले उजुरी दिने प्रक्रिया सहज र सरल नहुदा द्रुतन्याय नपाउनु ।
4. लामो प्रक्रियागत औपचारिकताका कारण पीडक पक्षलाई अपेक्षितरूपमा कानूनी कारवाहीको दायरामा ल्याई पर्याप्त दण्ड सजाय दिलाउन नसक्नु ।
5. मानव बेचबिखन तथा ओसारपसार मुद्दाहरूमा निरन्तर सुनुवाई एवं तत्काल फैसला नहुनु ।
6. मानव वेचविखन तथा ओसारपसारको घटनालाई कारबाहीको नाममा अन्य कानूनअन्तर्गत मुद्धा लगाई कम दण्ड वा उन्मुक्ति दिलाउने अवस्था ।
7. पीडित/प्रभावितहरूका लागि न्यायोचित तथा प्रयाप्त क्षतिपूर्ति नहुनु ।
8. मानव बेचबिखन तथा ओसारपसारमा अदालतले गरेको आदेश तत्काल पालना नहुनु ।
9. ठगी, श्रमशोषण तथा यौन शोषणविरूद्ध आचारसंहिताको अभाव र भए पनि सोको पालनाको अनुगमन एवं नियमन प्रभावकारी हुन नसक्दा मानव वेचविखनको धन्दा बिना लगानीको फाईदाजनक पेशा भैरहेको।

## ४.३.४ क्षमता विकास :

1. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि उपयुक्त कार्यक्रम तर्जुमामा आवश्यक खण्डीकृत तथ्याङ्क र एकीकृत सूचना प्रणालीको अभाव ।
2. बहु विपन्न, गरिबी तथा मूलतः बेरोजगारीको कारणले निकृष्ट प्रकारको काममा लाग्नुपर्ने बाध्यकारी स्थिति ।

३. मानव बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका, पीडित तथा प्रभावित व्यक्तिहरूका लागि लक्षित चेतना, शिक्षा, सीप र आर्थिक उपार्जनका कार्यक्रमहरूको न्यूनता ।

५. वैदेशिक रोजगार, विदेशीसँगको विवाह, भ्रमण, साँस्कृतिक पर्यटन आदिका नाममा हुने मानव तस्करी र बेचबिखनबारे अध्ययन अनुसन्धानको अभाव ।

### ४.३.५ समन्वय, सहयोग र सहकार्य :

१. ऐन, नियम, योजना, कार्ययोजना एबं कार्यविधिलगायतका प्राब्धानहरु र सामाजिक तथा सांस्कृतिक अभ्यास, रीतिरिवाजवीच तादात्म्यता नहुनु ।

२. सामाजिक, आर्थिक तथा राजनीतिजन्य बहुविभेद र प्राकृतिक प्रकोप सिर्जित बाद्यकारी विस्थापन र स्थानागमन नियन्त्रणका विधिविधानमा सामन्जस्यताको कमी ।

३. पीडित/प्रभावितहरूको उद्धार तथा स्वदेश फिर्तिको कार्यमा संलग्न हुनुपर्ने एक भन्दा बढी देशहरुवीच सहज

वातावरण कायम गर्न कठीन ।

४.पीडित/प्रभावितहरूको संरक्षण कार्यमा संलग्न राष्ट्रिय अन्तर्राष्ट्रिय सरोकारहरुवीच आवश्यक समन्वय,

साझेदारी र सहकार्यको अभाव ।

## ४.२ निष्कर्ष :

मानव बेचबिखन तथा ओसारपसार एक संगठित अपराध हो । यसको फैलावट तथा प्रभाव बहुक्षेत्रगत, अन्तर्देशीय एबं बहुआयामिक रहेको पाइन्छ । समयको अन्तरालसंगै यसले जटिल रुप लिदै गइरहेको छ । यो कुनै एक देशको मात्र नभै विश्वव्यापी समस्या भएको छ ।

मानव वेचविखन तथा ओसारपसारका सन्दर्भमा पहिलापहिला नेपाललाई श्रोत र भारतलाईमात्र गन्तव्य मुलुककारूपमा लिने गरिन्थ्यो । हिजोआज गन्तव्य मुलुककारुपमा भारतमात्र नभै एशिया, अरब, अफ्रिका, युरोप र अमेरिकाका अन्य देशहरुमासमेत नेपाली महिला, बालबालिका र पुरूषहरूको बेचबिखन तथा ओसारपसार हुने गरेको तथ्यहरु फेला परिरहेकाछन् । भारतबाहेक राहदानी र प्रवेशाज्ञा आवश्यक पर्ने विभिन्न मुलुकहरूमा पनि विदेशी नागरिकसंग बिवाह गर्ने र रोजगारी पाउने नाममा मानव बेचबखिनका घटनाहरु दिनप्रतिदिन वढीरहेका छन् । श्रोतमात्र नभै मानव बेचबिखन तथा ओसारपसारका लागि नेपाल गन्तव्य मलुक हुन थालेको पत्रपत्रिकामा पढ्न पाईन्छ । यसरी १५०० कि.मि. खुला सीमाना रहेको नेपाल भारतको अवस्थितिमा सरकारको एक्लो प्रयासबाट मात्र यसको पूर्ण नियन्त्रण सम्भव छैन ।

नेपालको कमजोर अर्थतन्त्र तथा  बेरोजगारको समस्याले गर्दा कृषि, उद्योग, वन, निर्माण, यातायातजस्ता क्षेत्रमा कमैया श्रम र बाध्यात्मक श्रममा बाँधिन बाध्य हुनुपर्ने मात्र होइन पर्यटन, होटेल, मनोरञ्जन क्षेत्रको विकाससंगै खास गरी यौन शोषणका लागि हुने मानव बेचबिखन तथा ओसारपसारले बढावा पाइरहेको देखिन्छ । वैदेशिक रोजगारका नाममा भैरहेका ठगी, ढाँटछलले यसलाई अरु प्रश्रय दिइरहेको अवस्था छ । यसैगरी कानूनी रुपमा बन्देज भएतापनि छुवाछुत, कमैया, हलिया, हरूवाचरूवाजस्ता सामाजिक प्रचलन तथा बालबिवाहजस्ता परम्परा कायमै रहेको र घरेलु तथा महिला हिंसले प्रश्रय पाइरहेकै अवस्थामा मानव वेचविखन तथा ओसारपसार लगानीविनाको सजिलो व्यापार भैरहेको स्थिति छ ।

मानव बेचबिखन तथा ओसारपसारको जोखीमलाई एकातिर अशिक्षा, गरिवी, बेरोजगारजस्ता कारणले बढाएको छ भने अर्कोतर्फ भूकम्प, बाढी र पहिरो जस्ता प्राकृतिक प्रकोप, राजनीतिक अस्थिरतालगायत न्यून आर्थिक-सामाजिक हैसियतका कारण बिस्थापन र स्थानागमनको स्थितिमा बाँच्नका लागि इच्छा विपरित निकृष्ट प्रकारको काममा लाग्नुपर्ने बाध्यताले पनि यस्तो जोखीम बढ्दो देखिन्छ । अन्तर्राष्ट्रिय बजारमा व्यावसायिक यौन कार्यका लागि कम उमेरका महिला, किशोरी, युवा तथा बालबालिकाको अत्यधिक माग रहेकोले आफ्नै परिवारका नाता र छिमेकी परिचित अनुहारहरूसमेत दलालको भेषमा रहने हुँदा मानव बेचबिखनले जटिल प्रकोपकै रुप लिदैछ । कतिपय अवस्थामा व्यक्तिको महत्वकांक्षा र बढी पैसा कमाउने लालसाले पनि मानव बेचबिखन तथा मानव तस्करीको घटना बढ्न गएको छ ।

मानव बेचबिखनका दलाल, पीडक तथा अपराधीहरूलाई यथा समयमा यथोचित कारवाही हुन नसक्नाले पनि मानव वेचविखन तथा ओसारपसार कार्यले प्रश्रय पाइरहेको अवस्था छ भने परिवार, आफन्त, समाज, र राजनीतिक दलहरूको दवाव र प्रभावले गर्दा कानूनी कारवाही प्रभावकारी हुन सकेको देखिदैन । व्यक्ति र समाजको अपराध सहने प्रबृत्तिले जघन्य अपराधलाई पनि मेलमिलापमा टुंग्याउने तथा अपराधीलाई थोरै रकम हर्जाना तिराएर क्षमा दिने अभ्यासले पनि मानव वेचविखनका घटनाहरू बढन सहयोग पुगेको पाइन्छ । अर्कोतर्फ बेचबिखन तथा ओसारपसारबाट पीडित⁄प्रभावितहरूप्रति समाजले हेर्ने नकारात्मक दृष्टिकोण र उनीहरूप्रति गरिने लाञ्छनापूर्ण व्यवहारले वारम्वार पुनःपीडित भइरहनु पर्ने अवस्था कायमै छ । पीडित⁄प्रभावितहरूलाई समयमै उचित संरक्षण, सुरक्षा, क्षतीपूर्ति दिनुको सट्टा पीडक तथा दलालहरूले देखाउने डर धम्की र लालचका कारण कतिपय बेचबिखनको घटना पीडक-पीडितबीच रकम लेनदेनमा टुँगिने गरेको छ । यसरी मानव वेचविखनको अपराध पनि फौजदारी अभियोगमा अनुसन्धान अभियोजन नहुंदा अपराधविरूद्ध उजूरी गर्ने कार्य निरूत्साहित हुन पुगेको अवस्था छ ।

मानव बेचबिखन तथा ओसारपसारको समस्याले हालसम्म प्राथमिकता प्राप्त राष्ट्रिय मुद्दाको रूप लिन सकेको अवस्था छैन । यो समस्या नियन्त्रणका लागि सार्वजनिक र निजी क्षेत्रलाई निर्देशित गर्ने बृहद् नीति बनेको छैन । यसले गर्दा विभिन्न निकायहरूबीच यसबारे समान धारणा बन्न सकेको छैन ।मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी घटनाहरूको प्रकृति, प्रभाव र निराकरणका उपायहरूबारे अध्ययन अनुसन्धानको अभावले खण्डीकृत तथ्याङ्क र सूचना प्रणालीको अभाव छ । वैदेशिक रोजगारसंग जोडिएको श्रम शोषण र यौन शोषणका घटनाका अभियुक्तहरूलाई वैदेशिक रोजगार कानूनअन्तर्गत मात्र कारवाही भई मानव बेचबिखन तथा ओसारपसार कानूनअनुसार कारवाही नहुने अवस्था छ । यसले गर्दा मानव तस्करी र बेचबिखनको घटना घट्ने अवस्था छ । निजी क्षेत्रका मनोरञ्जन व्यवसाय सञ्चालकहरू, वैदेशिक रोजगारका एजेन्सीहरू, विदेशी नागरिकसंग बिवाह गराइदिने विवाह दर्ता केन्दहरू, सांस्कृतिक⁄सांगितिक कार्यक्रमका नाममा विदेश यात्रा गराउने संस्थाहरूका लागि स्पष्ट नीति तथा कानून र श्रम शोषण तथा यौन शोषणबिरूद्ध आचारसंहिताबारे अनुगमन एवं नियमन प्रणालीको अभावले बेचबिखन तथा ओसारपसारको समस्यालाई अरु जटिल बनाएको छ । सरकारी र गैरसरकारी संस्थाहरूको कार्यक्रमहरूवीच समन्वय, सहयोग र सहकार्य कमजोर रहेकोछ । यसरी मानव बेचबिखन तथा ओसारपसारबिरूद्ध भएका कैयौं कानूनी व्यवस्थाका प्रावधानहरुसमेत प्रभावकारी ढंगले कार्यान्वयन हुन सकेका छैनन् ।

नेपाल सरकारले विभिन्न अन्तर्राष्ट्रिय महासन्धि, अनुवन्ध र इच्छाधिन आलेखहरूमा प्रतिवद्धता जनाएको भएपनि मानव बेचबिखन, मानव तस्करी आप्रवासी कामदारहरूको अधिकार र घरेलु कामदारहरूको अधिकारबारे अन्तर्राष्ट्रिय दस्तावेजहरू अनुमोदन गरी सोअनुरूपको यथेष्ट आन्तरिक व्यवस्थापन मिलाउन सकेको देखिदैन भने अनुमोदन गरिएका सार्क महासन्धि लगायतका अनुवन्धअनुसार पारस्परिक कानूनी सहायता, सूपुर्दगी र नेपाली श्रमिकहरूको हितबारे द्विपक्षीय र बहुपक्षीय प्रबन्ध हुन अत्यन्त आवश्यक भएपनि यसतर्फ ठोस पहल भएको देखिदैन ।

## ४.३ आगामी कार्यदिशा

संगठित अपराधकोरूपमा रहेको मानव बेचबिखन तथा ओसारपसारको समस्याले  विश्वका विभिन्न मुलुकहरूमाजस्तै नेपाली समाजमा पनि यसको जरा फैलंदो छ । यो समस्यालाई जरैदेखि निर्मूल गर्न सजिलो छैन । यसको निराकरणका लागि नीति, कानून तथा संस्थागत संरचनाहरूमा समयानुकूल सुधार गरी लक्षित कार्ययोजना तथा कार्यक्रमहरूको इमानदारीपूर्वक प्रभावकारी कार्यान्वयन जरूरी छ । दह्रो राजनीतिक इच्छाशक्ति, प्रशासनिक इमान्दारिता तथा सुशासनका साथ सबै सरोकारहरुवीच प्रभावकारी समन्वय, सहयोग तथा सहकार्यबाट मात्र यसको समाधान संभव छ । यसका लागि निम्न कार्यादेशमुताविक कारवाही हुन सुझाव⁄सिफारिस प्रस्तुत गरिएको छ :

### ४.३.१ निरोध

1. मानव बेचबिखन तथा ओसारपसारविरूद्धको राष्ट्रिय कार्ययोजना, २०६८ को कार्यान्वयन योजना,२०७१ मा तोकिएका सबै जिम्मेवार सरोकारवालाहरूलाई कार्ययोजनाबारे जानकारी दिलाई प्रत्येक वर्ष सो मुताविकका रणनीति र कार्यक्रमहरू कार्यान्वयन गर्न उतरदायी बनाउने ।
2. मानव वेचविखन तथा ओसारपसार नियन्त्रण गर्न व्यवहारिक तथा प्रभावकारी योजना निर्माण र कार्यान्वयनका लागि खण्डीकृत तथ्याङ्क व्यवस्थापन प्रणालीको विकास गर्ने ।
3. सबै सरकारी, अर्धसरकारी, गैरसरकारी तथा निजी क्षेत्रहरुले मानव बेचबिखन तथा ओसारपसारका दृष्टिले जोखिममा रहेका समुदाय तथा समूहहरुको विशेषगरी सामाजिक तथा आर्थिक विकास लक्षित योजना संचालन तथा कार्यक्रमहरू कार्यान्वयन गर्ने ।
4. मानव बेचबिखन तथा ओसारपसारविरूद्ध कार्यक्रम संचालन गर्ने विभिन्न निकाय तथा संघसंस्थाहरूबीच प्रभावकारी संचार र समन्वय प्रणाली स्थापना गरी कार्यान्वयनमा दोहोरोपन हटाउने ।
5. स्थानीय टोलटोल, गांउगांउतहको जनस्तरीय समूह समितिमार्फत मानव बेचबिखन तथा ओसारपसार, मानव तस्करी, लैङ्गिक समानता, घरेलु हिंसा र सुरक्षित आप्रवासनबारे शिक्षा सचेतनाका कार्यक्रमहरू जनस्तरसम्म विस्तार गर्ने ।
6. सरकारी तथा निजी क्षेत्रको सहयोग र सहकार्यमा प्रभावकारी नियमन तथा अनुगमन प्रणालीका लागि कानून निर्माण गरी आन्तरिक बेचबिखन तथा ओसारपसारको समस्या अन्त्य गर्ने ।
7. मानव बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका समूह तथा पीडित⁄प्रभावितहरूबारे नियमित रुपमा अध्ययन अनुसन्धान गर्ने ।
8. संचारका विभिन्न माध्यमहरूलाई परिचालन गरी मानव बेचबिखन, मानव तस्करी, महिला र घरेलुहिंसा, बालविवाह, छुवाछुत आदिविरूद्ध आम सचेतनाका कार्यक्रमहरु संचालन गर्ने ।
9. सबै नगरपालिकाका वडा र गा.वि.स.स्तरमा मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करी सम्बन्धी जानकारी गराउन सूचना तथा परामर्श केन्द्रहरू स्थापना गरी नियमित रुपमा संचालन गर्ने ।

### ४.३.२ संरक्षण

१ मानव बेचबिखन तथा ओसारपसारविरूद्धका नीति तथा कानूनलाई अधिकारमूखी बनाई पीडित⁄

प्रभावितहरूको अधिकार सुनिश्चित गर्ने ।

२. मानव वेचविखन तथा ओसारपसारबाट प्रभावितहरूको उद्धार तथा स्वदेश फिर्तीका लागि छुट्टै नियमावली

निर्माण गर्ने ।

३. पीडित/प्रभावितहरूको पारिवारिक/सामाजिक पुनःएकिकरणका लागि दिगो प्रणालीको विकास गर्ने ।

४. निजी क्षेत्रहरुलाई आफ्नो सामाजिक दायित्व(corporate social responsibility)अन्तर्गत पीडित/ प्रभावितहरूका लागि उपयोगी परियोजनाहरू सञ्चालन गर्न लगाउने नीति निर्माण गर्ने ।

५. मानव वेचविखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूका लागि सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका (घरेलु तथा साना उद्योग, सीप विकास तालिम केन्द्र, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम केन्द्रआवद्ध विभिन्न संस्था आदि) तालिम केन्द्रहरूले दिने तालिमहरूमा आरक्षणको व्यवस्था गर्ने ।

६ मानव वेचविखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूका लागि नेपाल सरकारबाट सञ्चालन भएका पुनर्स्थापना केन्द्र, सेवा केन्द्र, एकद्वार संकट व्यवस्थापन केन्द्र आदिबाट दिइने सेवाहरू एकीकृत राष्ट्रिय न्यूनतम मापदण्ड अनुसार उपलब्ध गराउने व्वस्था गर्ने ।

७. सरकारी, गैर सरकारी तथा निजी क्षेत्रहरूबाट पीडित/प्रभावितहरूका लागि सञ्चालित संरक्षण गृहहरूले प्रदान गर्ने सेवाको न्यूनतम सेवाको गुणस्तर कायम गर्न "पुनस्थापना गृह सञ्चालन निर्देशिका" अनुसार सञ्चालन भए नभएकोबारे अनुगमन गर्ने ।

## ४.३.३ कानूनी कारवाही

१. नेपाली नागरिकमाथि स्वदेश तथा विदेशमा हुने विभिन्न किसिमका श्रम शोषण, यौन शोषण, दासता, गैर कानूनी अङ्ग प्रत्यारोपणजस्ता मानव बेचबिखन तथा ओसारपसार, मानव तस्करी र वैदेशिक रोजगार एव श्रमसम्बन्धी कानूनबीच तादात्म्यता ल्याई पीडकहरुलाई कानूनी कारबाही गर्ने ।

२. मानव बेचबिखन तथा ओसारपसारविरूद्ध सहज ढंगले सूचना तथा जाहेरी प्राप्त हुने व्यवस्थाका लागि कानून कार्यान्वयन गर्ने निकायहरूमा अधिकतम मात्रामा पीडितमैत्री वातावरण निर्माण गर्ने ।

३. मानव बेचबिखत तथा ओसारपसारका घटनाहरूको खोजमूलक कारवाहीका लागि सुराकी परिचालन गर्ने व्यवस्था मिलाउने ।

४. कानून कार्यान्वयन गर्ने निकाय र स्थानीय जनसमुदायमा मानव बेचबिखत तथा ओसारपसार नियन्त्रणसंबन्धी कानूनबारे शिक्षा दिने ।

## ४.३.४ क्षमता विकास

१. सुरक्षित आप्रवासन तथा मानव बेचबिखत तथा ओसारपसार नियन्त्रणसंबन्धी कानून, कार्ययोजना, मापदण्ड, कार्यविधि, दिग्दर्शनहरूबारे संबन्धित सरोकावाला सबैलाई तालिम दिने ।

२. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि कार्यरत सेवा प्रदायकहरूलाई आवश्यक अभिमूखीकरण तथा प्रशिक्षण प्रदान गरी उनीहरुको क्षमता अभिबृद्धि गरी सक्षम बनाउने ।

३. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि गठन भएका समूह तथा संस्थाहरूलाई विभिन्न उपयुक्त सूचना सामग्रीहरू उपलब्ध गराई सक्रिय बनाउने ।

४. मानव बेचबिखन तथा ओसारपसार कार्यको निगरानी, निरोध र प्रभावकारी नियमनका लागि विभिन्न तहमा गठित समितिहरूलाई साधनश्रोतसम्पन्न बनाउने ।

### ४.३.५ समन्वय, सहयोग र सहकार्य

१. अन्तरदेशीय संगठित अपराधविरूद्धको महासन्धिको इच्छाधिन आलेख- पालेर्मो प्रोटोकल, आप्रवासी कामदारहरूको अधिकारसम्बन्धी महासन्धि तथा घरेलु कामदारहरको अधिकारसम्बन्धी आइ.एल.ओ. महासन्धिबारे विस्तृत अध्ययन गरी अनुमोदन गर्ने ।

२. विशेष गरी महिलाहरुको स्थानागमनलाई सुरक्षित गरी मानव बेचबिखन तथा ओसारपसार एवं मानव तस्करी नियन्त्रण गर्नसमेत गन्तव्य मुलुकहरूसंग द्विपक्षीय र बहुपक्षीय सम्झौता गर्ने ।

३. वेश्यावृत्तिको लागि महिला र बालबालिका बेचबिखन विरूद्धको सार्क महासन्धि, २००२ अनुसार दक्षिण एशियाका मुलुकहरूमा मानव बेचबिखन तथा ओसारपसारको रोकथाम, पीडितहरूको स्वदेश फिर्ती, अपराधीहरूो सुपुर्दगी तथा कानूनी सहायताका लागि आपसी सम्बन्ध र समन्वय बढाउने ।

४. नेपाल भारतबीचको द्विपक्षीय सीमा अधिकारीको बैठकमा मानव बेचबिखन तथा ओसारपसारको अपराध नियन्त्रणको विषयलाई प्राथमिकताकासाथ उठाई निरन्तर निगरानीको व्यवस्था गर्ने ।

५. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको कार्यलाई प्रभावकारीबनाउन सरकारी, गैर सरकारी, निजी क्षेत्र तथा विकास साझेदारहरूबीच आपसी समन्वय र सहकार्य गर्ने ।

६. राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैर सरकारी संस्थाहरूले मानव बेचबिखन तथा ओसारपसारविरूद्ध सञ्चालन गर्ने क्रियाकलापहरूलाई एकीकृत गरी दोहोरोपन हटाउने ।

अनुसूची १

## चेलीबेटी र बालबालिका बेचबिखन तथा देहव्यापारबिरूद्ध राष्ट्रिय नीति,२०५२

1. चेलीबेटी बेचबिखन तथा देहव्यापार बिरूद्ध जनचेतना बृहत कार्यक्रम अभियानकै रूपमा सञ्चालन गर्ने,
2. महिलाहरूमाथिको भेदभाव अन्त्य गर्न कानूनको निर्माण गर्ने,
3. चेलीबेटी बेचबिखन तथा देहव्यापार नियन्त्रणसम्बन्धी कार्यक्रम नेपाल सरकार तथा गैरसरकारी संघ, अन्तर्राष्ट्रिय संघ तथा निजी क्षेत्रसमेतलाई संलग्न गराई सञ्चालन गरिने,
4. चेलीबेटी बेचबिखनबिरूद्ध चलाउने कार्यक्रमको सम्पर्क बिन्दू (Focal Point)को कार्य महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले गर्ने,
5. अन्तर्राष्ट्रिय क्षेत्रमा द्विपक्षीय तथा बहुपक्षीय समन्वय राखी चेलीबेटी बेचबिखन नियन्त्रण गर्नेतर्फ नेपाल सरकारबाट प्रयास गर्ने,
6. यौन शोषणबाट पीडित भएका महिला तथा बालबालिकाहरूलाई शोषण गर्ने पक्षबाट हर्जना दिलाउने तर्फ आवश्यक व्यवस्था गर्ने,
7. चेलीबेटी बेचबिखन तथा अन्य यौनजन्य रोगको एक आपसमा सम्बन्ध हुने हुदाँ यो समस्या समाधान गर्नेतर्फ आवश्यक कदम चाल्ने,
8. नेपाल सरकारबाट महिलाहरूको निम्ति गरिवी निवारण र रोजगार प्रवर्द्धनका लागि उपयुक्त कदम चाल्ने,
9. चेलीबेटी बेचबिखन तथा देहव्यापार नियन्त्रण गर्न नेपाल सरकारबाट राष्ट्रिय समन्वयसमिति गठन गर्ने । साथै आवश्यकता अनुसार जिल्ला तथा गाँउ तहमा समन्वय समितिहरूको गठन गर्ने,
10. चेलीबेटी बेचबिखन तथा देहव्यापार नियन्त्रणसम्बन्धी बिषयमा सूचना संकलन, समन्वयगर्नका निमित्त जिल्ला स्तरमा गठीत समन्वय समितिले सम्पर्क केन्द्रको काम गर्ने,
11. औपचारिक तथा व्यावसायिक शिक्षाको माध्यमबाट रोजगारीमूलक कार्यक्रम सञ्चालन गरी चेलीबेटी बेचबिखनमा नियन्त्रण गर्ने,
12. चेलीबेटी बेचबिखन तथा देहव्यापार नियन्त्रणका लागि सञ्चालन गरिने कार्यक्रममा सम्पूर्ण राजनीतिक दलहरूको प्रतिवद्धताका लागि प्रयास गर्ने, र

१३. चेलीबेटी बेचबिखन तथा देहव्यापारलाई गैरसरकारी संघ संस्थाहरूसमेतको सहयोगमा कडाइकासाथ नियन्त्रण गरी पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्ने ।

अनुसूची २

## वैदेशिक रोजगार नीति, २०६८ : महिला कामदारका सरोकारलाई सम्बोधन गर्ने रणनीतिहरू

| |
|---|
| वैदेशिक रोजगारसम्बन्धी कानून, नीति, कार्यक्रम र आयोजनाहरू लैङ्गिक दृष्टिले बिश्लेषण गरी महिलाहरूको सुरक्षा लगायतका बिशिष्ट आवश्यकताहरू सम्बोधन हुने गरी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ । |
| वैदेशिक रोजगारमा जान चाहने महिलाहरूको लागि श्रम बजारका माग तथा तुलनात्मक लाभका क्षेत्रहरू पहिचान गरी अवसरहरूमा बिबिधिकरण तथा तदनुरूप सीप मूलक तालिम तथा प्रशिक्षण दिइनेछ । |
| वैदेशिक रोजगारमा जान चाहने महिलाहरूलाई लक्षित गरी रोजगार पूर्व चरण (Pre-Empployment Stage) सघनरूपमा सूचनाहरू प्रवाहित गरी उनीहरूलाई सूचनायुक्त छनौट(Informed choice) को अवसर सिर्जना गरिनेछ । |
| श्रम आप्रवासनको प्रक्रियामा महिलाहरूबिरूद्ध हुन सक्ने बिभेद तथा हिंसालाई अन्त गरी उनीहरूको हक अधिकार सुनिश्चित गर्न कानूनी तथा संस्थागत उपायहरू अबलम्बन गरिनेछ । |
| द्विपक्षीय तथा वहुपक्षीय श्रम सम्झौताहरूमा महिलाको सुरक्षाको लागि विशेष प्रावधानहरू समावेश गरिनेछ । |
| वैदेशिक रोजगारमा गई फर्केर आउने महिला कामदारहरूलाई समाजमा सम्मानपूर्ण पुनः स्थापनाका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नुकासाथै वैदेशिक रोजगारप्रति सकारात्मक धारणाको विकास गराउन सचेतना, मनो-सामाजिक सेवाहरू तथा योजना कार्यक्रमहरू कार्यान्वयन गरिनेछ । |
| वैदेशिक रोजगारको क्रममा हुन सक्ने मानव ओसारपसार, बेचबिखन तथा तस्करीलाई रोकथाम गर्नका लागि श्रम आप्रवासनको व्यवस्थापनमा सरकारी,गैर सरकारी स्तरमा कार्यरत विभिन्न सरोकारवालाहरूको अन्तरमुलुक सञ्जालहरू मार्फत् समन्वयात्मक कार्यहरू सञ्चालन गरिनेछ । |
| वैदेशिक रोजगारमा जान चाहने र आर्थिक स्रोत जुटाउन नसक्ने महिलाहरूलाई सहुलियतपूर्ण ऋणको ब्यबस्था गरी वैदेशिक रोजगारको अवसरमा उनीहरूको पहुँच बढाइनेछ । महिलाका लागि तर्जुमा भएको विशेष कार्यक्रममा कर्जा प्रवाह गर्न बैंक तथा बित्तीय संस्थाहरूलाई प्रोत्साहन गरिनेछ । |
| वैदेशिक रोजगारमा महिलाको सुरक्षा र अधिकारको संरक्षणका लागि मापदण्डहरूको विकास तथा विशेष कार्यक्रम तयार गरी लागू गरिनेछ । |
| एक हजारभन्दा बढी नेपाली महिला कामदार रहेको मुलुकहरूमा महिला श्रम सहचारी वा महिला कल्याणकारी अधिकृतको ब्यबस्था गरिनेछ । |
| आप्रवासी कामदारका बिषयमा महिलाबिरूद्धका भेदभाव उन्मूलनसम्बन्धी समितिको सामान्य सीफारिस नं २६ (GR26)बमोजिम दुर्व्यबहार र भेदभावको जोखिममा पर्न सक्ने महिलाहरूको सम्बन्धमा उत्पत्तिको मुलुक, बाटोमा पर्ने मुलुक र रोजगारीको मुलुकमा आप्रवासी महिलाहरूको मानव अधिकारको संरक्षण तथा अभिबृद्धिसम्बन्धी व्यवस्थाहरू कार्यान्वयन गरिनेछ । |

अनुसूची ३

बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ मा उल्लेख भएका बुँदाहरू

- कुनै पनि प्रयोजनका लागि बालबालिकाको बेचबिखन र ओसारपसार गर्ने कार्यलाई रोकथाम गर्न थप प्रभावकारी उपाय अबलम्बन गरिनेछ। (बुँदा ८.७)
- बेचबिखन र ओसारपसारबाट उद्धार गरिएका बालबालिकाको सुरक्षाको प्रत्याभूतिसंगै तिनीहरूको परिवार तथा समुदायमा पुनःस्थापनाको व्यवस्था गरिनेछ। (बुँदा ८.८)
- कुनै बालबालिकालाई नेपालमा पालनपोषण गर्न वा धर्मपुत्र लिने परिवारमा राख्न नसकिने भएमा र नेपालमा निजलाई उचित हेरचाह गर्न नसकिने भएमा एउटा बिकल्पकोरूपमा बालबालिकालाई विदेशमा धर्मपुत्र र धर्मपुत्रीकोरूपमा दिन सकिने व्यवस्था गरिनेछ। विदेशमा धर्मपुत्र वा धर्मपुत्री दिँदा नेपाल सरहकै सुरक्षा र स्तर भएका देशमा मात्र दिने व्यवस्था गरिनेछ। अन्तरदेशीय धर्मपुत्र वा धर्मपुत्री दिँदा वा लिँदा अनुचित आर्थिक फाइदा लिन नपाउने पर्याप्त व्यवस्था गरिनेछ। अन्तरदेशीयरूपमा धर्मपुत्र वा धर्मपुत्री दिँदा बालबालिकाको वृहत्तर हित, निजको मानव अधिकारको संरक्षण र त्यस्ता बालबालिकाको अपहरण, बेचबिखन वा तिनीहरूको अन्य कुनै किसिमले दुरूपयोग हुने वा नहुनेतर्फ बिचार गर्नुपर्ने व्यवस्था गरिने छ। अन्तरदेशीय धर्मपुत्र धर्मपुत्रीसम्बन्धी कानून र अभ्यास अनुकुल हुने गरी पुनरावलोकन गरिनेछ। (बुँदा ८.२०)
- अपाङ्ग, अनाथ, सडक बालबालिका, सुबिधाबाट वञ्चित, द्वन्द्व प्रभावित/आन्तरिक रूपमा बिस्थापित र शरणार्थी बालबालिका, बेचबिखन ओसारपसार, यौन तथा आर्थिक शोषण (बालश्रम) मा परेका, जेलमा रहेका, अल्पसंख्यक, दलित र गरीब बालबालिकासमेतको अधिकार संरक्षण गर्नका लागि कानूनमा आवश्यक सुधार गर्ने, सेवा प्रवाहमा न्यूनतम मापदण्ड निर्धारण गर्ने र सेवामा उनीहरूको पहुँच सुनिश्चित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। ती बालबालिकाका लागि मनोसामाजिक परामर्श, शिक्षा, सीप लगायत पुनःस्थापनाका लागि एकीकृत एवं लक्षित कार्यक्रम सञ्चालन गरिनेछ। (बुँदा ८.२४)

अनुसूची ४


मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि राज्य संयन्त्रहरू
व्यवस्थापिका
कार्यपालिका
न्यायपालिका
संवैधानिकनिकायहरू
महिला, बालबालिका, ज्येष्ठ नागरिक र समाज कल्याण समिति
राष्ट्रिय योजना आयोग
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
महान्यायाधिवक्ताको कार्यालय
सर्वोच्च अदालत
राष्ट्रिय मानवअधिकार आयोग
राष्ट्रिय महिला, आयोग
गृह मन्त्रालय
अन्य मन्त्रालयहरू
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
पुनरावेदन सरकारी वकील कार्यालय १६
पुनरावेदन अदालत १६
प्रहरीप्रधानकार्यालय
जिल्ला सरकारी वकील कार्यालय ७५
जिल्ला अदालत ७५
राष्ट्रिय न्यायिक प्रतिष्ठान
नेपाल बार एसोशियशन
महिला तथा बालबालिका सेवा निर्देशनालय
मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समिति
समाज कल्याण परिषद्
महिला तथा बालबालिका सेवा केन्द्रहरू २४०
मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समिति
महिला तथा बालबालिका विभाग
महिला तथा बालबालिका महाशाखा
केन्द्रीय बाल कल्याण समिति
मानव बेचबिखन तथा ओसारपसार विरूद्ध कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गै.स.स.हरू
मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण स्थानीय समिति
महिला तथा बालबालिका कार्यालय ७५
मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण शाखा
जिल्ला बाल कल्याण समिति
सञ्चार माध्यम
महिला निगरानी समूह

**अनुसूची ५**

**आ.व. २०७२/७३ सम्ममा विभिन्न जिल्लामा गठन भएका मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण स्थानीय समितिको संख्यात्मक विवरण**

| क्र.स. | जिल्ला | आ.व. २०७०/७१ सम्मको जम्मा संख्या | आ.व. २०७१/७२ मा गठन भएको संख्या | आ.व. २०७२/७३ मा गठन भएको संख्या | जम्मा |
|---|---|---|---|---|---|
| १. | ताप्लेजुङ | १ | ३ | २ | ६ |
| २. | पाँचथर | – | ३ | २ | ५ |
| ३. | इलाम | – | ३ | २ | ५ |
| ४. | झापा | – | ३ | ७ | १० |
| ५. | मोरङ | ३ | ३ | ७ | १३ |
| ६. | सुनसरी | – | ३ | ७ | १० |
| ७. | धनकुटा | – | ३ | २ | ५ |
| ८. | तेह्रथुम | – | ३ | २ | ५ |
| ९* | संखुवासभा | – | ३ | २ | ५ |
| १०. | भोजपुर | – | ३ | २ | ५ |
| ११. | सोलुखुम्बु | – | ३ | २ | ५ |
| १२. | ओखलढुङ्गा | – | – | २ | २ |
| १३. | खोटाङ | ३ | – | २ | ५ |
| १४. | उदयपुर | – | ३ | ३ | ६ |
| १५. | सप्तरी | – | ३ | ७ | १० |
| १६. | सिराहा | – | २ | ७ | ९ |
| १७. | धनुषा | – | ३ | ७ | १० |
| १८. | महोत्तरी | – | ३ | ७ | १० |
| १९. | सर्लाही | | १ | २ | ३ |
| २०. | सिन्धुली | – | ३ | २ | ५ |
| २१. | रामेछाप | – | ३ | २ | ५ |
| २२. | दोलखा | – | ५ | २ | ७ |
| २३. | सिन्धुपाल्चोक | – | ३९ | ३८ | ७७ |
| २४. | काभ्रे | – | ५३ | ७ | ६० |
| २५. | ललितपुर | १८ | ५ | ७ | ३० |
| २६ | भक्तपुर | – | – | २ | २ |
| २७. | काठमाण्डौ | १० | ३ | ७ | २० |
| २८*. | नुवाकोट | – | ३ | | ३ |
| २९. | रसुवा | – | – | २ | २ |
| ३०. | धादिङ | – | – | ७ | ७ |
| ३१. | मकवानपुर | – | ४३ | १२ | ५५ |
| ३२. | रौतहट | – | ३ | ० | ३ |
| ३३. | वारा | – | ४ | ७ | ११ |
| ३४. | पर्सा | – | ३ | ७ | १० |
| ३५. | चितवन | – | १० | ७ | १७ |
| ३६. | गोरखा | – | ३ | २ | ५ |
| ३७. | लमजुङ | – | ३ | २ | ५ |
| ३८. | तनहुँ | २ | ३ | २ | ७ |
| ३९. | स्याङजा | – | ३ | २ | ५ |
| ४०. | कास्की | – | ३ | ७ | १० |
| ४१. | मनाङ | – | ३ | २ | ५ |
| ४२. | मुस्ताङ | – | ३ | २ | ५ |
| ४३. | म्याग्दी | – | १ | २ | ३ |
| ४४. | पर्वत | – | ३ | ३ | ६ |
| ४५. | बाग्लुङ | – | २ | ४ | ६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४६. | गुल्मी | – | ३ | २ | ५ |
| ४७. | पाल्पा | ३ | ३ | २ | ८ |
| ४८. | नवलपरासी | – | ३ | २ | ५ |
| ४९. | रूपन्देही | – | ३ | ७ | १० |
| ५०*. | कपिलवस्तु | – | ६ | | ६ |
| ५१ं | अर्घाखाँची | – | ३ | २ | ५ |
| ५२. | प्यूठान | – | ३ | २ | ५ |
| ५३. | रोल्पा | – | ३ | २ | ५ |
| ५४. | रूकुम | – | ३ | २ | ५ |
| ५५. | सल्यान | – | ३ | २ | ५ |
| ५६. | दाङ | ३ | ५ | ७ | १५ |
| ५७. | बाँके | २७ | ६ | ७ पुनरगठन | ४० |
| ५८. | बर्दिया | – | ३ | ७ | १० |
| ५९. | सुर्खेत | – | ६ | २ | ८ |
| ६०. | दैलेख | – | २ | २ | ४ |
| ६१. | जाजरकोट | – | ३ | २ | ५ |
| ६२*. | डोल्पा | – | ३ | | ३ |
| ६३. | जुम्ला | – | ३ | २ | ५ |
| ६४.* | कालिकोट | – | ३ | ७ | १० |
| ६५. | मुगु | – | १ | २ | ३ |
| ६६. | हुम्ला | – | ३ | २ | ५ |
| ६७. | बाजुरा | – | ३ | २ | ५ |
| ६८. | बझाङ | – | ३ | २ | ५ |
| ६९. | अछाम | – | ३ | १२ | १५ |
| ७०. | डोटी | – | ३ | २ | ५ |
| ७१. | कैलाली | – | ३ | ७ | १० |
| ७२. | कञ्चनपुर | – | ३ | ७ | १० |
| ७३. | डडेलधुरा | – | ३ | २ | ५ |
| ७४. | बैतडी | – | ३ | २ | ५ |
| ७५. | दार्चुला | – | ३ | २ | ५ |
| | जम्मा | ७० | ३५० | ३१२ | ७३२ |

1. * यस वर्षको समितिको विवरण प्राप्त नभएका जिल्लाहरू
2. *श्रोत : महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय*

**अनुसूचि ६**

**मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि स्थानीय गाउँ समिति, जिल्ला समिति तथा म.बा.क.बाट सम्पादित सचेतना कार्यक्रम**

**आ.व. २०७२/७३**

| क्र.स. | जिल्ला | गाउँ समिति | जिल्ला समिति | म.बा.का |
|---|---|---|---|---|
| १. | ताप्लेजुङ |  | • ३ वटा जिल्ला स्तरीय बैठक सम्पन्न<br>• विद्यालयस्तरमा मा.वे.विरुद्ध सचेतना अभियान | • मानव बेचबिखन बिरूद्ध २ गाविसमा अभिमुखीकरण<br>• विद्यालयमा सचेतनामूलक कार्यक्रम संचालन<br>• स्थानीय एफ्एममा प्रशारण |
| २. | पाँचथर |  | • ३ वटा जिल्ला स्तरीय बैठक सम्पन्न<br>• जिल्ला प्रहरी तथा म.बा. कार्यालयसंग मिली प्रचार प्रसारसामग्री, फल्यासबोर्ड हरेक प्रहरी चौकीमा राखिएको | • फिदिम उ.मा.बि.का कक्षा ११ र १२ मा अध्ययनरत छात्राहरूलाई मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी सचेतना कार्यक्रम<br>• महिला तथा बालबालिका कार्यालयद्वारा सञ्चालित १६ वटा क्षमता विकास तालिममा मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी जानकारी दिइने<br>• एफ.एम. बाट मानव बेचबिखन सम्बन्धी जिङ्गल प्रशारण |
| ३. | इलाम |  | • ३ पटक जिल्ला स्तरीय बैठक सम्पन्न<br>• पर्चा प्रकाशन तथा वितरण<br>• जिल्ला स्तरीय अन्तरक्रिया कार्यक्रम संचालन<br>• रेडियो सन्देश प्रशारण<br>• सामुदायिक परामर्श कार्यशाला कार्ययोजना तर्जुमा | • ७ पटक अन्तरक्रिया कार्यक्रम संचालन<br>• संरक्षण प्रणालीसंबन्धी ७ दिने जिल्ला स्तरीय तालिम<br>• २ गाविसमा गाँउ समितिको अभिमुखीकरण<br>• रेडियो पसन्देश प्रशारण<br>• १०,००० पर्चा पम्प्लेट वितरण |
| ४. | झापा | • प्रत्येक महिना २ दिन किशोरीहरुलाई समितिबाट मनोविमर्श सेवा<br>• सचेतना कार्यक्रम संचालन<br>• समितिको अगुवाईमा १ किशोरीको पञ्जाबबाट उद्धार | • ३ वटा जिल्ला स्तरीय बैठक सम्पन्न<br>• ७ स्थानीय समितिलाई अभिमुखीकरण<br>• पुनर्स्थापना केन्द्र र अन्य संस्थावीच समन्वय<br>• प्रहरी, सवारी चालकहरुलाई अभिमुखीकरण<br>• भद्रपुर एवं काँकडभिट्टामा सडक नाटक प्रदर्शन | • बालबालिका वृचविखन विरुद्ध १४ पटक १ दिने अभिमुखीकरण<br>• समूह सदस्यको १० पटक अनुशिक्षण<br>• सामुदायिक संरक्षण प्रणाली तालिम ४ पटक<br>• आधारभूत ४ वटा तालिममा मा.वे. कक्षा समावेश<br>• १००० थान पम्प्लेट तयारी र वितरण |
| ५. | मोरङ | • समूहबैठकमा जानकारी र प्रचार प्रसार<br>• समिति रसंस्थालाई सजग गराएको | • अ ३ वटा जिल्ला स्तरीय बैठक सम्पन्न<br>• सडक नाटक, प्रचारप्रसार तथा अन्तरक्रिया<br>• तालिम, गोष्ठी र अनुगमन | • सडक नाटक<br>• समूहलाई अनुशिक्षण<br>• समूदायमा आधारित संरक्षित प्रणालि तालिम<br>• आधारभूत तथा नेतृत्व विकास तालिम<br>• सीमानाकामा रहेका संस्थाको अनुगमन |
| ६. | सुनसरी | • मासिक बैठक | • ४ वटा जिल्ला स्तरीय बैठक सम्पन्न | • ७ वटा सचेतनामूलक अन्तरक्रिया कार्यक्रम |

| | | | | |
|---|---|---|---|---|
| | | • सचेतना कार्यक्रम<br>• अन्तरक्रिया<br>• गाविस कोषबाट रकम प्राप्त | • प्लानको समन्वयमा रणनीतिक योजना तर्जुमा<br>• सचेतना अभिबृद्धि<br>• दिवशमनाएको | • ब्रोसर प्रकासन<br>• गैससहरुसंगको समन्वयमा विभिन्न तालिमहरू तथा सचेतना कार्यत्र |
| ७. | धनकुटा | • आहाले, भेडेटार, लेगुवामा कार्ययोजना तथा भित्ते लेखन कार्यक्रम | • ३ वटा जिल्ला स्तरीय बैठक सम्पन्न<br>• ३ गाविसमा ऐन,नियम, कानूनलगायत अभिमुखीकरण र सचेतना कार्यक्रम | • ३ वटा स्थानीय समिति गठन<br>• कार्ययोजना सचेतना कार्यक्रम<br>• एफ.एम. द्वारा सूचना प्रवाह |
| ८. | तेह्रथुम | • बसन्तपुरमा नगर समिति र महिला संस्थालाई परामर्श तालिम<br>• संक्रान्ति गाविसमा होडिङ्गबोर्ड राखेको<br>• १ महिलालाई उद्धारकोषबाट रु १०,०००। दिएको | • ३ पटक जिल्ला स्तरीय बैठक सम्पन्न<br>• सचेतना अभिमुखीकरण<br>• न.पा. संगको समन्वयमा कार्यक्रम संचालन | • २ वटा गाँउ तथा नगर समिति गठन<br>• समितिलाईअभिमुखीकरण कार्यक्रम<br>• मिडियामा जिंगल प्रशारण |
| ९. | संखुवासभा | • गाविस स्तरीय अन्तरक्रिया कार्यक्रम<br>• सचेतना जगाएको | • ३ वटा जिल्ला स्तरीय बैठक सम्पन्न<br>• गाविसमा समिति गठन<br>• समन्वयको कार्य | • सन्देशमूलक सामग्री प्रशारण<br>• व्यक्तिसंग अन्तर्वाता |
| १०. | भोजपुर | - | • ३ पटक जिल्ला स्तरीय बैठक सम्पन्न<br>• सचेतनाकालागि गाउँ समिति तथा महिला संस्थामार्फत सहजीकरण गरेका | • गाँउ बाल संरक्षण समितिलाई सचेतना कार्यक्रम गरेको<br>• रेडियो सन्देश कार्यक्रम संचालन गरेको |
| ११. | सोलुखुम्बु | • नियमित गाँउ स्तरीय बैठक<br>• दिवस मनाएको<br>• एफ्एमबाट सन्देश प्रसारण गराएको<br>• पोष्टर, पम्प्लेट, व्यानर टाँस र वितरण | • ३ वटा जिल्ला स्तरीय बैठक सम्पन्न<br>• ऱ्याली, सडक नाटक, अन्तरक्रिया | पोष्टर, पम्प्लेट उत्पादन र वितरण |
| १२. | ओखलढुङ्गा | • २ वटा गाँस्तरीय अन्तरक्रिया<br>• होर्डिङ्गबोर्डराखेको<br>• सन्देशमूलक पम्प्लेट वितरण | • ३ वटा जिल्ला स्तरीय बैठक सम्पन्न<br>• १ जनालाई परिवारमिलन गराएको र पीडकलाई प्रहरीले कारबाहीमा राखेको<br>• अन्तर्राटिय दिवस मनाएको | • मा.वे. विरुद्ध सन्देशमूलक सामग्री छपाई तथा बितरण |
| १३. | खोटाङ | • स्थानीय स्तरमा सहकार्य गोष्ठी<br>• दिवशमा अन्तरक्रिया र -याली | • ३ वटा जिल्ला स्तरीय बैठक सम्पन्न<br>• सचेतनाका लागि -याली, बैठक, अन्तरक्रिया, रेडियो प्रशारण<br>• अन्तर जिल्ला भ्रमण | • समूदायमा आधारित २० वटा बैठक |
| १४. | उदयपुर | • जनचेतना जागरणका लागि १ दिने अन्तरक्रिया संचालन<br>• वेचविखन हुन लागेकोमा समितिबाट रोकी पुनर्मिलन गराएको | • ३ वटा जिल्ला स्तरीय बैठक सम्पन्न<br>• समूह, समिति रसंस्थामा सचेतना जागरण<br>• १ दिने अभिमुखीकरण कार्यक्रम संचालन | • समुदायमा आधारित १ दिने अभिमुखीकरण कार्यकम संचालन<br>• चित्र सन्देश/फ्लेक्स प्रिन्ट |
| १५. | | | • ३ पटक जिल्ला स्तरीय बैठक सम्पन्न | • ब्रोसर छपाई |

| | | | | |
|---|---|---|---|---|
| १६. | सिराहा | सप्तरी | • गाविस स्तरीय समिति गठन | • ७ वटा स्थानीय समिति गठन र अभिमुखीकरण<br>• ३ पटक सचेतना अन्तरकिया कार्यशाला<br>• होर्डिङ्गबोर्ड निर्माण<br>• स्थानीय एफएम रेडियोबाट प्रशारण |
| १७. | धनुषा | • सचेतना अन्तरकिया<br>• पोष्टर, पम्प्लेट तथा हार्डिङ्गबोर्डबाट प्रचार प्रसार | • ३ पटक जिल्ला स्तरीय बैठक सम्पन्न | • लैंगिक हिंसा न्यूनीकरण सचेतना कार्यक्रम<br>• मैथिलिमा महिला जनचेतनामूलक सूचना प्रसारण<br>• बालविवाह न्यूनीकरण कार्यक्रम<br>• महिला पुरुष सहभागितामूलक अन्तरकिया |
| १८. | महोत्तरी | • मानव बेचबिखन विरूद्ध जनचेतना अभिवृद्धिको लागि दिवसीय कार्यक्रम मनाउने गरेको | • आ.व. २०७१/७२ मा ३ वटा जिल्ला स्तरीय बैठक सम्पन्न | • समिति अभिमुखीकरण<br>• ऱ्याली तथा अन्तरक्रिया कार्यक्रम |
| १९. | सर्लाही | | • ३ वटा जिल्ला स्तरीय बैठक सम्पन्न<br>• स्थानीय समितिहरुको अनुगमन | • परिचयपत्र तयारी तथाप्रकाशन |
| २०. | सिन्धुली | • अन्तरकिया<br>• -याली | • ३ पटक जिल्ला स्तरीय बैठक सम्पन्न<br>• किार्ययोजनातर्जुमा गोष्ठी | • |
| २१. | रामेछाप | • सचेतनाको लागि ऱ्याली, अन्तरकिया तथा भित्तेपात्रो प्रकाशन | • ३ पटक जिल्ला स्तरीय बैठक सम्पन्न<br>• रेडियो जिंगल प्रशारण, ऱ्याली, सडक नाटकतथा छलफल | • मा.व. नियन्त्रण संबन्धी गाविस स्तरमा २१ पटक जानकारीमूलक कार्यक्रम गरेको<br>• सन्दृशमूलक भित्तेपात्रो प्रकाशन र वितरण<br>• ४ वटा एफएम रेडियोबाट वर्षभरि प्रचारप्रसार प्रशारण |
| २२. | दोलखा | • जनचेतनामूलक ऱ्याली, अनुशिक्षण, दिवश कार्यक्रम | • २ वटा जिल्ला स्तरीय बैठक सम्पन्न<br>• सचेतनासंबन्धी अनुशिक्षण,<br>• चेकप्वाईन्ट निर्माण<br>• पौरखीसंग मिली सीप विकास तालिम<br>• समन्वयार्थ विभिन्न बैठकहरु संचालन | • अन्तरपुस्ता हस्तान्तरण कार्यक्रम<br>• मानवबेचबिखन विरूद्धगाउँ समिति गठन र समितिलाई अनुशिक्षण |
| २३. | सिन्धुपाल्चोक | • सडक नाटक<br>• ऱ्याली | • ४ पटक जिल्ला स्तरीय बैठक सम्पन्न<br>• लोक दोहरी प्रतियोगिता<br>• अल्पकालीन बास व्यवस्था | • सचेतना कार्यक्रम १० पटक<br>• चेतनामूलक सामग्री प्रकाशन वितरण<br>• रेडियो प्रशारण<br>• ब्रोसर उत्पादन वितरण |
| २४. | काभ्रे | • ५३ गाविस स्तरीय स्थानीय समिति अभिमुखीकरण संचालन | • ६ पटक जिल्ला स्तरीय बैठक सम्पन्न<br>• समन्वयकर्ता तथा सहजकर्ताकोभूमिका गरेको<br>• ७ गाविसमा अभिमुखीकरण तालिम संचालन<br>• उत्कृष्ट पत्रकारलाई सम्मान गरेको | • ७ वटा गाविस स्तरीय स्थानीय समिति गठन<br>• ७ वटा अभिमुखीकरण कार्यक्रम<br>• जिंगल प्रसारण<br>• ९०० प्रति ब्रोसर छपाई<br>• ३००० प्रति पर्चा छपाई तथा बितरण |

| | | | | |
|---|---|---|---|---|
| २५. | ललितपुर | • मासिक रूपमा बैठक तथा छलफल कार्यक्रम<br>• प्लेट कार्ड सहित र्‍याली कार्यक्रम<br>• न्यायिक व्यक्तिहरूबाट अन्तरक्रिया | • ३ पटक जिल्ला स्तरीय बैठक सम्पन्न<br>• अन्तरक्रिया तथा पेपर प्रस्तुतीकरण | • विद्यालय स्तरको सचेतना कार्यक्रम<br>• समुदायमा आधारित सचेतना कार्यक्रम<br>• सचेतनाको लागि<br>• र्‍याली, अन्तरक्रिया, पेपर प्रस्तुती<br>• मिडियाबाट सन्देशप्रवाह |
| २६ | भक्तपुर | • जनचेतनामूलक र्‍याली<br>• मा.वे.विरुद्धकोदिवश | • ३ पटक जिल्ला स्तरीय बैठक सम्पन्न<br>• जनचेतनामूलक अन्तरक्रिया कार्यक्रम | • लै.हिं. तथा मा.वे.नि. संबन्धी अन्तरक्रिया<br>• स्थानीय पत्रपत्रिकामा सूचना प्रकाशन |
| २७. | काठमाण्डौ | • अन्तरक्रिया<br>• र्‍याली | • ४ वटा जिल्ला स्तरीय बैठक सम्पन्न<br>• पुनर्स्थापना केन्द्रको एक पटक अनुगमन<br>• डान्सवार, डान्स रेष्टुराँ, मसाज पार्लरजस्ता व्यवसायको ६ पटक अनुगमन | • २७ जनालाई आर्थिक सहायता उपलब्ध गराउने व्यवस्था मिलाएको<br>• सूचना सन्देश प्रसारण<br>• र्‍याली आयोजना<br>• २५ पटक मा.वे. संबन्धी कानून जानकारी गराएको |
| २८. | नुवाकोट | - | - | • ९ पटक मानव बेचबिखन तथा ओसारपसारविरुद्धको ऐन,२०६४ को जानकारी<br>• मानव वेचविअन विरुद्धको जिंगल बजाएको |
| २९. | रसुवा | • समूदायमा सचेतना कार्यक्रम संचालन<br>• ३ किशोरीलाई केरुङ जानबाट राकी परिवारमा मिलन गराएको | • २ पटक जिल्ला स्तरीय बैठक सम्पन्न<br>• बोक्सीको आरोपबाट पीडित ३ जनालाई परिवारमा मिलन गराएको | • मानव बेचबिखन तथा ओसारपसार विरुद्ध मिडियनमा जानकारी |
| ३०. | धादिङ | • सडक नाटक, लोक दोहरी प्रतियोगिता,फ्लेक्स प्रकाशन र भेला छलफल | • ३ पटक जिल्ला स्तरीय बैठक सम्पन्न<br>• सडक नाटक, लोक दोहरी प्रतियोगिता,फ्लेक्स प्रकाशन र भेला छलफल<br>• ३ उ.मा.बि.मा अभिमुखीकरण | • समुदायमा आधारित भेला छलफल ७ पटक<br>• सूचनामूलकसन्देश उत्पादन<br>• रेडियो जिङ्गल प्रशारण |
| ३१. | मकवानपुर | • स्थानीय समितिको ३५ वटा बैठक<br>• मार्खु गाविसमा अन्तरक्रिया | • ७ पटक जिल्ला स्तरीय बैठक सम्पन्न<br>• १२ पटक अभिमुखीकरण कार्यक्रम<br>• २ वटा जिल्ला र स्थानीय समितिवीच अन्तरक्रिया | • विद्यालयमा आधारित मानब बेचबिखन तथा ओसारपसार विरुद्ध सचेतना ७ पटक कक्षा सञ्चालन<br>• महिला तथा बालबालिका कार्यालयबाट सञ्चालन गरिने विभिन्न तालिममा मानव बेचबिखन तथा ओसारपसार विरुद्ध ६०पटक कक्षा सञ्चालन गरेको<br>• ३७ जना बालकलाई अविभावकको सहमतीमा लामा पढाउने बाहानामा भारत लैजाने क्रममा फेला पारी परिवारमा पुनर्स्थापना गरिएको<br>• जनकपुर तथा महोत्तरीका ३ जना बालबालिकालाई होटल तथा वर्कसपमा काम लगाउने बाहानामा काठमाण्डौ जाने क्रममा ए.बि.सी. नेपालद्वारा सञ्चालित |

| | | | | |
|---|---|---|---|---|
| | | | | चेकपोष्टबाट फेला पारी परिवारमा पुनर्स्थापना गरेका<br>• ३ जना बालबालिकालाई होटलमा कामलगाउने बहानामा चितवन तथा हेटौंडा ल्याउने क्रममा सिविनको सूचनाका आधारमा इ.प्र.का. मनहरी तथा प्रहरी चौकी नामटारले फेला पारी महिला तथा बालबालिका कार्यालय, सिवीन तथा शेयर एण्ड केयरको रोहबरमा प्रहरी कार्यालयद्वारा परिवारमा पुनर्स्थापना गरेको<br>• रेडियो कार्यक्रम, पम्प्लेट तथा पोष्टर प्रकाशन |
| ३२. | रौतहट | – | • १ पटक जिल्ला स्तरीय बैठक सम्पन्न | – |
| ३३. | वारा | • घरदैलो सचेतना<br>• पोष्टर पम्प्लेटिङ्ग<br>• परामर्श | • ३ वटा जिल्ला स्तरीय बैठक सम्पन्न | |
| ३४. | पर्सा | • सचेतनासंबन्धी ४ कार्यक्रम<br>• मा.वे. रोकथामसंबन्धी ७ कार्यक्रम सञ्चालन गरिएको | • ३ पटक जिल्ला स्तरीय बैठक सम्पन्न | • पुनर्स्थापना कार्यक्रम<br>• सचेतनामूलक सामग्री उत्पादन र वितरण |
| ३५. | चितवन | • समितिको बैठक र स्थानीय तहमा समितिमार्फत निगरानी गर्ने गरिको | • ४ पटक जिल्ला स्तरीय बैठक सम्पन्न | • ७ गाँउ समितिको हभिमुखीकरण<br>• २ स्थानीय समितिलाई सामुदायिक परामर्श कार्यशाला तथा कार्ययोजना तर्जुमा<br>• सुरक्षाकर्मी र सवारीचालक तथा परिचालक र होटल तथा उद्योग व्यवसायी, सरोकारवालाहरुवीच सहकार्य प्रबर्द्धन कार्यशाला<br>• सन्देशमूलक सामग्री प्रकाशन र बितरण |
| ३६. | गोरखा | • घरदैलो कार्यक्रम<br>• पर्चा पम्प्लेट टाँस | • ३ पटक जिल्ला स्तरीय बैठक सम्पन्न<br>• रेडियो सन्देशमूलक प्रसारण र होर्डिङ्ग बोर्ड स्थापना | • होर्डिङ्ग बोर्ड स्थापना<br>• स्टिकर टाँस<br>• रेडियो सन्देश प्रशारण |
| ३७. | लमजुङ | अनौपचारिक छलफल गर्ने गरको | • ३ पटक जिल्ला स्तरीय बैठक सम्पन्न | • ३ वटा अभिमुखीकरण कार्यक्रम संचालन<br>• सचेतनामुलक सबै महिला कार्यक्रममा मा. वे. संबन्धी विषय समावेश गरिएको |
| ३८. | तनहुँ | • अन्य संस्थासंगको समन्वयमा सचेतना कार्यक्रम संचालन<br>• ३ चेलीलाई प्रहरीको सहयोगमा उद्धार | • ३ पटक जिल्ला स्तरीय बैठक सम्पन्न | • भिडियो बृतचित्रसमेत विद्यालयमा सचेतना कार्यक्रम<br>• लैंगिक हिंसाविरुद्ध अभियान कार्यक्रम संचालन<br>• मानवबेचबिखन विरूद्धको दिवस |

| | | | | |
|---|---|---|---|---|
| | | | | • ६ एफ्.एमबाट जनचेतना सन्देश प्रशारण<br>• सन्देशमुलक हाते पुस्तिका वितरण |
| ३९. | स्याङजा | – | – | – |
| ०४. | कास्की | • गाविसका विभिन्न वडाहरुमा सचेतना अभिवृद्धिको लागि अभिमुखीकरण, अनुशिक्षण कार्यक्रम<br>• दिवस मनाएको | • २० पटक जिल्ला स्तरीय बैठक सम्पन्न | • मानव बेचबिखनविरुद्ध ४ पटक सचेतना कार्यक्रम<br>• ७ पटक अभिमुखीकरण कार्यक्रम गरेको<br>• बार, रेष्टुरेण्ट, दोहोरीसाँझ अनुगमन गरी प्रतिवेदन सार्बजनिकरण<br>• बार, रेष्टुरेण्ट, दोहोरीसाँझ, मसाजपार्लर संचालकवीच अन्तरक्रिया<br>• ब्रोसर प्रकाशन र वितरण<br>• फलेसबोर्ड निर्माण र वितरण<br>• ४ एफ्.एमबाट जिंगल प्रशारण |
| ४१. | मनाङ | • सचेतना अभिबृद्धि कार्यक्रम गरेको | • ३ पटक जिल्ला स्तरीय बैठक सम्पन्न | • स्थानीय समिति गठन र अभिमुखीकरण २ पटक |
| ४२. | मुस्ताङ | • मानवबेचबिखन ५ गाविसमा सचेतना कार्यक्रम सञ्चालन | • ३ पटक जिल्ला स्तरीय बैठक सम्पन्न | • मानव बेचबिखन तथा ओसारपसार विरूद्धको २ स्थानमा अभिमुखीकरण<br>• सचेतनामूलक सन्देशप्रशारण |
| ४३. | म्याग्दी | • अन्तरक्रिया संचालन<br>• प्रचार प्रसार | • ३ पटक जिल्ला स्तरीय बैठक सम्पन्न<br>• विद्यार्थीहरूवीच मा.वे. संबन्धी वृतचित्र प्रदर्शन | • बिद्यार्थी बीच मानवबेचबिखनको अवस्था तथा समाधानबारे २ वटा अन्तरक्रिया<br>• २ वटा गाँस्तरीय अभिमुखीकरण<br>• जिंगल निर्माण तथा होर्डिङ्ग बोर्ड राखिएको |
| ४४. | पर्वत | • सचेतना अभिवृद्धिको कार्यक्रम सञ्चालन | • ३ पटक जिल्ला स्तरीय बैठक सम्पन्न<br>• कुर्घा र भोर्लेमा अभिमुखीकरण<br>• १ जनाको उद्धार | • स्थानीय समिसत गठन<br>• सामुदायिक परामर्श कार्यशाला गोष्ठी<br>• मा.वे.विरुद्ध २ वटा अभिमुखीकरण<br>• रेडियो तथा टीभीबाट चेतनामूलक सूचना प्रसारण र सामग्री प्रकाशन |
| ४५. | बाग्लुङ | • गाविस स्तरीय कार्यक्रमतथा बैठकहरुमा मानव बेचबिखन तथा ओसारपसार बारे छलफल तथा जानकारी गराएको | • ३ पटक जिल्ला स्तरीय बैठक सम्पन्न<br>• -याली तथा संचार माध्यमबाट प्रसार<br>• विभिन्न स्थानमा फ्लेक्स् प्रिन्ट राखिएको | • स्थानीय समिति गठन<br>• सहकारीमा सामुदायिक परामर्श कार्यशाला तथा योजना तर्जुमा<br>• ब्रोसर प्रकाशन तथा वितरण |
| ४६. | गुल्मी | • मानव बेचबिखन तथा ओसारपसारविरुद्ध सचेतना अभिबृद्धि कार्यक्रम एक | • २ पटक जिल्ला स्तरीय बैठक सम्पन्न<br>• विद्यालयमा बालबालिकाहरुवीच मानव बेचबिखन तथा लैङ्गिक हिंसा सम्बन्धी छलफल कार्यक्रम | • महिला दिदीबहिनी तथा परिवार सदस्यसंग ३ वटा अन्तरक्रिया<br>• जिंगल प्रशारण |
| ४७. | पाल्पा | • रामपुर र छहरामा मानव बेचबिखन विरूद्धको सचेतना कार्यक्रम | • ३ पटक जिल्ला स्तरीय बैठक सम्पन्न<br>• स्थानीय स्तरका समितिद्वारा सचेतना कार्यक्रम | • बिद्यालय स्तरको सचेतना कार्यक्रम<br>• मानवबेचबिखन विरूद्ध सचेतना, अन्तरक्रिया तथा |

| | | | | |
|---|---|---|---|---|
| | | • ३ जनालाई पुनर्स्थापना कोषबाट ७५००/ दिएको | • मानव बेचबिखन विरूद्ध अन्तरक्रिया, पम्प्लेट बितरणका, सन्देश प्रशारण तथा गाविसमा सचेतना कार्यक्रम | परिसंवाद कार्यक्रम<br>• स्थानीय एफएम, टेलीभिजन तथा पत्रपत्रिकाबाट सन्देश प्रसारण |
| ४८. | नवलपरासी | • समिति गठन<br>• अन्तक्रिया ३ पटक<br>• समूहमा छलफल | • ३ वटा जिल्ला स्तरीय बैठक सम्पन्न<br>• ३ गाविस छनौट<br>• समन्वय<br>• वेवारिसे महिलाको उद्धार | • गाउँ समितिको अभिमूखीकरण २ पटक<br>• सामूदायिक परामर्श कार्यशाला तथा कार्य योजना तर्जुमा<br>• १५ पटक गाँउ समितिको बैठक |
| ४९. | रूपन्देही | • समूहमा छलफल तथा प्रशिक्षण<br>• समूह, समिति र सदस्यहरुवीचमा प्रचारपसार | • ३ पटक जिल्ला स्तरीय बैठक सम्पन्न<br>• ७ समितिलाई अभिमुखीकरण<br>• माईति नेपालसंग मिली २८७ को उद्धार संरक्षण<br>• ७ वटा समितिमा अन्तरक्रिया<br>• ५ पुनर्स्थापना गृहसमेत अन्य होटल तथा सीमा नाकाको अनुगमन<br>• नेपाल तथा भारत सरोकारवालहरुवीच अन्तरक्रिया कार्यक्रम | • किशोरीहरूका लागि २ पटक अभिमुखीकरण<br>• मानव वे. तथा सुरक्षित बसाईसराई तालिम<br>• मानव वेचविखन विरुद्ध अन्तरक्रिया<br>• ३ वटा एफ.एम. बाट सन्देश प्रशारण<br>• स्थानीय पत्रिकाबाट सन्देश प्रकाशित<br>• ५,००० पम्प्लेट बितरण |
| ५०. | कपिलवस्तु | – | – | – |
| ५१ | अर्घाखाँची | • समितिको बैठक बस्ने गरेको<br>• तीज गीत प्रतियोगिता, -याली<br>• सूचना प्रवाह<br>• १ जनालाई पुनरमिलन गराएको | • ४ वटा जिल्ला स्तरीय बैठक सम्पन्न<br>• प्रचा छपाई र वितरण, -याली तथा एफएमबाट सचेतना कार्यक्रमसंचालन<br>• आमासंग थुनामा रहेकी एकजना शिशुको लागि भोजन र स्वास्थ्य सामग्री उपलब्ध गराएको<br>• विभिन्न कार्यक्रममा सहजीकरण | • मानव बेचबिखन विरूद्ध अभिमूखीकरण कार्यक्रम संचालन<br>• मा.विद्यालय स्तरीय वक्तृत्वकला,<br>• प्रचा वितरण,<br>• -याली तथा |
| ५२. | प्यूठान | • २ वटा वडा स्तरीय अभिमुखीकरण कार्यक्रम स)चालन | • ३ पटक जिल्ला स्तरीय बैठक सम्पन्न<br>• रेडियो अन्तरसंबाद कार्यक्रम संपन्न<br>• प्रहरीको सहयोगमा दिल्लीबाट ३ किशोरी फिर्ता | • २ गाविसमा स्थानीय समिति गठन<br>• २ वटा अभिमुखीकरण कार्यक्रम संचालन<br>• स्थानीय समितिलाई कार्यक्रम संचालन गर्न रकमसमेत सहयोग<br>• ब्रुसर छपाई तथा वितरण |
| ५३. | रोल्पा | • -याली, दिवसीय तथा स्थानीय स्तरमा अभिमुखीकरण कार्यक्रम गरेको | • ३ पटक जिल्ला स्तरीय बैठक सम्पन्न<br>• मानव बेचबिखन विरूद्ध सचेतनाको लागि ९० जनालाई तालिम प्रदान<br>• गाविसस्तरीय १ दिने अभिमुखीकरण | • समुदायमा आधारित ३ वटा अभिमुखीकरण कार्यक्रम<br>• फ्ल्याक्स प्रीन्ट<br>• गाविस र निग्रानी समूहलाई तालिम |
| ५४. | रूकुम | • मा.वे. तथा बालविवाह बारे जनचेतना अभिमुखीकरण कार्यक्रम गरेको | • ३ पटक जिल्ला स्तरीय बैठक सम्पन्न<br>• वाल पेन्टिङ्ग, ब्रोसर प्रकाशन<br>• सहकारी संस्थामा कार्यशाला गोष्ठी तथा तालिम | • मानव बेचबिखन तथा ओसारपसार विरूद्ध २ गाविसमा समिति गठन गरी अनुशिक्षण दिइएको<br>• मानव बेचबिखन तथा ओसारपसार विरूद्धको गाविस |

| | | | | |
|---|---|---|---|---|
| | | | • स्थानीय रेडियोबाट प्रशारण | स्तरीय कार्यशाला गोष्ठी<br>• जिल्ला समितिको बैठक संचालन<br>• वाल पेन्टिङ्ग, ब्रोसर प्रकाशन<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण विरूद्ध रेडियो सन्देश कार्यक्रम प्रशारण |
| ५५. | सल्यान | - | • ३ पटक जिल्ला स्तरीय बैठक सम्पन्न<br>• स्थानीय समितिको अनुगमन | • २ वटा स्थानीय समिति गठन<br>• स्थानीय समितिलाई अभिमुखीकरण<br>• होर्डिङ्गबोर्ड स्थापना |
| ५६. | दाङ | • लोहारपानी गाविसमा बाल विबाहबारे सचेतना कार्यक्रम गरेको<br>• हासीपुर गाविसमा सडक नाटक<br>• पञ्चकुले गाविसमा गुडिया तालिम<br>• विभिन्न दल, सञ्जाल तथा समितिका पदाधिकारीहरुलाई अभिमुखीकरण | • ३ पटक जिल्ला स्तरीय र गाविसमा ३० पटक बैठक सम्पन्न<br>• हाँसीपुर, लोहारपुर र राजपुरमा वडा नागरिक मञ्च र बाल क्लवलाई सचेतना कार्यक्रम | • विद्यालय स्तरीय मानव बेचबिखन विरूद्ध तथा बाल विवाह न्युनिकरण सम्बन्धी ५ पटक सचेतना कार्यक्रम<br>• समुदाय स्तरीय मानव बेचबिखन विरूद्ध तथा बाल बिवाह न्युनिकरण सम्बन्धी १ पटक सचेतना कार्यक्रम<br>• १ पटक अन्तरक्रिया<br>• ब्रोसर प्रकाशन र रडियोमा सन्देशप्रशारण |
| ५७. | बाँके | • सचेतना अभिबृद्धिसम्बन्धी सडक नाटक, -याली आयोजना<br>• १० गाविसमा बेचबिखन विरूद्ध अनुशिक्षण<br>• ३ वटा विद्यालय स्तरीय अन्तरकिया<br>• प्रहरीको सहयोगमा ५ जनाको उद्धार<br>• पीडित/प्रभावितको उद्धार तथा संरक्षण सम्बन्धी अभिमुखीकरण | • ९ पटक जिल्ला स्तरीय बैठक सम्पन्न<br>• सचेतना सन्देशसमेत क्यालेन्डर प्रकाशन र वितरण<br>• भारतबाट २ बालककोउद्धार<br>• ४ महिलालाई सिलाई मेशिन प्रदान<br>• बोर्डरमा निगरानी बढाउन समन्वय<br>• नाकामा रहेका बुथको अनुगमन | • संस्थाका ३० अध्यक्षहरुलाई मा.वे.विरुद्ध जानकारी<br>• गाउँ स्तरीय महिला समितिलाई कक्षा संचालन<br>• वैदेशिक रोजगारीमा जाने १३० महिला र किशोरीहरूलाई वेचविखनबारे जानकारी<br>• निगरानी समूहका २३० सदस्यलाई तालिम<br>• ३० स्थानीयसमितिको बैठक<br>• ७ स्थानीय समितिको पुनरगठन<br>• ७ स्थानीय सर्मितिलाई अभिमुखीकरण<br>• गाविस सचिवहरुवीच अन्तरक्रिया<br>• ३० रिक्सा चालक र प्रहरीहरूलाई तालिम<br>• पोष्टर,पम्प्लेट, रक्यालेन्डर वितरण<br>• २ गाविस भेलामा बेचबिखन विरूद्धको जानकारी |
| ५८. | बर्दिया | • सचेतनाको लागि, ऱ्याली, दिवस र अन्तरक्रिया सञ्चालन | • ४ पटक जिल्ला स्तरीय बैठक सम्पन्न<br>• सन्देश प्रकाशन र ¥याली | • ७ स्थानीय समिति गठन<br>• २ पटक नेपाल भारत प्रतिनिधिवीच बोर्डर मिटिङ्ग<br>• ४ एफएमबाट सन्देश प्रसारण<br>• मानव बेचबिखन सम्बन्धी पोष्टर प्रकाशन |
| ५९. | सुर्खेत | • ८ स्थानमा सचेतना कार्यकम<br>• मा.वे. परिचयपन्ना प्रकाशन<br>• २ जना उद्धार | • ४ पटक जिल्ला स्तरीय बैठक सम्पन्न<br>• एक दिने अन्तरकिया कार्यकम | • स्थानीय समिति गडन<br>• विद्यालय आधारित कार्यकम ५ पटक<br>• ब्रोसर छपाई |

| | | | | |
|---|---|---|---|---|
| ६०. | दैलेख | • गाँउ समितिको अभिमुखीकरण | • ७ पटक जिल्ला स्तरीय बैठक सम्पन्न | • सामुदायिक परामर्श कार्यशाला<br>• सन्देशमूलक सामग्रीप्रकाशन |
| ६१. | जाजरकोट | • मानव बेचबिखन विरूद्ध सचेतना अभिबृद्धि | • २ पटक जिल्ला स्तरीय बैठक सम्पन्न<br>• विद्यालयस्तरमा बालबालिकासंग छलफल | • विद्यालय स्तरको ३ वटा अन्तरक्रिया कार्यक्रम<br>• समुदाय स्तरको ४ वटा अन्तरक्रिया कार्यक्रम<br>• मानव बेचबिखन विरूद्धको जिंगल प्रशारण |
| ६२. | डोल्पा | – | – | – |
| ६३. | जुम्ला | • गाँउ स्तरीय जनचेतना संचालन<br>• एक जना भारतबाट उद्धार | • ३ पटक जिल्ला स्तरीय बैठक सम्पन्न | • विद्यालयविमूख किशोरी र आधारभूत गरी २ वटा तालिममा १२० जनालाई मा.वे. समेत तालिम संचालन<br>• मानव वेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी जिङ्गल प्रसारण<br>• पत्रपत्रिकामार्फत सचेतनामूलक सन्देश प्रकाशन |
| ६४. | कालिकोट | बैठकमा छलफल | • ३ पटक जिल्ला समितिको बैठक<br>• सचेतना, परामर्श र समन्वयात्मक कार्य<br>• गाँउ समितिमा बोर्ड राखेको | • विद्यालयमा सचेतना कार्यक्रम<br>• मानव बेचबिखन सम्बन्धी अभमुखीकरण कार्यक्रम<br>• एफएमबाट सन्देश प्रसारण<br>• सडक नाटक प्रदर्शन |
| ६५. | मुगु | • गाउँ समितिलाई अभिमुखीकरण कार्यक्रम | • ३ पटक जिल्ला स्तरीय बैठक सम्पन्न<br>• सचेतना सम्बन्धी गाउँस्तरीय अभिमुखीकरण कार्यक्रम<br>• स्थानीय संस्थाहरुवीच समन्वय | • ३ वटा जनचेतनामूलक कार्यक्रम संचालन<br>• रेडियो जिङ्गल प्रशारण गराएको<br>• स्थानीय समिति गठन र बैठक सञ्चालन |
| ६६. | हुम्ला | • चाईना बोर्डरमा सचेतना कार्यक्रम संचालन गरेको | • एक पटक जिल्ला स्तरीय बैठक सम्पन्न<br>• डाँडा फाया गाविसका मा.वे. पीडितको उद्धार र पुनर्मिलन कार्यमा सहयोग | • डाँडाफाया गाविसका ४ र जैर गाविसका ३ गरी ७ बालबालिकाहरुलाई मा.वे. हुनबाट उद्धार गरी पारिवारिकमिलन गराएको<br>• आधारभूत ३० जना तथा समुदायमा आधारित संरक्षण तालिम ३० गरी ६० जनालाई तालिम<br>• कैलाश एफएमबाट सन्देश प्रशारण |
| ६७. | बाजुरा | • मानव बेचबिखन रोकथामको उपायबारे सचेतनामूलक कार्यक्रम सञ्चालन गरेको<br>• मानव वेचविखनविरुद्धको दिवस मनाएको | • ३ पटक जिल्ला स्तरीय बैठक सम्पन्न | • गाउँस्तरीय समितिलाई अभिमुखीकरण |
| ६८. | बझाङ | • बालविवाह तथा चेलीबेटी बेचविखन रोकथामसंबन्धी अन्तरकिया गरेको | • ३ वटा जिल्ला स्तरीय बैठक सम्पन्न<br>• गाउँ समिति गठन गर्न गाविसछनौट गरेको<br>• कार्यक्रम संचालन गर्न गाउँ समितिलाई रकम प्रदान गरेको | - |

| | | | | |
|---|---|---|---|---|
| ६९. | अछाम | - | • ३ पटक जिल्ला स्तरीय बैठक सम्पन्न | • गा.बि.स.समिति अभिमुखीकरण<br>• मानव बेचबिखन अन्त्यका लागि सामुदायिक परामर्श कार्यशाला तथा कार्य योजना तर्जुमा<br>• स्थानीय समिति गठन |
| ७०. | डोटी | • सचेतना अभिबृद्धि कार्यक्मबारे बैठक<br>• मा.वे. रोकथामबारे छलफल | • मा ३ वटा जिल्ला स्तरीय बैठक सम्पन्न | • स्थानीय समिति गठन<br>• दिवश समारोहबाट सन्देश र प्रतिबद्धता, -याली, गीत<br>• स्थानीय एफ्.एम.बाट प्रशारण |
